१२ पूर्णाङ्क

# पूर्णिमा

संशोधन–मण्डल



तदिह न गुणदोषौ योजनीयावलीकौ
कथमपि महता यत्संस्कृतोऽयं श्रमेण ।

—बापूदेव शास्त्री

[ धेरै मिहिनेत गरी यो तयार गरिएको छ । त्यस कारण यहाँ झूटो गुण अथवा दोष नलाइदिनुहोला । ]

# पूर्णिमा

३ वर्ष ४ अङ्क

[ इतिहास-प्रधान त्रैमासिक पत्रिका ]


सम्पादक—
गौतमवज्र वज्राचार्य
महेशराज पन्त

प्रकाशक तथा प्रबन्धक-
धनवज्र वज्राचार्य
(संशोधनमण्डलद्वारा)

सहयोगीहरू—
रामजी तेवारी
देवीप्रसाद भण्डारी
शङ्करमान राजवंशी
दिनेशराज पन्त

# विषयसूची


| | | | |
|---|---|---|---|
| | | | पृष्ठ |
| १. | लिच्छविकालमा चलेको पाञ्चाली (पञ्चायत) शासनपद्धतिको परिचय | —धनवज्र वज्राचार्य | १–१६ |
| २. | सिद्धिनरसिंह मल्लभन्दा अगाडिका पाटनका शासकहरूका केही ताडपत्र | —शङ्करमान राजवंशी | १७–२२ |
| ३. | अप्रकाशित थ्यासफु | —गौतमवज्र वज्राचार्य | २२–३९ |
| ४. | श्री ५ पृथ्वीनारायण शाहको समयका निश्चित संवत् र तिथिमितिहरू | —देवीप्रसाद भण्डारी | ३९–४४ |
| ५. | वीर भक्ति थापा | —महेशराज पन्त | ४५–५९ |
| ६. | दैवज्ञशिरोमणि लक्ष्मीपति पाँडेका परिवार | —दिनेशराज पन्त | ६०–७० |
| ७. | दैवज्ञशिरोमणि लक्ष्मीपति पाँडेले बनाएको रत्नदीप | —रामजी तेवारी | ७१–७७ |
| ८. | जनरल केसरशमशेरको ज्यौतिष–विषयको अध्ययनमा रुचि | —नयराज पन्त | ७८–८८ |
| ९. | त्रिकोणमिति (ज्योत्पति) | —नयराज पन्त | ८९–१०५ |
| | हाम्रो वक्तव्य | | १०६–११० |

# लिच्छविकालमा चलेको पाञ्चाली (पञ्चायत)-शासनपद्धतिको परिचय

**–धनवज्र वज्राचार्य**

लिच्छविकालको शासनव्यवस्थाको विशिष्टतामध्ये पाञ्चाली (पञ्चायत) पद्धति पनि एक हो। त्यस वेला चलेको पाञ्चाली–शासन–पद्धतिबारे खुलस्त रूपमा बुझ्ने साधन प्राप्त भइसकेको छैन तापनि अहिले पाइएका अभिलेखहरूमा फाटफुट उल्लेख भएका यस विषयका कुराबाट यस पद्धतिको सामान्य आकार प्रकारसम्म हामी राम्ररी बुझ्न सक्छौं। यस कारण यस विषयमा विचार गर्नु आवश्यक संझेको छु।

संवराज्यको परम्परामा हुर्केका लिच्छवि वृजि आदिको निकै बसोबास यहाँ भएको र तिनको सहवास पाएका हुनाले त्यस वेला यहाँका बासिन्दाहरू छुट्टाछुट्टै जीवन बिताउनुभन्दा परस्परमा मिली एउटा संघट्टनको अन्तर्गत रही जीवन बिताउन अभ्यस्त बनेका थिए। आवश्यक काम कुरा मिली गर्ने, मिलेर रहने यही भावना पाञ्चाली–शासन–पद्धतिको आधार बनेको थियो।

## 'पाञ्चाली' शब्दको व्युत्पत्ति

'पञ्च' शब्द र 'आली' शब्द मिलेर 'पाञ्चाली' यो शब्द बनेको छ। पाँच जना वा पाँचभन्दा बढी व्यक्तिसमूहलाई बुझाउनुपर्दा पञ्च शब्दको प्रयोग हुन्छ। आली शब्दले सीमा (इलाका)लाई बुझाउँछ। लिच्छविकालका अभिलेखमा सीमा (इलाका) भन्ने अर्थमा आली शब्दको प्रयोग ठाउँ ठाउँमा भएको पाइन्छ। उदाहरणार्थ पशुपति वज्रघरको नरेन्द्रदेवको अभिलेख (भगवान्लाल १३ संख्या, नोली ७३ संख्या) लाई देखाउन सकिन्छ। त्यहाँ भिक्षुसंघलाई दिएको गाउँको चारकिल्ला खुलाउँदा पश्चिमपट्टिको सीमा भन्नालाई पश्चिमाली दक्षिणतिरको सीमा भन्नालाई दक्षिणाली, पूर्वपट्टिको सीमा भन्नालाई पूर्वाली शब्दको प्रयोग गरिएको छ। जस्तै–

"……अयङ्ग्रामः…श्रीशिवदेवविहारे चतुर्दिगार्यभिक्षुसङ्घायास्माभिरतिसृष्टः सीमा चास्य…… सर्वापरिपक्षेत्रपश्चिमाल्या दक्षिणङ्गत्वा पृच्छिब्रूदक्षिणेश्वराम्बुतीर्थक्षेत्राणां सन्धिः ततश्च…मित्तम्ब्रूपूर्वाल्या दक्षिणमनुसृत्य तत्सर्वदक्षिणाल्याःपश्चिमङ्गत्वा किञ्चिदुत्तरञ्च ततः…ह्मुप्रिम्पाञ्चालिकाक्षेत्रपश्चिमाल्या दक्षिणमनुसृत्य…उत्तरपूर्वकोणे ह्मुप्रिङ्गामी बृहत्पथः……"

[ …श्रीशिवदेवविहारमा चारैतिरबाट आइबसेका आर्यभिक्षुको संघलाई हामीबाट यो गाउँ दान दिइएको छ। यसको चारकिल्ला…सर्वापरिप खेतको पश्चिम आली (सीमा) बाट दक्षिण-तिर लागी, पृच्छिब्रू दक्षिणेश्वर र अम्बुतीर्थ खेतको दोसाँध, त्यताबाट पनि…मित्तम्ब्रूको पूर्व

आलीबाट दक्षिणतिर लागी त्यही सर्व (खेत) को दक्षिण आलीबाट पश्चिम र केही उत्तरतिर लागी त्यताबाट…ह्यु प्रिङ् पाञ्चालिकाको खेतको पश्चिम आलीबाट दक्षिण लागी…उत्तरपूर्व कुनामा ह्यु प्रिङ् जाने मूल बाटो… ]

यसबाट आलीशब्दले सीमालाई बुझाउँथ्यो भन्ने थाहा पाइन्छ❁ । यसै अर्थअनुसार 'पञ्चको सीमा (इलाका)' भन्ने अर्थमा 'पाञ्चाली' शब्द बनेको छ । 'पाञ्चाली' शब्दले निश्चित इलाका-लाई बुझाउने हुनाले फलाना पाञ्चालीका बासिन्दा भनी सम्बोधन गरिएको उल्लेख पाइन्छ । जस्तै–

"…भट्टारकमहाराजश्रीशिवदेवः कुशली आङ्लाबकसपितानरसिंहोभयपाञ्चालीनिवासिनो यथाप्रधानङ्ग्रामकुटुम्बिनः कुशलमाभाष्य समाज्ञापयति विदितम्भवतु भवतां…श्रीमहासामन्तांशुवर्म्मणा युष्मद्धितविधानाय विज्ञापितेन मयैतद्गौरवाद्युष्मदनुकम्पया च कुथेर्वृत्त्यधिकृतानां समुचितस्त्रिकर-मात्रसाधनायैव प्रवेशो लेख्यदानपश्चापराधादिनिमित्तन्त्वप्रवेश इति प्रसादो वः कृतः…

(बूढानीलकण्ठको भगवान्लाल ५ संख्या, नोली २७ संख्याको अभिलेखबाट)

[ …गाथमा आराम रहेका गद्दीनशीन महाराज श्रीशिवदेवबाट आङ्लाबकसपिता, नरसिंह दुवै ठाउँका पाञ्चालीमा बस्ने मुखियालगायत गाउँका गृहस्थीहरूलाई कुशल मङ्गल सोधेर आज्ञा भएको छ ।…तिमीहरूको हित होस् भनी श्रीमहासामन्त अंशुवर्माले हाम्रा हजुरमा विन्ति चढाउँदा यिनको कुरा राख्न र तिमीहरूका उपरको दयाले पनि (यहाँ तिमीहरूको गाउँमा) कुथेर्अड्डाका अधिकारीहरूले तीन रकम उठाउनाका लागि मात्र पस्नु योग्य छ, पुर्जी काट्ने र पञ्चखतको तहकीकात गर्ने आदि कामको निमित्त चाहिं नपस्नू भनी तिमीहरूलाई निगाह गरिएको छ । ]

यसै अर्थको आधारमा पञ्चको निश्चित इलाकाको बन्दोबस्त गर्ने 'पञ्चहरूको सभा' भन्ने अर्थमा पनि 'पाञ्चाली' शब्द रूढ भएको छ ।

---

❁ जग्गासम्बन्धी कुरा परेका शाहकालका लालमोहर, ताम्रपत्र आदिमा जग्गाको चार किल्ला खुलाउँदा पूर्व फलानो खेतको आली सांध, दक्षिण फलानो खेतको आली सांध भन्ने उल्लेख भएको पाइन्छ । जस्तै—

"…श्रीरणभुवनेश्वरलाई गुठी राषना निमित्य…बक्स्याको षेत १।…तस्को साध… दक्षिण सिलवालको जफति षेत्को आलि साँध लुहकिल उत्तर रैकर षेतको आलि साँध लुहकिल…"

(श्री ५ राजेन्द्रबाट काजी रणजोर थापालाई गरिदिएको लालमोहरबाट । योगी नरहरिनाथद्वारा सम्पादित 'बृहत्सन्धिपत्रसंग्रह' ३२३ पृष्ठ )

आली शब्दले 'खेतको सिमाना छुट्ट्याउनाका निम्ति बनाइएको डील' लाई कहन्छ । (रामचन्द्र ढुङ्गानाको 'संक्षिप्त नेपाली कोश' हेर्नुहोस् ।) नेपाली भाषामा अहिलेसम्म प्रचलित यस 'आली' शब्दको सम्बन्ध लिच्छविकालको 'आली' शब्दसंग छ भन्ने देखिन आउँछ ।

## ग्राम–पाञ्चाली

लिच्छविकालमा शासन व्यवस्थित रूपमा चलाउन ग्राम, तल, द्रङ्गको रूपमा स्थानविभाजन गरिएको थियो तथा शासनाधिकार मूल (केन्द्र) मा मात्र सीमित नराखी स्थानीय जनतालाई पनि केही मात्रामा सुम्पिएको थियो । यसरी त्यस बेला स्वायत्त शासनलाई प्रश्रय दिइएको थियो❀ । यसो हुनाले प्रत्येक ग्राममा आइपरेका आवश्यक काम कुरा चलाउन एउटा व्यवस्था आवश्यक हुनु स्वाभाविक थियो । ग्रामसम्बन्धी यो आवश्यकताको पूर्ति 'पाञ्चाली' नामक स्थानीय 'पञ्चहरूको सभा'ले गर्दथ्यो । यसो हुनाले प्रत्येक ग्राममा 'पाञ्चाली' रहेको हुन्थ्यो । यस कुराको पुष्टि तात्कालिक अभिलेखमा प्रसङ्गवश आएको अनेकन पाञ्चालीहरूको उल्लेख र तिनले गरेको काम कारवाईले गर्दछ ।

'यूपग्राम' (वर्तमान ललितपुर)ले आबादी बढी एक किसिमको शहरको रूप लिएको हुनाले 'यूपग्राम' 'द्रङ्ग' बनेको थियो । यसो हुनाले 'यूपग्राम'भित्र अनेक पाञ्चाली रहन गएका थिए । यो कुरा पाटन मीननाथको अभिलेख (भगवान्लाल १४ संख्या, नोली ८० संख्या) बाट हामी थाहा पाउँछौं । त्यहाँ तेग्वल★ यूग्वल गीग्वल आदि पाँचवटा पाञ्चालीको उल्लेख परेको छ–

"···तिलमकसम्बद्धं कार्यञ्च यदा उत्पद्यते (तदान्तरासने)नैव विचार्य निर्णतव्यं तिलमकश्च सप्तधा विभज्य परिभोक्तव्यो गीग्वलपाञ्चालिकैरेको भागो ग्राह्यो जाज्जेपाञ्चालिकैरेको भागस्ते-ग्वलपाञ्चालिकैरेको भागो यूग्वल्पाञ्चालिकैस्त्रयो भागा –ल्लपाञ्चालिकैस्त्वेको भाग इति"

[ जब यो तिलमक(कुलो)सम्बन्धी मुद्दामामिला उठ्नेछ, तब (राजाले आफैं) भित्री इजलासमा छानबीन गरेर छिन्नुपर्छ । कुलोको सात भागलाई भोग चलन गर्नू । गीग्वलका पाञ्चालिकहरूले एक भाग, जाज्जेका पाञ्चालिकहरूले एक भाग, तेग्वलका पाञ्चालिकहरूले एक भाग, यूग्वलका पाञ्चालिकहरूले तीन भाग, –ल्लका पाञ्चालिकहरूले एक भाग लिनू । ]

यहाँ अरू ठाउँका पाञ्चालिकहरूले कुलोको एक एक भाग मात्र चलन गर्न पाउने, यूग्वलका पाञ्चालिकहरूले चाहिं तीन भाग चलन गर्न पाउने व्यवस्था भएको हुनाले अरूभन्दा यूग्वल पाञ्चालीको इलाका ठूलो थियो भन्ने बुझिन्छ । पाञ्चालीहरूको इलाका निश्चित हुन्थ्यो । यसो हुनाले आफ्नो इलाकाको हितको लागि तत् तत् पाञ्चालीले दावी गर्ने हुनाले कहिलेकहीं कलह उठ्तथ्यो । त्यस्तो वेला यसको छानबीन सोझैं राजाको भित्री इजलासमा हुन्थ्यो भन्ने कुरा यस अभिलेखबाट बुझिन्छ ।

---

❀ 'पूर्णिमा' १० पूर्णाङ्कका ९–१७ पृष्ठ तथा ११ पूर्णाङ्कका ३–६ पृष्ठ हेर्नुहोस् ।

★ ललितपुर त्यागलटोलको रुद्रदेव भोजदेवको पालाको वि. सं. १०६९ को अभिलेख (अभिलेख-संग्रह ९ भागमा प्रकाशित) मा पनि 'तेग्वल' को उल्लेख आएको छ । यसबाट 'तेग्वल' वर्तमान 'त्यागल' को पूर्वरूप हो भन्ने थाहा पाइन्छ ।

ललितपुरभेकका अभिलेखमा यीबाहेक अरू अनेक पाञ्चालीको उल्लेख आएको छ ।

दक्षिणकोलीग्राम (वर्तमान कान्तिपुरको दक्षिण भाग) पनि द्रङ्ग बनेको थियो । त्यहाँ पनि अनेक पाञ्चाली कायम भएका थिए । यस कारण यङ्गालहिटीको अभिलेख (नोली ५८ संख्या) मा "…दक्षिणकोलीग्रामनिवासिनो…सर्वपाञ्चालीकुटुम्बिनः = दक्षिणकोली ग्राममा बस्ने…सबै पाञ्चालीभित्रका गृहस्थीहरूलाई" भन्ने उल्लेख परेको छ । दक्षिणकोलीग्राम अन्तर्गत रहेका यी पाञ्चालीमध्ये एउटाको नाउँ 'गीटापाञ्चाली' थियो (भगवान्लाल १० संख्या, नोली ५२ संख्याको अभिलेख हेर्नुहोस्) ।

जुन ठाउँको 'पाञ्चाली' हो, त्यही ठाउँको नाउँले सो 'पाञ्चाली'को नामोल्लेख गर्ने चलन थियो । जस्तै पाटन च्यासलटोलको अभिलेख (लेभी १८ संख्या नोली ७९ संख्या) मा लोप्रिङ ग्रामको पाञ्चालीलाई लोप्रिङपाञ्चाली भनिएको छ । त्यस अभिलेखमा पुनुपाञ्चाली, रेटापाञ्चालीको पनि उल्लेख भएको छ । पाटन सुनधाराको अभिलेख (बेण्डाल २ संख्या, नोली ३८ संख्या) मा माटिङ ग्रामको पाञ्चालीलाई 'माटिङ्ग्रामपाञ्चाली' भनिएको छ । यसै गरी नरसिंहपाञ्चाली, भृङ्गारेश्वरपाञ्चाली, जोलिप्रिङपाञ्चाली आदि नामकरण भएको पाइन्छ ।

## पाञ्चालीको संघट्टन

प्रत्येक पाञ्चालीमा अनेक सदस्य हुन्थे । ती सदस्य पाञ्चालिक कहलाउँथे । पाञ्चालिक कसरी बनाइन्थे भन्ने कुरा पत्ता लाउन सकिएको छैन । तर पाञ्चालीको संघट्टन नियमपूर्वक हुन्थ्यो, पाञ्चालीसम्बन्धी नियम ताम्रपत्रमा लेखिराखिएको हुन्थ्यो, पाञ्चालीमा केही सदस्यको नियुक्ति राजाद्वारा गरिन्थ्यो भन्ने कुराको स्पष्ट संकेत देउपाटन कसाईटोलको अभिलेखबाट हामी पाउँछौं । त्यहाँ लिच्छवि राजा नरेन्द्रदेवले ताम्रपत्रमा लेखिएको व्यवस्थाको आधारमा नवगृह (देउपाटनभेकको बस्ती) को पाञ्चालीमा वृजिकरथ्याका बासिन्दा मधुसूदन स्वामीलाई सदस्यका रूपमा नियुक्त गरेको उल्लेख परेको छ । त्यहाँका वाक्य यस प्रकारका छन्–

"…महाराजाधिराजश्रीनरेन्द्रदेवः…समाज्ञापयति…नवगृह…स्थितिमर्यादोपपन्नत्वं…प्रसादः कृतः…कैश्चिदपि नवगृहम्प्रविश्याल्पतरापि बाधा न कर्तव्या…इह यत्किञ्चिन्महत्कार्यमुत्पद्यते तच्च स्वयम्पाञ्चालिकैर्निर्णेतुन्न शक्यते तदा तदन्तरासनेन विचारयितव्यं…या च व्यवस्था ताम्रशासने लिखिताभूत्तयैव व्यवस्थया वृजिकरथ्यानिवासी मधुसूदनस्वामी पाञ्चालिकसामान्य इति"

(नोली ६८ संख्या, पूर्णिमा ६ अङ्कमा पाठ अलि बढी पढी यो फेरि छपाइएको छ ।)

[…महाराजाधिराज श्रीनरेन्द्रदेवले…आज्ञा गर्नुभएको छ ।…नवगृहको स्थितिबन्धेज बाँध्ने काम गरी अनुग्रह गरिएको छ ।…कसैले पनि नवगृहमा पसेर अलिकता पनि दुःख दिनु हुँदैन ।…यहाँ नवगृहमा कुनै ठूलो मुद्दामामिला आइपर्दा पाञ्चालिकहरूले त्यसको छिनफान गर्न सकेनन् भने त्यस वेला (आफैं राजाबाट) भित्री इजलासमा त्यसको विचार गर्नुपर्छ ।…

सनद ताम्रपत्रमा जुन व्यवस्था लेखिएको थियो, त्यही व्यवस्थाअनुसार वृजिकरथ्यामा बस्ने मधुसूदन स्वामी पाञ्चालिकका समानाधिकारी (पाञ्चालीका सदस्य) बनाइएका छन् ।]

यताबाट पाञ्चालीको सघट्टन नियमपूर्वक हुन्थ्यो भन्ने सिद्ध हुन्छ ।

यङ्गालहिटीको अभिलेख र भृङ्गारेश्वरको अभिलेखबाट ब्राह्मणलगायत विभिन्न जातका व्यक्ति पाञ्चालीका सदस्य हुन्थे. तिनमा प्रधान (मुखिया) पनि हुन्थे भन्ने थाहा पाइन्छ–

"····श्रीजिष्णुगुप्तः कुशली दक्षिणकोलीग्रामनिवासिनो ब्राह्मणप्रधानपुरःसरान् सर्वपाञ्चाली-कुटुम्बिनः कुशलमभिधाय समाज्ञापयति विदितम्भवतु भवतां यो युष्माकम्मल्लकरः पूर्वराजभि-श्चतुर्भिस्ताम्रिकपणैः प्रतिमुक्तोभूदस्माभिः···(प) णाः प्रतिमुक्ताः'

(यङ्गालहिटीको नोली ५८ संख्याको अभिलेखबाट)

[···गाथमा आराम रहेका श्रीजिष्णुगुप्तले दक्षिणकोलीग्राममा बस्ने ब्राह्मण, मुखियालगायत सबै पाञ्चालीभित्रका गृहस्थीहरू (पाञ्चालीका सदस्य र अरू बासिन्दाहरू) लाई कुशलमङ्गल सोधेर आज्ञा गर्नुभएको छ । पहिलेका राजाहरूबाट तिमीहरूलाई मल्लकरमा चार तामाका पण माफी दिइएको थियो । हामीबाट (अहिले) ···पण माफी दिइएको छ । यो कुरा तिमीहरूलाई थाहा होस् ।]

भृङ्गारेश्वरको अभिलेख (नोली ७८ संख्या) मा "ब्राह्मणपुरस्सराणां च पाञ्चालिकानां = ब्राह्मणलगायत पाञ्चालिकहरूको" भन्ने उल्लेख परेको छ ।

## पाञ्चालीको कार्य र अधिकार

पाञ्चालीको काम मुख्य गरी दुइ किसिमका देखिएका छन् । पाञ्चालीको पहिलो काम आफ्नो इलाकामा भएका झैझगडा मिलाइदिने, मुद्दामामिला छिनी दण्ड गर्ने आदि हुन्थ्यो । पाञ्चालीको अर्को काम आफ्नो इलाकाको जनताको हितका लागि कुलो पानीको बन्दोवस्त गर्नु, पाटी पौवा देवमन्दिरको निर्माण र तिनको हेरचाह गर्नु आदि सार्वजनिक काम हुन्थ्यो ।

पाञ्चालीले छिन्न नसकेको मुद्दा माथिलो तहमा जान्थ्यो र सम्बद्ध अधिकरण (सरकारिया अड्डा) द्वारा ती मुद्दा छिनिन्थे● । केही मुद्दा सोझै राजाको भित्री इजलासमा जान्थे र राजाको देखरेखमा त्यस्ता मुद्दा छिनिन्थे । मुद्दामामिलामा दण्ड गर्दा उठेको रकममध्ये केही पाञ्चालीले पाउँथ्यो ।

राजाले कुनै काम लाउँदा पाञ्चालीमार्फत जनताले गर्दथ्यो । त्यस्तो काम गरिदिने, जनहितको काम गर्ने पाञ्चालीउपर राजाबाट कर माफी आदि अनुग्रह गरिन्थ्यो ।

पाञ्चालीको सन्मानस्वरूप तिनले पाउने रकम सरकारद्वारा निश्चित गरिएको हुन्थ्यो ।

अब यी सब कुरा राम्ररी बुझ्न केही अभिलेखको उद्धरणसाथ विचार गर्नुपरेको छ ।

आफ्नो इलाकामा परेका मुद्दामामिला छिन्ने काम पाञ्चालीका सदस्यहरूले गर्दथे भन्ने कुराको स्पष्ट उल्लेख नरेन्द्रदेवको माथि उद्धृत देउपाटन कसाईटोलको अभिलेखमा आएको छ । त्यहाँ परेको––

● तल उद्धृत पशुपति गणेशस्थानको अभिलेख (भगवान्लाल ७ संख्या, नोली ४१ संख्या) बाट पश्चिमाधिकरणको काम मुद्दामामिला हेर्ने थियो भन्ने थाहा पाइन्छ ।

"इह यत्किञ्चिन्महत्कार्यमुत्पद्यते तच्च स्वयम्पाञ्चालिकैर्निर्णेतुन्न शक्यते तदा तदन्तरासनेन विचारयितव्यं = यहाँ नवगृहमा कुनै ठूलो मुद्दामामिला आइपर्दा पाञ्चालिकहरूले त्यसको छिनफान गर्न सकेनन् भने त्यस बेला (आफैं राजाबाट) भित्री इजलासमा त्यसको बिचार गर्नुपर्छ ।"

यस वाक्यबाट आफ्नो इलाकामा परेका मुद्दामामिला पाञ्चालिकहरूले नै छिन्दथे, पाञ्चालिकहरूले छिन्न नसक्ने कुनै ठूलो मुद्दा आइपऱ्यो भने मात्र त्यो मुद्दा माथिल्लो तहमा जान्थ्यो भन्ने स्पष्ट बुझिन्छ । यस कुराको पुष्टि अरू अभिलेखबाट पनि हुन्छ । नक्साल नारायणचौरको अभिलेख (लेभी २१ संख्या, नोली ८३ संख्या) मा र ज्ञानेश्वरको अभिलेख (अभिलेख–संग्रह ५ भागमा प्रकाशित) मा मुद्दा मामिला छिन्नेबारेका कुरा परेका छन् । परन्तु दुर्भाग्यले ती अभिलेख खण्डित छन् । तैपनि बचेको भागबाट केही कुरा बुझ्न सकिन्छ । ज्ञानेश्वरको अभिलेखको अलिकता अंश यस प्रकारको छ—

"···सीमापरिच्छिन्नस्यास्य स्थानस्य···विधारणादिपीडाहेतोर्न कैश्चिद··· ···पाञ्चालिकैरेव गृहीतो राजकुलस्यार्पणीय···दण्डार्हस्य उत्तमसाहस···तेषां पणपुराण देया···पाञ्चालिकानां प्रदातव्या यस्तु द्रव्यं न प्रयच्छेत्···षट् पणपुराणा···"

[···चारकिल्ला छुट्ट्याइएको यो ठाउँको···छेकथुन आदि दुःख दिन कसैले पनि···पाञ्चालिकहरूले नै समातेर राजदरबारमा बुझाउनू···दण्ड गर्नुपर्नेलाई उत्तमसाहस (दण्ड गर्नू)···तिनीहरूलाई दिनुपर्ने पणपुराण···पाञ्चालिकहरूलाई दिनू । जसले दिनुपर्ने रकम दिँदैन···छ पणपुराण (दण्ड गर्नू)···]

नक्साल नारायणचौरको अभिलेखमा यस्तो उल्लेख परेको छ–

"···व्यवहारपरिनिष्ठितजातं द्रव्यस्य षड्भागं पाञ्चालिकानां दातव्यं❀ यस्तु द्रव्यं न प्रयच्छेत्स्वस्थानवास्तव्यस्यान्यस्थानीयस्य च धारणकस्यात्रैव रोधोपरोधो भवेत् ।···कार्यमस्य ततो··· दौवारिकस्यावेदनीयं तेनापि श्रीमत्पादीयान्तरासनकरणे यथामासं रोपणीयम्···

प्रतिवर्षं मानदौवारिकस्य पणपुराणसहस्रमेकं पाञ्चालिकैर्देयम्···"

[मुद्दा छिन्दा उठेको रकमको ६ भागको एक भाग पाञ्चालिकहरूलाई दिनू । जसले दिनुपर्ने रकम दिँदैन, यस इलाकामा बस्ने वा अर्को इलाकामा बस्ने भए पनि नतिर्नेलाई छेकथुन यहीं गर्नू···यसको मुद्दामामिला अनि···दौवारिक (प्रतिहार = राजदरबारका द्वारे) कहाँ दर्ता गराउनू । उनले पनि महीनादिनभित्रमा राजाको भित्री इजलासमा जाहेर गर्नू §···।

---

❀ नोलीले 'व्यवहारपरिनिष्ठितजातं द्रव्यस्य जपग्रपाञ्चालिकेन दातव्यं' यस्तो पाठ छपाउनुभएको छ । मूलसंग मिलाई हेर्दा उहाँले पढेको पाठ अशुद्ध देखिएकोले यहाँ पाठ सच्याई दिइएको छ ।

§ राजदरबारका प्रतिहारले मुद्दामामिलासम्बन्धी काम पनि गर्दथे भन्ने कुरा अरू अभिलेखबाट पनि थाहा पाइन्छ । 'पूर्णिमा' ११ पूर्णाङ्कको १० पृष्ठ हेर्नुहोस् ।

...प्रतिवर्ष मान(मानगृह ?)का दौवारिकलाई पाञ्चालिकहरूले एक हजार पणपुराण बुझाउन् ।]

यताबाट मुद्दामामिला छिन्ने काममा पाञ्चालिकहरूको हात रहन्थ्यो भन्ने स्पष्ट छ । दण्ड गर्दा उठेको रकमको केही भाग पाञ्चालिकहरूले पाउँथे, कसैले पाञ्चालिकहरूलाई बुझाउनुपर्ने रकम बुझाएनन् भने सरकारद्वारा तिनलाई छेकथुन गर्न लाइन्थ्यो, दण्ड गरिन्थ्यो । समात्नुपर्ने व्यक्तिलाई समाती राजदरबारमा बुझाइदिने काम पनि पाञ्चालिकहरूले गर्दथे । पाञ्चालिकहरूले निकै ठूलो रकम सरकारी अधिकारीलाई बुझाउनुपर्दथ्यो भन्ने कुरा यताबाट बुझिन्छ ।

माथि उद्धृत बूढानीलकण्ठको अभिलेखमा पञ्चखतसम्बन्धी मुद्दा छिन्ने अधिकार र कुथेर अड्डाले गर्ने काम स्थानीय पाञ्चालीलाई सुम्पेको कुरा परेको छ । तल उद्धृत भृङ्गारेश्वरको अभिलेखमा सरकारी अड्डाले गर्ने काम पाञ्चालिकहरूलाई सुम्पेको उल्लेख परेको छ । सरकारी अड्डाले गर्ने काम ग्रामका बासिन्दालाई नै सुम्पेको उल्लेख अरू अभिलेखहरूमा पनि आएको छ । यसबाट सरकारी अड्डाले गर्ने केही काम केही ग्रामका पाञ्चालिकहरूले पाएका थिए भन्ने स्पष्ट छ ।

पाञ्चालीको अर्को काम आफ्नो इलाकाको सुखसुबिधाको लागि कुलो पानीको बन्दोवस्त गर्नु, देवमन्दिर आदिको निर्माण र तिनको हेरचाह गर्नु आदि हुन्थ्यो । सरकारद्वारा बनाइदिइएका कति कुराको हेरचाहको भारा पाञ्चालीलाई नै सुम्पिएको हुन्थ्यो । साथै कुनै कुनै व्यक्तिले धारा आदि बनाई त्यसको हेरचाहको काम पाञ्चालीलाई सुम्पिदिएको उल्लेख पाइन्छ । यी कुरालाई देखाउने धेरै अभिलेख पाइ का छन् । केहीको सारांश यहाँ उद्धृत गरिन्छ–

"श्री[ महासामन्तांशुवर्म्मा ]...समाज्ञापयति...माटिन्देवकुलम्...यत्नतः प्रतिसंस्कार्य तस्य दीर्घतरपश्चात्कालसौस्थित्यनिमित्तं तदक्षयनीविप्रतिबद्धमेवं माटिङ्ग्रामस्य दक्षिणतो राजभोग्यतामापन्नं विंशतिकया चतुःषष्टिमानिकापिण्डकं क्षेत्रन्दक्षिणपश्चिमतश्च षण्मानिकापिण्डकम्माटिङ् ग्रामपाञ्चालिकेभ्यः प्रतिपादितम्..."

(पाटन सुनधारा (बेण्डाल २ संख्या, नोली ३८ संख्या)को अभिलेखबाट)

[श्रीमहासामन्त अंशुवर्मले...आज्ञा गर्नुभएको छ ।...माटिङ् गाउँको देवमन्दिरलाई...जतनसंग जीर्णोद्धार गरेर त्यो देवल पछि पछि धेरै कालसम्म राम्रो हालतमा रहिरहोस् भन्नाका लागि माटिङ गाउँको दक्षिणतर्फ रैकरको रूपमा रहेको चौसट्ठी बीस (१२८०) मानिका कूत आउने खेत र दक्षिणपश्चिमतर्फ ६ बीस (१२०) मानिका कूत आउने खेत कोइलाकाँटा गरी माटिङ्ग्रामका पाञ्चालिकहरूलाई सुम्पिएको छ ।]

यहाँ अंशुवर्माले माटिङ् गाउँको देवमन्दिरको जीर्णोद्धार गरी त्यसको हेरचाहको लागि आयस्ताको समेत बन्दोबस्त गरिदिई माटिङ्ग्रामपाञ्चालीलाई सो सुम्पिदिएको कुरा परेको छ ।

"...श्रयंशुवर्मा कुशली पश्चिमाधिकरणवृत्तिभुजो वर्तमानान् भविष्यतश्च यथार्हङ्कुशलमाभाष्य समाज्ञापयति विदितम्भवतु भवताम्पशुपतौ भगवाञ्छूरभोगेश्वरोस्मद्भगिन्या श्रीभोगवर्म्मजनन्या

भोगदेव्या स्वभर्तू राजपुत्रशूरसेनस्य पुण्योपचयाय प्रतिष्ठापितो यश्च तद्दुहित्रास्मद्भागिनेय्या भाग्यदेव्या प्रतिष्ठापितो लडितमहेश्वरो यश्चैतत्पूर्वजैः प्रतिष्ठापितो दक्षिणेश्वरस्तेषामधःशाला-पाञ्चालिकेभ्यः प्रतिपालनायातिसृष्टानामस्माभिः पश्चिमाधिकरणस्याप्रवेशेन प्रसादः कृतो यदा च पाञ्चालिकानां यत्किञ्चन कार्यमेतद्गतमुत्पत्स्यते यथाकालं नियमितं वस्तु परिहापयिष्यन्ति तदा स्वयमेव राजभिरन्तरासनेन विचारः करणीयः…"

(पशुपति गणेशस्थानको भगवान्लाल ७ संख्या, नोली ४१ सख्याको अभिलेखबाट । संस्कृत-सन्देश २।१–२-३ मा पनि यो छापिएको छ ।)

[…गाथमा आराम रहेका श्रीअंशुवर्मालि अहिले बहाल रहेका र पछि बहाल हुनेसमेत पश्चिमतर्फको अदालतका वृत्ति खाने (जागिरदार) हरूलाई यथोचित कुशल मंगल सोधेर आज्ञा गर्नुभएको छ । हाम्री बहिनी भोगवर्माकी मुमा भोगदेवीले आफ्ना पति राजकुमार शूरसेनको पुण्यको बढिबढाउका लागि पशुपतिमा स्थापना गरिएका शूरभोगेश्वर, उनकी छोरी हाम्री भान्जी भाग्यदेवीले स्थापना गरिएका लडितमहेश्वर र उनका पुर्खाले स्थापना गरिएका दक्षिणेश्वरसमेतको बरबन्दोबस्तको काम अधःशालाका पाञ्चालिकहरूलाई सुम्पिएको हुनाले (त्यहाँ) पश्चिमतर्फको अदालतको अधिकार छुटाएर हामीबाट निगाह गरिएको छ । जहिले पाञ्चालिकहरूको यस-बारेमा केही मुद्दामामिला पर्ला अथवा तिनीहरू बखत बखतमा गर्नुपर्ने कामलाई छोडाउनन्, त्यस वेला आफैं राजाबाट भित्री इजलासमा त्यसको विचार गर्नुपर्छ । यो कुरा तिमीहरूलाई थाहा होओस् । ]

यहाँ अंशुवर्मालि आफ्नी बहिनी, भान्जी र उनका पुर्खाहरूले स्थापना गरेका शूरभोगेश्वर, लडितमहेश्वर, दक्षिणेश्वरको हेरचाहको काम अधःशालाको पाञ्चालीलाई सुम्पेको कुरा परेको छ तथा यी देवताको हेरचाहको काममा पाञ्चालिकहरूको कलह भयो भने वा गर्नुपर्ने कुरामा तलमाथि पारियो भने त्यसको छानबीन गर्ने, मुद्दा छिन्ने अधिकार पश्चिमाधिकरणबाट झिकिएको र सोझै राजाको भित्री इजलासमा सो मुद्दा हेरिनेछ भन्ने कुरा परेको छ ।

"…श्रीमहासामन्तांशुवर्मा…पाञ्चालिकान्यथाप्रधानङ् कुशलमाभाष्य समाज्ञापयति…शालाप्रणाली-कर्मपरितोषितैरस्माभि…मल्लपोतसूकरकरा…मुक्त्वा पञ्चापराधेनास्य…[ प्रसादो ] वः कृतः…"

(यो संस्कृत–सन्देश १।८ मा छापिएको छ । नोलीद्वारा ४३ संख्याको रूपमा पनि छापिएको छ ।)

[ श्रीमहासामन्त अंशुवर्मालि…का मुखियालगायत पाञ्चालिकहरूलाई यथोचित कुशल मङ्गल सोधेर आज्ञा गर्नुभएको छ ।…शालाको धाराको काजले प्रसन्न भएका हामीबाट मल्लपोत र सुंगुरसम्बन्धी कर …छोडिदिएर… (सरकारी अधिकारीले) पञ्चापराधद्वारा यहाँ पस्न नपाउने गरी… तिमीहरूलाई निगाह गरिएको छ… ]

यहाँ पाञ्चालिकहरूले धारा बनाएका हुनाले प्रसन्न भएर अंशुवर्मालि उनीहरूलाई कर माफी गरिदिएको, पञ्चखतसम्बन्धी मुद्दा हेर्ने अधिकार पाञ्चालिकहरूलाई नै दिएको कुरा परेको छ । अभिलेख खण्डित हुँदा जम्मै कुरा राम्ररी बुझिदैन ।

("...श्रीजिष्णुगुप्तः...समाज्ञापयति)...माग्वलग्रामकुटुम्बि...प्रणालीं...प्रवेशेन माग्गोलग्रामपाञ्चालि(कानां) प्रसादः..."

(मालटारको नोली ५१ संख्याको अभिलेखबाट)

[...श्रीजिष्णुगुप्तले आज्ञा गर्नुभएको छ...माग्वल ग्रामका बासिन्दाहरूले...धारा (बनाएका हुनाले)...पस्न नपाउने गरी माग्वल ग्रामका पाञ्चालिकहरूलाई निगाह गरिएको छ।]

यो अभिलेख खण्डित छ। तर बचेका शब्दबाट धारा बनाएका हुनाले खुशी भएर माग्वलग्रामपाञ्चालीलाई निगाह गरिएको हो भन्ने संकेत पाइन्छ।

"...श्रीजिष्णुगुप्तः कुशली दक्षिणकोलीग्रामे गीटापाञ्चालिका...गान्कुशलेनाभाष्य समनुदर्शयति विदितम्भवतु भवताम्...महासामन्त...देवेन यथायन्तिलमको भवतामन्येषाञ्चोपकारायाक...पिण्डकदशभागम्प्रत्याकलय्य भवद्भिरेवोपसंहर्तव्यः...लेश्वरस्वामिनः पूजा पाञ्चालीभोजनञ्च दिवसनियमेन...तिलमकप्रतिसंस्कारश्च कालानतिक्रमेणैव कार्यः..."

(का. इ. मीननारायण भैरवढोकाको भगवान्‌लाल १० संख्या, नोली ५२ संख्याको अभिलेखबाट)

[...गाथमा आराम रहेका श्रीजिष्णुगुप्तले दक्षिणकोलीग्रामको गीटापाञ्चालीका सदस्यहरूलाई कुशल मंगल सोधेर बाटो देखाउनुहुन्छ।...महासामन्त...देवले तिमीहरू र अरूहरूको उपकारको लागि बनाएको यो कुलो...कूतको दश भागको एक भाग लिई तिमीहरूले नै सिद्ध्याउनू,...नियत दिनमा...लेश्वर स्वामीको पूजा गर्नू, पाञ्चालीलाई भोज खुवाउनू, बखत बखतमा कुलोको मर्मत पनि गर्नू...]

यहाँ कुलोको मर्मत देवताको पूजा आदि काम गीटापाञ्चालीलाई सुम्पेको उल्लेख परेको छ।

"...श्रीजिष्णुगुप्तः कुशली गीनुङ्वृत्तिभुजो दिग्वारवृत्तिभुजश्च यथार्हम्प्रतिमान्यानुदर्शयति विदितं भवतु भवतामस्माभिर्जोलिप्रिङ्ग्रामे स्वादुशुचिशीतलसलिलास्रावजनिकीं पातयित्वा प्रणालीमस्या एवानुपालनहेतोः...जोलिप्रिङ्ग्रामपाञ्चालिकानां तैलकरं प्रतिमुच्य प्रसादीकृतम्..."

(बलम्बूको नोली ५५ संख्याको अभिलेखबाट)

[...गाथमा आराम भएका श्रीजिष्णुगुप्तले गीनुङका जागीरदार, दिग्वारका जागीरदारहरूलाई यथोचित मान गरेर बाटो देखाउनुभएको छ। हामीले जोलिप्रिङग्राममा स्वादिलो सफा चीसो पानी आउने धारा बनाएर यसको हेरचाहको लागि...जोलिप्रिङग्रामका पाञ्चालिकहरूलाई तेलको कर माफी गरिदिई निगाह गरिएको छ।]

यहाँ जिष्णुगुप्तले जोलिप्रिङग्राममा धारा बनाई त्यसको हेरचाहको भारा जोलिप्रिङग्रामको पाञ्चालीलाई सुम्पेको तथा उनीहरूउपर तेलमा लाग्ने कर माफी गरिदिइएको कुरा परेको छ।

"....श्रीविष्णुगुप्तः कुशली भविष्यतो नैपाल(भूभु)जो यथार्हं प्रतिमान्यानुदर्शयति...अस्मा-भिराश्चर्यभूतो...रूपनिष्पादनयोग्यशिलाकर्षणम्प्रतिनियुक्तैर्नृङ्मरीग्रामपाञ्चालिकैः...परया तुष्ट्या...मप्रवेशेन प्रसादः कृतो...अन्तरेण सर्वकार्याणामेवास्मरणमित्य...दत्तः..."

(सुनागूठी भृङ्गारेश्वरको नोली ६२ संख्याको अभिलेखबाट)

[ गाथमा आराम रहेका श्रीविष्णुगुप्तले पछि हुने नेपालका राजाहरूलाई यथोचित सन्मान गरेर बाटो देखाउनुभएको छ ।...हामीबाट आश्चर्य हुने...रूप (मूर्ति) बनाउन हुने ढुङ्गा तानेर ल्याउने काममा लाएका नृङ्मरी ग्रामका पाञ्चालिकहरूले...ठूलो खुशीले...(सरकारी अधिकारीले) पस्न नपाउने गरी निगाह गरिएको छ।...बाहेक अरू सबै मुद्दामामिलामा (सरकारी अधिकारीले) पस्न नपाउने गरियो...]

यहाँ देवता बनाउन ठूलो ढुङ्गा तानेर ल्याइदिएका हुनाले नृङ्मरी गाउँका पाञ्चालिकहरूदेखि प्रसन्न भएर विष्णुगुप्तले उनीहरूलाई...सरकारिया अड्डाले गर्ने कामको अधिकार दिएको उल्लेख परेको छ ।

"..... ...महाराजाधिराजश्रीशिवदेवः...समाज्ञापयति...पजीवेन विज्ञापितैः...ब्राह्मणपुरस्सराणां च पाञ्चालिकानां...भृङ्गारेश्वरदेवकुलस्थितये...तिलमक...भृङ्गारेश्वरपाञ्चा(लिक)..."

(सुनागूठी भृङ्गारेश्वरको नोली ७८ संख्याको अभिलेखबाट)

[...महाराजाधिराज श्रीशिवदेवबाट...आज्ञा भएको छ...पजीवले हाम्रा हजुरमा बिन्ति चढाएका हुँदा हामीबाट...ब्राह्मणलगायत पाञ्चालिकहरूलाई...भृङ्गारेश्वर देवमन्दिरको बन्दोबस्तको लागि...कुलो...भृङ्गारेश्वरका पाञ्चालिक...]

भृङ्गारेश्वर देवमन्दिरको बन्दोबस्त र कुलोको हेरचाहको काम भृङ्गारेश्वरको पाञ्चालीलाई सुम्पेको कुरा यहाँ परेको छ । तर अभिलेख खण्डित हुँदा कुरा राम्ररी खुल्दैन ।

"संवत् १७० कार्तिक...हिवाकरेन दत्तम्...कलोपिग्रामस्य पाञ्चालिकाणाम्"

(पाटन मङ्गलबजारमा राखेको धाराको अभिलेखबाट । अभिलेख-संग्रह ५ भागमा यो छापिएको छ । )

[ संवत् १७० कार्तिक...हिवाकरले यो धारा कलोपिग्रामका पाञ्चालिकहरूलाई सुम्पिदिइयो । ]

कुनै व्यक्तिले धारा बनाएर पाञ्चालीलाई सो सुम्पिदिएको कुरा यस अभिलेखमा परेको छ ।

यति कुराबाट लिच्छविकालमा आफ्नो इलाकासंग सम्बन्ध राख्ने धेरैजसा काम स्थानीय पाञ्चालीले गर्दथे भन्ने स्पष्ट भएको छ ।

कुनै पाञ्चालीको अधीनमा साझा बारी, जग्गाजमीन पनि हुन्थे । यसको उल्लेख ठाउँ ठाउँमा आएको छ । उदाहरणार्थ पाटन च्यासलटोलको अभिलेखमा उल्लिखित "लोम्प्रिपाञ्चालीवाटिकायाः पश्चिमोत्तरङ्गत्वा...पुनुपाञ्चालिकाक्षेत्रस्य च पश्चिमोत्तरङ्गत्वा...लोम्प्रिपाञ्चालिकाक्षेत्रस्य पश्चिमोत्तरङ्गत्वा = ...लोम्प्रिङ पाञ्चालीको बारीबाट पश्चिम उत्तरतिर लागी...पुनुपाञ्चालीको खेतको पनि पश्चिम

उत्तरतिर लागी'''लोप्रिङ पाञ्चालीको खेतको पश्चिम उत्तरपट्टि लागी'''' यस अंशलाई देखाउन सकिन्छ ।

अंशुवर्माले हाँडिगाउँको आफ्नो अभिलेख (लेभी १४ संख्या, नोली ३६ संख्या)मा तात्कालिक जनसमाजमा सन्मान पाएका पशुपतिनाथ चाँगुनारायण आदि देवता, विशिष्ट व्यक्ति आदिले पाउने भाग नियत गरी त्यसको विवरण कुँदाएका छन् । त्यहाँ पाञ्चालीले पाउने भागको पनि उल्लेख परेको छ–

"सपेलापाञ्चाल्याः पु ६ प २ सामान्यपाञ्चाल्याः पु ३ प १"

[ सपेलानामक पाञ्चालीले ६ पुराण २ पण र अरू पाञ्चालीले ३ पुराण १ पण पाउनेछन् । ]

यताबाट त्यस बेला जनसमाजमा 'पाञ्चाली'को प्रतिष्ठा रहेको थियो तथा तात्कालिक सरकारले पाञ्चालीपद्धतिलाई प्रोत्साहन दिएको थियो भन्ने आभास पाइन्छ ।

लिच्छविकालका पाइएजति ऐतिहासिक सामग्री केलाउँदा त्यस बेला चलेको पाञ्चाली-शासन-पद्धतिबारे थाहा पाउन सकिने जति कुरा माथि लेखियो । यति कुराबाट लिच्छविकालमा चलेको पाञ्चाली स्वायत्त शासन–पद्धतिको सम्पूर्ण रूप त देखापरेको छैन, तर त्यस पद्धतिको आकार-प्रकारसम्म त स्पष्ट रूपमा हाम्रो सामुन्ने आएको छ भन्ने मलाई लाग्छ । देउपाटन कसाईटोलको नरेन्द्रदेवको अभिलेखमा उल्लेख भए जस्तो पाञ्चालीको व्यवस्था कुँदिएको ताम्रपत्र आदि कुनै विशिष्ट सामग्री पाइएमा लिच्छविकालको शासनव्यवस्थाको प्रमुख विशिष्टताको रूपमा रहेको यस पद्धतिबारे अझ खुलस्त रूपमा बुझ्न हामी समर्थ हुनेछौं भन्ने आशा लिन सकिन्छ ।

पाठकलाई संझन सजिलो होस् भन्नाका लागि माथि प्रतिपादित कुराको सारांश संक्षेपमा यहाँ खिचिदिनु बढिया होला जस्तो लाग्छ ।

(१) लिच्छविकालमा प्रत्येक ग्राममा 'पाञ्चाली' (पञ्चायत) रहेको हुन्थ्यो । आबादी बढी शहरको रूप लिएका ठाउँमा अनेक 'पाञ्चाली' हुन्थे । तत् तत् ठाउँको नाउँद्वारा पाञ्चालीको नामोल्लेख गरिन्थ्यो ।

(२) पाञ्चालीमा अनेक सदस्य हुन्थे । ती सदस्य 'पाञ्चालिक' कहलाउँथे । ब्राह्मणलगायत विभिन्न जातका व्यक्ति पाञ्चालिक बनेका हुन्थे ।

(३) पाञ्चालीको संघटन नियमपूर्वक हुन्थ्यो । यसका सदस्य निश्चित हुन्थे । पाञ्चाली-सम्बन्धी व्यवस्था विधिपूर्वक ताम्रपत्रमा लेखिएको हुन्थ्यो । पाञ्चालीमा केही सदस्यको नियुक्ति राजाद्वारा हुन्थ्यो ।

(४) आफ्नो आफ्नो इलाकामा भएका झैझगडा मिलाइदिने, मुद्दामामिला छिन्ने काम पाञ्चालीले गर्दथ्यो । पाञ्चालीले छिन्न नसकेको मुद्दा माथिल्लो तहमा जान्थ्यो र सरकारिया अड्डाद्वारा छिनिन्थ्यो । केही मुद्दा सोझै राजाको भित्री इजलासमा जान्थ्यो र राजाको देख-रेखमा छिनिन्थ्यो । मुद्दामामिलामा दण्ड गर्दा उठेको रकममध्ये केही पाञ्चालिकहरूले पाउँथे । पाञ्चालिकहरूले निकै ठूलो रकम सरकारी अधिकारीलाई बुझाउनुपर्थ्यो ।

आफ्नो इलाकामा कुलो पानीको वन्दोवस्त गर्नु, पाटी पौवा देवमन्दिर आदि बनाउनु, तिनको हेरचाह गर्नु आदि सार्वजनिक काम पाञ्चालीले गर्दथ्यो । केही पाञ्चालीले सरकारी विभिन्न अड्डाले गर्ने काम गर्ने अधिकार पनि पाएको हुन्थ्यो ।

(५) तात्कालिक सरकारले ग्रामपाञ्चालीलाई स्वीकृति दिएको हुन्थ्यो तथा जनहित हुने काम गर्ने पाञ्चालीलाई कर माफी आदि गरी प्रोत्साहन दिइएको हुन्थ्यो ।

यसै प्रसङ्गमा पाञ्चालीपद्धतिले पछि कुन रूप लियो भन्ने कुराको पनि संक्षेपमा चर्चा गर्नु आवश्यक छ ।

लिच्छविकालमा यस पद्धतिले जनजीवनमा बलियो जग हालेको हुनाले लिच्छवि शासकहरू बिलाएपछि पनि यस पद्धतिले आफ्नो अस्तित्व केही मात्रामा कायम नै गरिराख्यो । राजकाजमा भएको आमूल परिवर्तनले यस पद्धतिलाई समाप्त गर्न सकेन । यसो हुँदा यो पद्धति पछिसम्म केही अंशमा चलेर आइनैरह्यो । यस कुराका उदाहरण मल्लकालका घटनातिर दृष्टि दियौं भने हामी प्रशस्त पाउँछौं ।

स्थितिमल्लको पालामा सग्रह गरिएको गोपालराजवंशावलीमा कयौं शताब्दीका घटना टिपिएका छन् । तर अति संक्षेपमा मुख्य मुख्य घटना मात्र टिपिएका हुनाले तात्कालिक शासनव्यवस्था, लौकिक अवस्थासम्बन्धी वर्णन त्यहाँ कम परेका छन् । यसो हुनाले 'पाञ्चाली' बारे बुझ्न त्यताबाट धेरै मद्दत पाइँदैन । तैपनि त्यसमा एक ठाउँमा पाटनको पाञ्चालीको सहयोगले मन्दिर बनाएको उल्लेख आएको हुनाले त्यतिबाट पनि यसविषयमा बुझ्न अलिकता मद्दत पाइन्छ । त्यहाँको वाक्य यस प्रकारको छ––

"सं ५०३ फाल्गुण···थ्वलासवु···एंडेश्वर गण्ठिया चुलका थापन याडा यह्नं पञ्चालिसन टेयकम् ।।"

(गो. रा. वं. ६०–६१ पत्रबाट)

[ ने. सं. ५०३ (वि. सं. १४३९) फाल्गुन···यो महीनामा पाटन पाञ्चालीको सहयोगले एंडेश्वरको मन्दिरमा गजूर (?) चढाइयो । ]

यसबाट यस वेलासम्म पाटनमा पाञ्चाली कायम थियो, लिच्छविकालमा जस्तै देवमन्दिर-निर्माण आदि काममा यस वेला पनि पाञ्चालीको हात रहन्थ्यो भन्ने थाहा पाइन्छ ।

पछि भक्तपुर कान्तिपुर ललितपुर तीन राज्य खडा हुँदा ती राज्यका राजधानीमा र ती राज्यअन्तर्गतका साना साना शहर (लिच्छविकालको परिभाषाअनुसार ग्राम) मा पनि पञ्चायत कायम रहेको थियो । तर 'पाञ्चाली' 'पाञ्चालिक' शब्दचाहिं यस वेला हराइसकेका थिए । तिनको स्थान 'पञ्चसमुच्चय,' 'पञ्च' शब्दले लिएका थिए । त्यस वेला भक्तपुर आदि ठूला शहरमा त टोल टोलमा पञ्चायत थिए । लिच्छविकालमा जस्तै पाटी पौवा कुलो देवमन्दिर आदि बनाउने काम पञ्चसमुच्चयको देखरेखमा हुन्थ्यो । त्यस वेला लडाइँ–भिडाइँ बराबर भइरहने हुनाले लडाइँ-भिडाइँको काम पनि कहिलेकहीं पञ्चहरू गर्दथे । आफ्नो देशमा शत्रुले हमला गर्दा आफ्ना राजाको

आज्ञाअनुसार प्रजा उठाई पञ्चहरूले शत्रुको मुकाबिला गरेको उल्लेख पाइन्छ । यस्तो अवसरमा विजय गरी फर्केका पञ्च प्रजाहरूलाई राजाबाट पुरस्कार दिइन्थ्यो । राज्यमा कुनै व्यवस्था बाँध्दा सल्लाहको लागि कहिलेकहीं पञ्चहरू पनि बोलाइन्थे ।

मल्लकालमा पञ्चहरूको अवस्थालाई देखाउने प्रशस्त सामग्री पाइएका छन् । लेख ठूलो हुने हुनाले ती सबैको उल्लेख यहाँ गर्नु सम्भव छैन । प्रमाणको लागि केहीको मात्रहि संक्षेपमा उल्लेख गर्नु आवश्यक छ ।

पञ्चहरूले पाटी पौवा, धारा, देवमन्दिर आदिको निर्माण र समाजसेवासम्बन्धी काम गर्दथे भन्ने कुरा तलका प्रमाणले सिद्ध गर्छन्—

"सम्वत् ७५१ स्रावण शुदि ८ श्री २ खपदेसया पंचसमुचयन अजाजुदेवला···देवपिति या···"

(पूर्व १ नं. खनपुगाउँ बसाटोलको शिलालेखबाट 'भक्तपुरशिलालेखसूची' को ५० पृष्ठमा यो छापिएको छ ।)

[ ने. सं. ७५१ (वि. सं. १६८८) श्रावन शुक्ल अष्टमीको दिन श्रीभक्तपुर देशका पञ्च-समुच्चयले अजाजुको देवल बनाई देवप्रीति गरी चढाइयो । ]

"सं. ७९३ श्रावण कृष्ण ३ सोमवार जयचल सिक. खपोया पंच ञलया पंच मुङाव संख-मूलस अर्द्धजल तयाव जुरो"

(ऐतिहासिक घटनावली ६ पृष्ठबाट)

[ ने. सं. ७९३ (वि. सं. १७३०) श्रावण कृष्ण तृतीया सोमवारको दिन जयचलको मृत्यु भयो । भक्तपुरका पञ्च, ललितपुरका पञ्चहरू जम्मा भई शङ्खमूलमा अर्द्धजलमा राख्ने काम गरियो ।]

"सम्वत ८३३ चैत्रमासे कृष्णपक्षे···रत्नसिह दरि···पंचसमुच्चयन थ्व फलेचा दयका जुरो."

(भ. पु. ब्वाछेटोलको पाटीको अभिलेखबाट । भ. शि. सूची ३० पृ.)

[ ने. सं. ८३३ (वि. सं. १७७०) चैत्र कृष्ण···रत्नसिंह दरि आदि पञ्चसमुच्चयबाट यो पाटी बनाइएको हो । ]

"संवत् ८४८ ज्येष्ठकृष्ण···त्रिपकोछेतोलया पंचसमुच्चयन गजुल रुपोलल देवलछें दयका जुरो ।"

(भ. पु. चण्डेश्वरीस्थानको अभिलेखबाट । भ. शि. सू. ३४ पृ.)

[ ने. स. ८४८ (वि. सं. १७८५) ज्येष्ठ कृष्ण···त्रिपुर कोछेंटोलको पञ्चसमुच्चयले देवल बनाई गजूर चढाइयो । ]

"श्रीश्रीजयरणजितमल्लदेव जुजु प्रभु ओ, एओरटोलया पञ्चसमुच्चयन रुक्मनोहरण प्याखन दयकाओ श्रीश्रीमाहेश्वरीदेवीस गजुरी छाया···जुरो. उपरान्त वर्षप्रति त्वारनायक जुकह्मनं त्वारपञ्च समधार याङाओ विचार यायमाल"

(भ. पु. माहेश्वरीस्थानको शिलालेखबाट । भ. शि. सू. ४० पृ.)

[ राजा श्रीश्रीजयरणजित्मल्लदेव प्रभु र एओरटोलका पञ्चसमुच्चयले 'रुक्मिणीहरण' नाच बनाउन लाई श्रीश्रीमाहेश्वरीलाई गजूर चढाइयो । उप्रान्त…प्रतिवर्ष टोलनाइके हुनेले टोलका पञ्चहरू भेला गराएर हेरविचार गराउनुपर्छ…]

"…कोराखुतोरया पञ्चसमुचयन…जरधुनि दयका…सं ८७२"

(भ. पु. इ. ठिमी क्वालखुटोलको अभिलेखबाट । भ. शि. सू. ४३ पृ.)

[ ……क्वालखुटोलका पञ्चसमुच्चयले……जलद्रोणी = टुटेधारा बनाइयो । ने. सं. ८७२ (वि. सं. १८०९)…]

अब लडाइँ–भिडाइँ आदि राजकाजसंग सम्बन्ध राख्ने काम कुरामा पनि पञ्चहरूको केही हात रहन्थ्यो भन्ने कुरा देखाउने केही उदाहरण यहाँ दिइन्छन्—

वि. सं. १७६० मा भक्तपुरका राजा भूपतीन्द्रमल्ल र कान्तिपुरका राजा भास्करमल्लले एउटा सन्धि गरेका थिए । त्यसमा सो सन्धिको पालना जसले गर्दैनन्, उनकहाँ अर्को पक्षको सैनिक र पञ्चहरूले लुटिल्याए जति पच हुन्छ भन्ने उल्लेख परेको छ–

"थ्व गुल थास गोह्मन तलबोच यात, ओह्मयाके खस मगर उमराव पंचन लूतय याङाव नको ओमिस पच"

(ऐतिहासिक पत्रसंग्रह (दोस्रो भाग) का ४८–५० पृष्ठमा यो छापिएको छ ।)

[ यसमा जसले तलमाथि गर्लान्, तिनकहाँ खस मगर उमरा पञ्चहरूले लुटी लिए अति पच हुन्छ । ]

वि. सं. १७८१ मा नीलनारायण ठाकुरले✽ जगज्जयमल्लको विरुद्ध विद्रोह गरी भक्तपुरको सहायताले साँखुमा घुस्ने कोशिश गरेका थिए । त्यस बेला साँखुका पञ्च प्रजा भारादारहरू उठी

✽ कान्तिपुरका राजा भास्करमल्लको ने. सं. ८३५ (वि. स. १७७१) को ताम्रपत्रमा नीलनारायणमल्ल दृष्टसाक्षी बसेका छन्—

"…श्रीश्रीजयभास्करमल्ल…प्रभु ठाकुलसन मन्धनस चोङ विप्र श्रीरामेश्वर जौशिनाम्ने प्रसादिकृतं । महाकारबुक्षेत्रनामसंज्ञकं ।…अत्र पत्रार्थे दृष्टसाक्षी श्रीनीरनारायनमल्लदेवस ॥ संवत् ८३५ कार्तिक कृष्ण सप्तमी"

(यसको प्रतिलिपि देवीप्रसाद भण्डारीको संग्रहमा छ ।)

[…श्रीश्रीजयभास्करमल्ल…प्रभु ठाकुरबाट मन्धन ( मण्डन = पूर्व १ नंबर सिन्धुपाल्चोक इलाकामा पर्ने ठाउँ) मा बस्ने श्रीरामेश्वर जोशीको नाउँमा 'महाङ्काल बु' भन्ने खेत निगाह गरी दिइयो ।…यसका दृष्टसाक्षी श्रीनीलनारायणमल्लदेव । ने. सं. ८३५ (वि. सं. १७७१) कार्तिक कृष्ण सप्तमी ]

ने. सं ८३६ (वि. सं. १७७३) ज्येष्ठको कान्तिपुरका राजाले गरिदिएको अर्को ताम्रपत्रमा पनि यी नीलनारायणमल्ल दृष्टसाक्षी बसेका छन् । तर यसै सालको कान्तिपुरका राजाले

उनको यो प्रयत्न विफल पारिदिएका थिए। यसबाट प्रसन्न भएका जगज्जयमल्लले उनीहरूलाई पुरस्कार दिई राखेको शिलालेख साँखु वज्रयोगिनीमा छ। त्यसको केही अंश यस प्रकारको छ–

"सम्वत् ८४५ पौषकृष्ण: । दशमि स्वमवार थ्वकु (न्हु)या चाया रात्रिस नीलनारायण थाकुर, खपोन ओयाओ शकोदेशया क्वाथस छलन दुदङ ओओ. थ्व सियाओ श्री ३ वज्रजोगिनीया प्रसादन श्री २ जगज्जयमल्लदेवस प्रतापन शकोदेशया प्रजा पञ्च परमान उथय जुयाओ ह्म १६ स्याक ह्म १७ चिङाओ ञंदेश ञङ दिन जुरो ।।···शकोमिपनिस्त छेखान छेखाछे वेतारि प्रसाद बिया जुरो."

(भ. शि. सूची ३४ पृष्ठबाट)

[ने. सं. ८४५ (वि. सं. १७८१) पौष कृष्ण दशमी सोमवारको दिन राति नीलनारायण ठाकुर भक्तपुरबाट आई साँखु शहरको किल्लामा छलकपट गरी भित्र पसे । यो कुरा थाहा पाएर श्री ३ वज्रयोगिनीको निगाहले र श्रीश्रीजगज्जयमल्लको प्रतापले साँखु शहरका प्रजा पञ्च परमान (बडाहाकिम) उठी (लड्न गई) १६ जनालाई मारे, १७ जनालाई कैद गरी कान्तिपुरमा लगे ।·· साँखुका बासिन्दाहरूलाई घरैपिच्छे एउटा एउटा पगरी निगाह गरीदिइयो । ]

वि. सं. १७८७ मा कान्तिपुर ललितपुर गोरखा यी तीन राज्यको संयुक्त सेनाले ओभू कब्जा गरी सोमलिङ्गमा ठाना हालेको वेलामा भक्तपुर–राज्यक्षेत्रका पञ्च, प्रजा उठी शत्रुलाई हटाएका थिए। यसबाट प्रसन्न भएर रणजित्मल्लले आफ्ना पञ्च, प्रजालाई पुरस्कार दिई राखेका चार ताम्रपत्रहरू पाइएका छन् । तिनमध्ये एउटाको अलिकता अंश यस प्रकारको छ–––

"···श्रीश्रीजयरणजितमल्लदेव प्रभु थाकुलसन वाभू कायाव तयाव सोमलिङ्ग कोटस थाना वव वेलस ञ, ञला, गोर्खा सोह्म राजायां थाना भाचय याङाव ओ कुन्हु वाभू लितेलाव थ्यमि, बुदे, नकदेश, चोतपुरया पंच प्रजापनिस्त छपु रस दाहा प्रसाद प्रसन्न जुया जुलो."

(ऐ. प. सं. (दोस्रो भाग) का ५२–५७ पृष्ठमा यी ताम्रपत्र छापिएका छन् ।)

[···श्रीश्रीजयरणजित्मल्लदेव प्रभु ठाकुरले कान्तिपुर ललितपुर गोरखाका राजाले ओभू कब्जा गरी सोमलिङ्गकोटमा ठाना हालेर बसेको वेलामा ती तीनै राजाको ठाना हटाएर त्यही

---

गरिदिएको अर्को ताम्रपत्रमा भने दृष्टसाक्षीका रूपमा जगज्जयमल्ल देखापर्छन् ।(ऐतिहासिकपत्रसंग्रह (दोस्रो भाग) का १२–१३ पृष्ठ हेर्नुहोस् ।) यसपछिका अरू ताम्रपत्रमा पनि जगज्जयमल्ल नै दृष्टसाक्षी बसेका छन् । (इतिहास–संशोधनको प्रमाण प्रमेयको ८६–८७ पृष्ठ हेर्नुहोस् ।) पछि ने. सं. ८४२ (वि. सं. १७७९) मा जगज्जयमल्ल कान्तिपुरको गद्दीमा बसेका हुन् ।

प्राय: राजाका उत्तराधिकारी व्यक्ति दृष्टसाक्षीका रूपमा बस्ने हुनाले नीलनारायणमल्ल पहिले कान्तिपुरको गद्दीका हकवाला बनाइएका र पछि उनी हटाइए, अनि त्यो पद पाउन जगज्जयमल्ल समर्थ भए भन्ने यताबाट स्पष्ट छ । यसो हुनाले आफ्नो हकको दावी गरी नीलनारायणले जगज्जयको विरुद्ध विद्रोह गरेको देखिन्छ ।

दिन औंभू फिर्ता गराएको खुशियालीमा ठिमी, बोडे, नकदेश, चोपुरका पञ्च प्रजाहरूलाई एउटा सुनको दाहा (गहनाविशेष ?) निगाह गरी दिइयो । ]

रणजित्‌मल्लकी रानी वृद्धिलक्ष्मी र उनका छोरा परिस्थितिवश भक्तपुर छोडी ठिमीमा शरण लिई बसेको वेलामा चोपुरका पञ्चहरूले उनको रक्षाको लागि काम गरेका हुनाले प्रसन्न भई रणजित्‌मल्लले चोपुरका पञ्चलाई निगाह गरी वि. सं. १७९७ मा लेखिदिएको ताम्रपत्र चोपुर गणेशस्थानमा छ । त्यसको सारांश यस प्रकारको छ–

"···श्रीश्रीजयरणजित्‌मल्लदेवं, श्रीश्रीवृद्धिरक्ष्मीदेवी श्रीश्रीसाहेवजुजु नेह्मा माचा, थेनिस शरण चोङ ओया वेलस चोपुलया पञ्चयता दालवु हेने मदयकाओ तोलताओ बिया जुलो"

(अभिलेख–संग्रह ११ भागको १५ पृष्ठमा यो छापिएको छ ।)

[···श्रीश्रीजयरणजित्‌मल्लदेवले श्रीश्रीवृद्धिलक्ष्मीदेवी र श्रीश्रीसाहेवज्यू आमा छोरा दुवै ठिमीमा शरण लिई बसेको वेलामा चोपुरका पञ्चहरूलाई दालवुमा सरकारी रकम नलाग्ने गरी माफी दिइयो । ]

केही वर्ष राज्यच्युत भई पछि फेरि कान्तिपुरको गद्दीमा बस्न समर्थ भएपछि जयप्रकाश-मल्लले वि. सं. १८०९ मा व्यवस्था बाँधी ताम्रपत्र राख्न लाएका थिए । त्यस वेला भारादार, अरूहरूका साथैं कान्तिपुरका पञ्चहरूको पनि सल्लाह लिइएको थियो । सो ताम्रपत्रको अलि-कता अंश यस प्रकारको छ–

"···श्रीश्रीजयप्रकाशमल्लपरमभट्टारकदेवानां···प्रभु ठाकुरसन ओ, श्रीश्रीराजोपाध्या, परमान, उमराओ, भोटे, योगि, देशान्तरि महाविद्याधर, पञ्च सकलें साहुति मत याङाओ, आओनलि ञदेशस सुनान अन्याओ यायमदु···"

(ऐ. प. सं. (दोस्रो भाग) का ६१–६८ पृष्ठमा यो छापिएको छ ।)

[···श्रीश्रीजयप्रकाशमल्ल परमभट्टारक देव···प्रभु ठाकुरले श्रीश्रीराजोपाध्याय (गुरुज्यू), परमान (भारादार), उमरा (मुख्य सैनिक), भोटे, योगी, देशान्तरिमहाविद्याधर (विदेशबाट आएका ठूलठूला पण्डित ?) पञ्चहरू सबैसंग सरसल्लाह गरी (यस्तो बन्देज बाँध्नुभयो)–अबदेखि कान्तिपुर राज्यमा कसैले अन्याय गर्नु हुँदैन···]

यति उदाहरणबाट लिच्छविकालमा खडा भएको पाञ्चाली (पञ्चायत) पद्धति मल्लकाल-सम्म पनि केही अंशमा कायम रहेको थियो भन्ने कुरा स्पष्ट देखिएको छ ।

*❀*

# सिद्धिनरसिंह मल्लभन्दा अगाडिका पाटनका शासकहरूका केही ताडपत्र

**–शङ्करमान राजवंशी**

ललितपुरको इतिहासमा 'महापात्रयुग' बारे केही वर्ष पहिलेसम्म इतिहासकारहरूले केही लेख्न सकेका थिएनन् । राज्यविभाजनपछि ललितपुरको विशेष अस्तित्त्व रहेन, कान्तिपुरकै अधीनमा ललितपुर रह्यो होला भन्ने अनुमान इतिहासकारहरूले गरेका थिए । तर हामीहरूको केही वर्षको खोजीले ललितपुरमा स्थितिमल्लभन्दा केही पहिलेदेखि नै सप्तकुटुम्बज (सात परि-वारमध्येका) तीन महापात्रहरूको शासन चलेको थियो भन्ने कुरा केही प्रकाशमा आएको छ । यस वेलाको ललितपुरको यथार्थ इतिहास बुझ्नाका लागि अझ अन्वेषण र अध्ययन बढाउँदै लैजानुपरेको छ ।

त्यस वेला दक्षिणविहार, उत्तरविहार, पिंविहार आदि विहारहरूद्वारा ललितपुरको वर्गीकरण भएको थियो । तत् तत् विहारका इलाकाका शासकका रूपमा यी महापात्रहरूको वंशपरम्परा चलेको थियो । दक्षिणविहारान्तर्गत ज्येष्ठविहारका महापात्रहरूलाई छोडेर अरू महापात्रहरूको वंशक्रमसम्म पनि थाहा पाउन सकिएको छैन । ज्येष्ठविहारका महापात्र विष्णुसिंहले पछि ललितपुरलाई स्वतन्त्र पारी त्यहाँका अरू महापात्रहरूलाई पनि पन्छयाई ललितपुरमा आफ्नो एकच्छत्र राज्य कायम गरेका थिए । यसो हुनाले उनले र उनका छोराहरूले आफ्नो वंश-परम्परा लेखाई राख्न लाएका अभिलेखहरू पाइन्छन् । तिनबाट यिनीहरूको पाँच छ पुस्तासम्मको वंशको परिचय पाइएको छ । अरू महापात्रहरूको परिचय पाउनाका लागि त्यस वेलाका ऐति-हासिक सामग्रीहरूको संकलन गर्नु आवश्यक छ ।

जग्गा किनबेच गर्दा सो कुरा ताडपत्रमा लेख्ने चलन थियो । यस्ता ताडपत्र प्रशस्त पाइने हुनाले त्यताबाट छानबीन गर्दा पनि यी महापात्रहरूका नाम समय स्थानबारे केही बुझ्न मद्दत पाइन्छ । यसो हुनाले वीरपुस्तकालयको संग्रहमा रहेका ताडपत्रबाट छानी सिद्धिनरसिंह मल्ल-भन्दा अगाडिका ललितपुरका शासकहरूले गरिदिएका केही ताडपत्र प्रकाश गर्नु आवश्यक संझेको छु । यिनबाट यी महापात्रबारे अलिकता बढ्ता कुरा बुझ्न सकिन्छ ।

कान्तिपुरका मल्ल राजा शिवसिंहले ललितपुर जिती ललितपुरमा पनि आफ्नो राज्य कायम गरेका थिए । तर कहिले कसरी उनले ललितपुर विजय गरेका थिए भन्ने कुरा अझ खोज्न बाँकी नै छ । वि. सं. १६५४ सम्म पुरन्दरसिंहको उल्लेख पाइएको र स्वयम्भूको शिलालेखबाट

वि. सं. १६६१ मा शिवसिंहले ललितपुर विजय गरिसकेको देखिएकोले वि. सं. १६५४ र १६६१ को बीचमा ललितपुर विजय भएको हो भनी भन्नुपरेको थियो★ । तर अहिले वि. सं. १६५६ मा ललितपुरका राजाका हैसियतले शिवसिंहले गरिदिएको ताडपत्र पाइएको हुनाले १६५४ र १६५६ को बीचमा ललितपुर विजय गरिएको रहेछ भनी भन्नुपरेको छ । यसरी ललितपुरविजयको समयको झन् नजीक पुगिएको छ ।

## वि. सं. १५८२ को प्रधानमहापात्र अभयसिंहवर्माको

(१) ॐ श्रेयोऽस्तु ।। सम्वत ६४५ आषाढकृष्णचतुर्दस्यायां श्रीललीतव्रमायां श्रीमानिग्लके दक्षिनस्थ दक्षिनविहारप्रधानमहामहमहापात्र श्रीअभयसिंहवर्मनस श्रात्यसहस नाम्नेन स्वकियं स्वभु–

(२) ज्यमानिकं श्रीवंविहारवंतागृहाद्धिवास्तव्यः श्रीरूपसिंहजुस नाम्ना सकासात् कितचोक्षेत्रनाम-प्रदेशे जथाचतुराघातन परिवेस्थित एतेषा मद्धे पश्चरोपनिक जत क्षेत्ररोवाङ्क

(३) रोव ङा ५ थ्वतेस स्वंवोस छिवो जुको क्षे त्रपकरसमपरिभोग्यं जथानग्लकालप्रवर्तमानसंचारार्घेन जथोश्रितमूलमादाय क्रिविक्रिस्वादिनेन तेनानिवृत्तकंन्यायन क्रिनविक्रिय–

(४) तम्भवति जदि शत्या देविकराजिकनिनां ता क्षेत्र संघटव्यावादकाले तदा धार्ण्णकेन परिसोध्यं प्रत्य जुथ्यं अभयसिंहजुसके क्रिन वुवोस्यं तयाप अभयसिंहजुत्वं फत हास्यं वङास

(५) अभयसिंहजुसके वोया मचाल्वे धार ओने थ्वते क्रिन वु चोस्यं पसादारपा जुरों अत्र पत्रार्थ साक्षि स येव दक्षिनविहा धार्ण्णपात्रस स्वरावुत्तपुत्र केशवराज भारोस दृष्ट ।। शुभ ।।

(६) भापाता क्षेत्रपा क्रिन्नद्वाको वु सर्व्वसोधान द्वहरपं ध्रुत्र जुरों

## वि. सं. १६१५ को प्रधानमहापात्र मेल्ववर्माहरूको

(१) ॐ श्रेयोऽस्तु ।। सम्वत् ६७८ चैत्रशुक्ल ।। द्वितीयां तिथौ ।। श्रीललितब्रुमायां श्रीमानीग्लके दक्षिणविहारे जेष्ठविहारवंकुलिकुतुम्बजप्रधानमहापात्र श्रीमेल्ववर्म्मनस प्रधानमहापात्र श्रीहृदयसिंहवर्म्मनस प्रधानमहापात्र श्रीग्यानसिंहवर्म्मनस, प्रधानमहापात्र श्रीकेशवसिंहवर्म्मनस एतेसहानुमतेन प्रभेतन श्रीमत् श्रीश्रीवुगं ह्लवन श्रीमत्श्रीश्री–

(२) चोवाहार ह्लवन द्वय स्वस्ति समूहस नाम्नेन प्रसादार्थेन शुकीयं स्वभुज्यमानिकं ।। चनकितोलिके तवद्धेंवाहार गृहजके राजभारोस नाम्नासकाशात ।। स्वथ ग्वाछें ह्लोलछें योतालि फुतफु लिविसह गृहोस्थाप्नभूमिकानामप्रदेशे स येव ग्वाछे अमात्य लुंग्वभारोस भूमेन उत्तरत ।। पूर्व्वत ।। दक्षिणत ।। गृहांगणस्य पश्चिमत ।। एतेषाम्मध्ये

(३) रथ्यामार्ग्गेन दक्षिणप्रवेश, ह्लोलछेंगृहमण्डले पूर्व्वाभिमुखपश्चिमप्रवेश गृहस्थाप्नभूमिकायोता मूलद्वारमेकं द्वारछि १ लिफु हफु लिवि स्वसिमा सह ।। तत् भूमेगृहोग्थापनकाले वाहिर

★ इतिहाससंशोधनको प्रमाणप्रमेयको ३ पृष्ठ हेर्नुहोस्

ह्रारागणस्यंदिनीका यक्षणीस्थाप्नन, प्लालस्थेंनादि, सोसिमासह ।। सकर्पक, समपरिभोज्ञं तद्यथानगरकालप्रवर्त्तमानेन सञ्चा–

(४) रार्घेन जथोच्चितमूलेमादाय केविक्री स्वादिनेन तेनानिवर्तकं, न्यायेन क्रिविक्रीयतं भवति, यदि सत्या देविकराजिकविनाशंकटव्यावादकाले तदा श्रीधार्ण्णकेन परिसोधनीयं, अत्र पत्रार्थे दृषिकरणाय साक्षि थंबुबपनिह्राद्विजवर श्रीह्लोकदेवसर्म्मनस मेकदृष्ट ।। थ्व गृहस्थाप्नभूमिकाया कीप्न सर्व्वसोधान पुलन धुंग्व जुरो ।। शुभ ।।

## वि. सं. १६१७ को नरसिंह–पुरन्दरसिंह–उद्धवसिंहको

(१) ॐ स्वस्ति ।। सम्वत् ६८० आषाढपूर्णमास्यां, श्रीललितभूम्यां श्रीमनिगलाधिपतय श्रीश्रीजयनरसिंहदेवठाकुरसन श्रीश्रीजयपुरन्द्रसिंहदेवठाकुरसन श्रीश्रीजयउद्धवसिंहदेवठाकुरसन प्रसादारपा श्रीबंदेग्रामनिवासि लियछें टोल येटाछें मिताजनाम्ने प्रसादीकृतं, श्रीववाया ह्राथ्वगोष्ठीक्षेत्रात्पश्चिमदक्षिणपूर्व्वतश्च क्षेलभूम्यां उत्तरत एतन्मध्ये

(२) जलधूनिक्वक्षेत्ररोव नस्यं २ तत्क्षेत्र यथादेशकालप्रवर्तमानस्तथासंचार्घेण सुबर्णपुष्पमालार्घप्रढौकीतमादाय क्रयविक्रयस्वाधिनेन क्रयेन विक्रीयतं भवति, यद्यस्यां देवीकराजीकादिषु श्रीश्रीधार्ण्णकं परिसोटितव्यं, अत्र पत्रार्थे दृष्टश्रुतसाक्षीश्रीसमरसिंहवर्म्मण प्रभृति सेष्टलोकसमुच्चय जयराजमुल्मीप्रभृति मुल्मीलोकस शुभं ।। सर्व्वसुद्धन याचकं दुंते धुङ ।।

## वि. सं. १६२२ को नरसिंहको

(१) ॐ श्रेयोऽस्तु ।। सम्वत ६८६ पौषकृष्णएकादश्यां तिथौ श्रीललितब्रुमायां श्रीमानिगलके दक्षिणविहारेः श्रीजैष्टविहारयंकुलिकुटुम्बजश्रीमानिगलाधिपति श्रीश्रीजयनरसिंहदेवठाकुरशनाम्नेण प्रसादार्थेन स्वकीयं, स्वभुजयमानिकं, श्रीबुवाहारवज्राचार्ज्य श्रीभीमजुशवो मानिगलपश्लछेंबाहार डाय भारो थ्वश उभे प्रमुषन श्रीबुगंयात उभेषा हाथ्वंगुथिसमूहश नाम्नाशकासात् ।। गुलषुद्वह्

(२) द्वंकोवाटिकानामप्रदेशे ।। बकुप्रजापतिपनिस वाटिकायां पश्चिम ।। वाटिकायां उत्तरत ।। मार्ग्गशीमायां पूर्व्वत ।। हालिगलकनिककार ह्राकुभारोस वातिकाशीमायां दक्षिणत ।। एतषाम्मधे ।। सार्द्धमेवीकषप्रमानवाटिका कषछि १ पयि २ ता वाटिकास कषकं परिभोज्ञे ।। जथानगलकालप्रवृत्तमानसंचारार्घेण याथाश्चितमूल्यमादाय कीविक्री–

(३) स्वादिनेन, त्वेनानिवृत्तकंन्यायन क्रेण विक्रीयत भवति ।। जदि श्याट् देविकराजिकविनाशङ्कटन्यावादकाले तदा धार्ण्णकेन परिसोधनियं, प्रत्य शरस्वतिपंवुया चेकन पेण्डया त्याश थ्वते वाटिका कीण प्रसादारपा जुरों, अत्र पत्रार्थे साक्षि टवञ्चाल श्रीपात्रवंश रावुत्त जयसंपभारोस प्रमुषन श्रेष्टलोकसमूहस ।। दृष्ट ।। शुभ ।।

## वि. सं. १६२४ को पुरन्दरसिंहको

(१) ॐ स्वस्ति ।। सम्वत् ६८७ चैत्रकृष्ण ५ श्रीश्रीजयपुरन्दरसिंहदेवठाकुरसन प्रसादारपा

श्रीगाडबाहारटोल श्रीबुबाहारननी वंतार्छेगृहाधिवासिन ग्राहक श्रीहृदयकीत वंदजुस नाम्ने प्रसादीकृतं, स्थानस्य दक्षिणप्रदेशे मार्गेन पछिमत, श्रीश्री···लभूम्यां उत्तरत

(२) एतन्मध्ये द्रुकेबुनामसंज्ञकं तस्याङ्कं, ह्लसपेक रवस येथ्वदेंन पेक परिमानन रोव नस्यं २ प्रसादारपा जुरों, तद्भूम्यां यथादेशकालप्रवर्तमानस्तथासंचारार्घेण सुवर्णपुष्पमालार्घप्रढौकितमादाय क्रयविक्रयस्वाधिनेन प्रसादीकृतं अत्रार्थे दृष्टसाक्षी श्रीगाडबाहार श्रीविभुजुप्रभृति सेष्ठलोक समुच्चयस भर्ण्णशुद्धकं दुंते धुङ जुरो शुभं ।

## वि. सं. १६२९ को नरसिंह–पुरन्दरसिंह–उद्धवसिंहको

यस वेला पूर्वतिर दोलखा प्रदेशसम्म गोरखालीहरूको अधिकार भइसकेको थियो । पलाञ्चोक-प्रदेश विजय भएपछि पूर्वतिरबाट वर वर आई नेपाल–उपत्यकालाई घेर्न सजिलो पार्नाका लागि गोरखाली भारादारहरूले आफ्नो फौजलाई विस्तार विस्तार काभ्रेको किल्लातिर हान्न पठाउने उद्योग गर्न लागे । काभ्रे काठमाडौंबाट ८ कोस जति पूर्वतिर (पलाञ्चोकबाट २ कोस जति पश्चिम तथा दक्षिणतिर) पर्दछ । त्यस कारण त्यताबाट नेपाल–उपत्यकातिर बढ्न सुबिधा हुने देखी चौतरिया दलजित् शाह प्रभृति गोरखाली भारादारहरू फौज लिई काभ्रेको किल्लातर्फ हिंडे । त्यस प्रदेशको सुरक्षाको लागि भक्तपुरको लश्कर पनि निकै बसेको थियो । सो लश्करको खबर गोरखालीहरूले आफ्ना चरद्वारा अघिबाटै पत्ता लगाई आफ्ना फौजको प्रबन्ध मिलाइसकेका थिए । त्यस कारण वि. सं. १८१६ माघ १ गते शुक्रवारको दिन गोरखालीहरूले काभ्रेको किल्लामा अवसर छोपी आक्रमण गरे । किल्ला फुट्यो, भक्तपुरको फौज तितरबितर भयो । किल्लामा गोरखाली-हरूको अधिकार जम्यो । त्यस दिनदेखि काभ्रेप्रदेश पनि पृथ्वीनारायण शाहको अधीन भयो❀ ।

\+ \+ \+

आफ्नो पक्षमा मिल्न आई राम्ररी काम गरिदिने व्यक्तिलाई कामअनुसार अनुग्रह गर्ने आफ्नो नीतिअनुसार पृथ्वीनारायण शाहले नीलकण्ठ जोशीलाई वि. सं. १८१६ चैत्र ३ गते बुधवारको दिन "कुसहि बिसइ माफ भयो" भनी विर्ता थामी पत्र लेखे✪ ।

"स्वस्तिश्रीगिरिराज्येत्यादिश्रीमन्महाराजाधिराजश्रीश्रीश्रीमत्पृथ्वीनारायणसाहदेवानां सदा समरविजयिनाम्.

---

❀ काभ्रेविजयको विषयमा भाषावंशावली र त्रिरत्नसौन्दर्यगाथामा दिइएका संवत्, महीना, तिथि, वार सबै मिल्दछन् । त्रिरत्नसौन्दर्यगाथामा गतेको उल्लेख गरिएको छैन । भाषावंशावलीका विभिन्न प्रतिहरूमा भने माघ ९ गते काभ्रे विजय भएको उल्लेख छ । परन्तु गणना गरिहेर्दा गणनाबाट माघ कृष्ण नवमी शुक्रवार माघ १ गते पर्न आउँछ । त्यस कारण भाषावंशावली सार्ने व्यक्तिले भूलले १ को ठाउँमा ९ सारेको होला भन्ने संझी यहाँ काभ्रे विजय भएको मितिमा माघ १ गते भनी संशोधन गरिएको हो । 'गोरखालीहरूको सैनिक इतिहास' मा र सोमध्वज विष्टको 'शाहा सैनिक इतिहास' को ३२ पृष्ठमा वि. सं. १८१३ माघ १ गते काभ्रे विजय भयो भनी लेखिएको छ । तर काभ्रे विजयको यो संवत् अशुद्ध देखिन्छ । घटना-क्रमबाट र गणनाबाट वि. सं. १८१६ माघ १ गते माघ कृष्ण नवमी शुक्रवारको दिन काभ्रे विजय भएको हो भन्ने कुरामा शङ्का छैन । यसको विशेष चर्चा पृथ्वीनारायण शाहको उपदेशको ५२१ पृष्ठ तथा ८३८ पृष्ठमा पनि गरिएको छ ।

✪ श्रीमहेशचन्द्र रेग्मीसंग रहेको सक्कल प्रतिबाट यो उतार लिइएको हो । यो पत्र ऐतिहासिक पत्रसंग्रह (दोस्रो भाग) को ७२ पृष्ठमा छापिएको छ । श्री ५ पृथ्वीनारायण शाहको उपदेशको ९७८–८१ पृष्ठमा यो पत्र व्याख्यासहित छापिएको छ ।

स्वस्ति श्रीसर्वोपमायाग्येत्यादिश्रीनीलकण्ठज्योतिर्वित्सु इतः प्रमाणपूर्वकमिदं. इँहाँ कुशल ताहाँ कुशल चाहिये. जेहिते परमानंद होइ. पत्र आयो. अर्थ पाञ्या.

उप्रान्त आपुकन कुसहि बिसइ माफ भयो. चौतारा काजीछिउ मोहोर पठायाको छ. आप्नु जति बिर्ता हो चलन गर्नुहवस्. विशेषु किमधिकं मुहुजवानी पत्रवालाको सहि.

मिति चैत्रवदि १० रोज ४ मुकाम नवाकोट माडि शुभम्.

[ आपुकन = तपाईंलाई । कुसहि बिसइ = कुसहि बिसहि = करविशेष । मोहर = लालमोहर । आप्नु = आफ्नो । मुहुजमानी = मुखले भनेका कुरा ]

यो पत्र लेखिएको दिनको गणना गर्दा आएको पञ्चाङ्ग यस प्रकारका छः–

वि. सं· १८१६ चैत्रकृष्ण (पूर्णान्तमानले)

| | गते | वार | तिथि | घडी पला |
|---|---|---|---|---|
| चैत्र | ३ | बुध | दशमी | २८ । ४० |

## ऐतिहासिक टिप्पणी–

यो पत्र पृथ्वीनारायण शाहले नीलकण्ठ जोशीलाई लेखिदिएका हुन् । यस पत्रमा संवत् लेखिएको छैन । गणना गरिहेर्दा यस पत्रमा दिइएका तिथिवारादि वि. सं. १८१६ मा मिल्न आउँछन् । त्यस कारण यो पत्र वि. सं. १८१६ चैत्र ३ गते बुधवारका दिन लेखिएको देखिन्छ । यस पत्रमा नीलकण्ठ जोशीलाई 'कुसहि बिसहि माफ भयो' भनी बिर्ता जग्गा थामिदिएको कुरा परेको छ ।

पृथ्वीनारायण शाह विजययात्रा गर्दै जाँदा आफूले विजय गरेका प्रदेशबाट त्यस प्रदेशभन्दा वरपरका अरू प्रदेशमा रहने प्रभावशाली मानिसहरूलाई हात लिनाको लागि "म तिमीहरूको जीउ धनको सुरक्षा गरिदिउँला । मेरो पिछा पर्न आओ" आदि कुरा लेखी पत्र पठाउने गर्दथे● । जेथाजमीन भएका सम्पन्न व्यक्तिहरू आफ्नो सम्पत्ति जोगाउन उनीसंग प्रायः मिल्न जान्थे । आफ्ना कुरा खाई आफूसंग मिल्न आउने व्यक्तिहरूको जीउ धनको सुरक्षा पनि उनी गरिदिन्थे । यस्ता मानिसहरूद्वारा त्यस प्रदेशलाई बिस्तार बिस्तार आफ्नो अधीनमा पार्दै जाने काममा विशेष ध्यान पृथ्वीनारायण शाह दिन्थे ।

यी नीलकण्ठ जोशी पहिले भक्तपुरका राजा रणजित् मल्लको दरबारमा प्रवेश पाएका पण्डित थिए★ । यिनको जग्गाजमीन भक्तपुरको राज्यक्षेत्रभित्र प्रशस्त थियो । यिनी लेखा-पढी गर्न सक्ने प्रभावशाली व्यक्ति पनि भएका हुनाले पृथ्वीनारायण शाहले यिनलाई आदर-पूर्वक पत्र व्यवहार गरी आफ्नो पक्षमा मिलाएका थिए । पृथ्वीनारायण शाहले नालदुम महादेव-

---

● पूर्णिमा ५ पूर्णाङ्कको ४५ पृष्ठमा प्रकाशित दोलखाका प्रधानहरूलाई लेखेका २ पत्र हेर्नुहोस् । ★ पूर्णिमा १० पूर्णाङ्कको ३५ पृष्ठमा प्रकाशित टिप्पणी हेर्नुहोस् ।

पोखरी विजय गरेपछि त्यसदेखि पूर्वतिरका प्रदेशहरू विजय गर्ने कुरामा यी नीलकण्ठ जोशीबाट केही काम लिएका थिए❀ । नीलकण्ठ जोशीले पनि त्यस बखतदेखि नै पृथ्वीनारायण शाहको इच्छाअनुसार अनुकूल भई काम गर्दै आएका थिए । आफ्ना पक्षमा मिल्न आई आफ्नो इच्छा-अनुसार अनुकूल भई काम पट्याइदिने व्यक्तिलाई केहीनकेही लाभ गराइदिने नीति पृथ्वी-नारायण शाहको थियो । यस कारण नीलकण्ठ जोशीलाई पृथ्वीनारायण शाहले अनुग्रह गरेका हुन् भन्ने कुरा यस पत्रमा उल्लेख गरिएको "कुसहि बिसइ माफ भयो. चौतारा काजीछेउ मोहोर पठायाको छ. आप्नु जति बिर्ता हो चलन गर्नुहवस्" भन्ने वाक्यबाट र यसभन्दा वर्ष दिनअघि यिनै नीलकण्ठ जोशीलाई झारा माफ गरिदिएको पत्रबाट व्यक्त हुन्छ । यसको विशेष चर्चा पृथ्वीनारायण शाहको उपदेश ९७८–८१ पृष्ठमा गरिएकोछ ।

\+ + + +

पृथ्वीनारायण शाहले इन्द्रमणि जैसीसँग २९५०। रुपियाँ लिई उनको पुरानो जग्गाको र नयाँ थपिदिएका आरुबोटे, निबुवाबोटे, सिमले आदि ठाउँका जग्गाको ससेत सरकारिया तिरो माफी गरी इन्द्रमणि जैसीलाई वि. सं. १८१७ ज्येष्ठ ९ गते आइतवारका दिन पत्र लेखिदिए+ ।

"स्वस्तिश्रीगिरिराजचक्रचूडामणीनरनारायणेत्यादिविविधविरुदावलीविराजमानमानोन्नतश्रीमन्महाराजाधिराजश्रीश्रीश्रीमत्पृथ्वीनारायणसाहदेवानां सदा समरविजयिनाम्.

आगे इंद्रमनि जैसिके आपनु षायल पुरानु सेरो बिस ३ आरुबोटचा बिस ६ निबुवाबोटचा बिस ४ तल्लो आरुबोटचा बिस ४ उपल्लो बरिबोटचाको बिस १ पिपलबोटचा बिस २ गहिरि षेत बिस ३ षोला षेत बिस ५ मुरी १० ढाब्याकटुवा बिस १ पुन्यादर्बुगक षायल टार ओडार सुवारो आपनु घरमनि दुइ षोलाका माझको पषेरो घरमाथिको सुवारो पोषरिसमेत इ सभ षेतके लगा ह्डिगाँउ घऱ्याडि सिमल्यासमेत डुमरिडाँडासमेत नासिटार पाषासमेत ब्रियाड गऱ्याको टारसमेत बाँधा बितलप बकस भयो. इंद्रमनिका थरभित्र उमराको अंक डंक नास्ति. लिहल सिक्का २९५०ऽ अक्षरेपि उनंतीस सय पचास सिक्का भाषा जहिया दाम देव तहिया माटो लेव. संवत् १८१७ जेष्ट शुदि ४ रोज १ शुभम्–

[ आपनु षायल = आफूले चर्चेको जग्गाजमीन । सेरो = ठूलो फाँट । बिस ३ = तीन बीस = ६० मुरी माटो = १५ रोपनी । सुवारो = ठूलठूलो गहरो परेको जमीन । पषेरो = भीरबारी । लगा = मूल जग्गासंग संबन्ध राख्ने अर्को टुक्रो जग्गा । डिहि = अग्लो पाखो जग्गा । घऱ्याडि = घरले चर्चेको जग्गा । बियाड = ब्याड = धान तथा कोदोहरूको बीउ राख्न बनाएको ठाउँ । लिहल = लिइएको । भाषा = बेहोरा । जहिया = जब । तहिया = तब । जहिया दाम देव = जहिले रुपियाँ तिरिनेछ । तहिया माटो लेव = त्यसै वेला जग्गा फिर्ता लिइनेछ । ]

---

❀ पूर्णिमा ५ पूर्णाङ्कको ४६–४७ पृष्ठमा प्रकाशित यिनै नीलकण्ठ जोशीलाई पठाएको पत्र हेर्नुहोस् ।

\+ यस पत्रको सक्कल प्रति मोहननाथ पाँडेको पुर्ख्यौली सङ्ग्रहमा छ ।

यो पत्र लेखिएको दिनको पञ्चाङ्ग यस प्रकारको छ–

बि. सं. १८१७ ज्येष्ठशुक्ल

| गते | | बार | तिथि | घडी | पला |
|---|---|---|---|---|---|
| ज्येष्ठ | ९ | आदित्य | चतुर्थी | ४० | ५ |

(पात्रोबाट)

## ऐतिहासिक टिप्पणी–

पृथ्वीनारायण शाहले इन्द्रमणि जैसीलाई लेखिदिएको यस पत्रमा संवत् १८१७ दिइएको छ। यसमा परेका तिथिवारादि वि. सं. १८१७ को पञ्चाङ्गसंग भिडाई हेर्दा मिल्न आउँछन्। यस पत्रमा २९५०। रुपियाँ लिएबापत केही पुरानो घर जग्गाको र अरू बन्धकी रूपमा दिएको नयाँ जग्गाको समेत सरकारी तिरो माफी गरिएको तथा जहिले रुपियाँ तिरिएला, उसै बेला जग्गा फिर्ता लिइएला भन्ने बेहोरा परेको छ।

यी इन्द्रमणि जैसी को हुन्, उनको कुलघर कहाँ थियो भन्ने कुरा यथार्थ थाहा पाउन सकिएको छैन। यस पत्रमा उल्लेख गरिएका जग्गाहरूको नाउँ "आरुबोटे, तल्लो आरुबोटे, उपल्लो बर्रोबोटे, पिपलबोटे, गहिरिखेत, खोलाखेत, ढाब्याकटुवा, पुन्यादर्बुगक खायल...सिमले डुमरिडाँडा, नासिटार" आदि छन्। पश्चिम १ नं. नुवाकोट भेकतिर बेलकोट तथा थानसिङ प्रदेश पर्दछन्। त्यहाँ र त्यसका आसपासतिर जैसीहरूको बसोबास भएको कुरा वंशावली आदिबाट देखिन आउँछ❁। थानसिङदेखि डेढ कोस जति उत्तरपूर्वतिर आरुखर्क र आरुखर्कदेखि केही उत्तरपट्टि सिमली भन्ने ठाउँ नक्साबाट देखिन आउँछ। यस पत्रमा उल्लेख गरेजति नाउँ नक्सामा नभेटिए तापनि आरुखर्क र सिमली देखिन आएकाले आरुखर्कको जग्गा आरुबोटे र सिमलीको जग्गा सिमले भनिनु धेरै सम्भव देखिन्छ। त्यस कारण यी सबै कुराको आधारमा विचार गर्दा इन्द्रमणि जैसीको कुलघर आरुखर्कतिर हो कि भन्ने देखिन्छ।

---

❁ "जयप्रकाश मल्लले पनि विचार गरी बेलकोटका जैसी, थानसिङका जैसीहरूसित गठ बाँधी 'प्रतापसिंह साहेबज्यूलाई शिकार खेल्नाको बहानाले चीसापानीको लेकमा बँदेल धेरै पाइन्छन्, त्यहाँ शिकार गर्न भनी ल्याउनू, त्यत जङ्गलमा हजार बाह्र शय भोटे र २।३ शय खस मगर सिपाही मैले दबाइराखूँला, त्यहाँ साहेबज्यूलाई ल्याउनू र पक्राइदिनू भनी बेलकोट, थानसिङ, नुवाकोटका जैसीहरूलाई अह्राई पठायाछन्।"

(भाषावंशावलीबाट)

बेल्कोट् साफ भयो र गाइ द्विजमा भर् पर्छ गोर्षा भनी
गछ् भै जैसि जम्या र पक्रनमहाँ श्रीसिंहनायक् गनी।
गैया षाइ डँडाक् अड्यो जँगलमा भन्दै ति जैसी पनी
धाया बिन्ति जयप्रकाश बहना भै धुम् धडाका बनी ॥७॥

(उदयानन्दको कविताबाट। पृथ्वीनारायण शाहको उपदेशको ५११ पृ.)

यस बेला पृथ्वीनारायण शाहले नेपालखाल्डोलाई चारैतिरबाट घेरा हाल्ने आफ्नो योजना-अनुसार मल्लहरूको राज्यक्षेत्रभित्र पर्ने शिवपुरी पलाञ्चोक, काभ्रेकोट आदि प्रदेशमा आक्रमण गरी विजय प्राप्त गरिसकेका थिए§ । त्यस कारण पृथ्वीनारायण शाहलाई आफ्नो विजययात्रा कायम गरी अगाडि बढ्दै जान र विजय भएका प्रदेशहरूलाई अड्याइराख्नाका लागि सैन्यको आवश्यकता परिरहन्थ्यो । सैन्यसङ्ग्रहका लागि चाहिने खर्चले नभ्याउँदा आर्थिक सङ्कट पनि परिरहन्थ्यो । त्यस्ता सङ्कट हटाउन कुनैनकुनै उपाय गर्नु आवश्यक थियो । यो पत्र लेखिनुभन्दा ५।६ महीनाअघि पृथ्वीनारायण शाह नुवाकोटतिर नै थिए । उनी त्यहीं बसी सैन्य-सङ्ग्रह तथा सञ्चालन गरिरहेका र फौज पठाई उनले पलाञ्चोक तथा काभ्रेकोट विजय गरेका थिए । यसै प्रसङ्गमा पृथ्वीनारायण शाहले नुवाकोटतिरका इन्द्रमणि जैसीसँग सम्पर्क राखी उनीबाट केही रुपियाँ लिने प्रबन्ध मिलाएको देखिन्छ । इन्द्रमणि जैसी प्रशस्त जग्गाजमीन तथा पैसा भएका सम्पन्न व्यक्ति हुँदा पृथ्वीनारायण शाहलाई उनले २९५०। रुपैयाँको आर्थिक सहायताद्वारा रिझाएका थिए । त्यसै रिझबापत आफ्ना पुराना जग्गाजमीन थाम्न, नयाँ जग्गा-जमीन बन्धकी लिन तथा सरकारिया तिरो माफ गराउन समेत उनी समर्थ भएका हुन् भन्ने कुरा यस पत्रमा उल्लिखित "…बाँधा बितलप बकस भया. इंद्रमनिका थरभित्र उमराको अंक डंक नास्ति" आदि वाक्यबाट बुझिन्छ ।

यस बेला गोरखा राज्यभित्रका क्षेत्रहरू धेरैजसा पर्वतमय थिए । उक्त राज्यक्षेत्रभित्र तराईको भेक परेको थिएन । त्यसै हुँदा गोरखाराज्यको आम्दानीको स्रोत सीमित थियो । लडाइँभिडाइँ आदि काम परिआउँदा कुनै उपायद्वारा आम्दानीको स्रोत बढाउन आवश्यक पर्दथ्यो । त्यस वेला गरिने उपायहरूमध्ये एक उपाय जग्गाजमीन बन्धकी राख्नु तथा बेच्नु आदि पनि थियो । पृथ्वीनारायण शाहभन्दा अघिका र त्यस वेलाका नेपालका विभिन्न राज्यका राजाहरूले यसरी रुपैयाँ लिंदै लिखत गरिदिंदै गरेका कागतपत्रहरू पाइएका छन्❁ । त्यस कारण पृथ्वीनारायण शाहले पनि आफ्नो विजययात्राको खाँचो टार्नाका लागि इन्द्रमणि जैसीसंग रुपैयाँ लिई उनलाई जग्गाजमीन बन्धक दिई यो पत्र लेखिदिएका हुन् भन्ने कुरा यस पत्रमा उल्लिखित "…लिहल सिक्का २९५०ऽ अक्षेरेपि उनंतीस सय पचास सिक्का भाषा जहिया दाम देव तहिया माटो लेव" आदि वाक्यबाट स्पष्ट हुन्छ । यसको विशेष चर्चा पृथ्वीनारायण शाहको उपदेशको ९८३–८५ पृष्ठमा गरिएको छ ।

(क्रमशः)

—***—

---

§ पूर्णिमा ११ पूर्णाङ्कका २६–३२ पृष्ठ र यसै अङ्कका ३९–४० पृष्ठ हेर्नुहोस् ।

❁ ऐतिहासिक पत्रसंग्रह दोस्रो भागका १०–१७, ५०–५२, ९१–९४ पृष्ठहरू हेर्नुहोस् ।

(क्रमागत)

# वीर भक्ति थापा

—महेशराज पन्त

कुमाउमा जङ्गीतर्फका सरदार नियुक्त भएका जसिबन्त भँडारी र आफ्ना सहायक सुब्बा अजप खवासको साथमा हिँडका भक्ति थापा वि. सं. १८५१ मंसीर ४ गते अलमोडा पुगे ।

बि. सं. १८५१ मा बाबु फैजुल्लाह खाँ मरेपछि दाजु आली खाँलाई मारी रामपुरको नवाब बनेका गुलाम मुहम्मद खाँलाई कम्पनी सरकारले पदच्युत गर्ने विचार गऱ्यो । भक्ति थापा अलमो ा पुगेको ताका अवध र इन्डिया कम्पनीको संयुक्त सेनाले रामपुरमा हमला गऱ्यो । रामपुरलाई उसको छिमेक कुमाउले मदत देला भन्ने डरले अवधका नवाब आसफुद्दौलाले "राम-पुरलाई मदत नदेऊ" भनी कुमाउमा लेखी पठाए ।

इस्ट इन्डिया कम्पनीसँग र अवधसँग सकेसम्म राम्रो सम्बन्ध राख्नुपर्छ भन्ने नेपालको नीति भएकोले रामपुरसँग लडनाको लागि फौज पठाई भक्ति थापाले इस्ट इन्डिया कम्पनी र अवधलाई मदत गरे ।

यस लडाइँमा गुलाम मुहम्मद खाँको हार भयो । यसपछि उनले कुमाउमा शरण मागे । तर यस वेला पनि भक्ति थापाले अंग्रेजको र अवधको पक्ष लिई उनलाई शरण दिएनन् ● ।

सरदार भक्ति थापाका पूर्वाधिकारी सुब्बा नरु शाह र सरदार जसिबन्त भँडारीका पूर्वाधिकारी कप्तान कालु पाँडेसँग उनीहरूको पालाको आम्दानी खर्चको फाँटवारी बुझ्नू भनी काठमाडौंबाट आदेश दिएबमोजिम भक्ति थापाहरूले उनाहरूसँग आम्दानी खर्चको फाँटवारी बुझ्न खोजे । तर फाँटवारी नै नबुझाई उनीहरू काठमाडौंतिर हिँडिदिएकाले भक्ति थापाहरूले उनीहरूको पालाको आफूले जानेबुझेसम्मको आम्दानी खर्चको विवरण लेखी काठमाडौं पठाइदिए ।

भक्ति थापाहरूले पठाएको विवरण राजधानीमा आइपुगेपछि "त्यताबाट पठाएको विवरण हामीले राम्रोसँग हेऱ्यौं, त्यही विवरणबमोजिम हामी नरु शाहसँग र कालु पाँडेसँग हिसाब बुझ्छौं, ५० सालको विवरण पनि उनीहरूसँगै बुझ्छौं" भनी यताबाट जवाफ गयो । यस जवाफको साथसाथै कुमाउको उब्जनीको बिषयमा र नेपालले कुमाउ जितेदेखिको आम्दानी खर्चको विस्तृत बिवरण पनि लेखी पठाउने आदेश भक्ति थापाहरूलाई गएको थियो ।

"कुमाउमा खटिएका भारादारहरू पजनी गर्ने र मुद्दामामिला छिन्ने काम एकमतो भई गर्दैनन्" भन्ने उजूर काठमाडौंमा पऱ्यो । यसपछि "सरदार र सुब्बा मिली शासन चलाउनू भनी

● "पूर्णिमा" ९ पूर्णाङ्कका ५४–५५ पृ.

यताबाट खटाउँदा तिमीहरूलाई अह्राई पठाएको हो । अबउप्रान्त राम्रोसँग काम गर्ने गर" भनी यताबाट भक्ति थापाहरूलाई निर्देश गयो ।

वि. सं. १८५२ को पजनीमा अमरसिंह थापाले (भीमसैन थापाका बाबुले) कुमाउको सुब्बाङ्गी पाए । "अमरसिंह थापा त्यहाँ नआइपुगुञ्जेल पुराना सुब्बा अजप खबासले नै काम चलाउनू, यसपछि उनी काठमाडौं आउनू" भनी यताबाट कुमाउमा खबर गयो ।

"कुमाउका भूतपूर्व शासक लालसिंहलाई अवधका नवाब आसफुद्दौलाले शिरपाउ दिए । लालसिंहको लागेको खण्डमा उसले हामीसँग नवाबको फाटो पारिदिनेछ । नवाबसँग फाटो परेको घडीमा हामीले के गर्नुपर्ला" भनी भक्ति थापाहरूले काठमाडौंमा सोधी पठाए ।

"अंग्रेजसँग तथा नवाबसँग हाम्रो सम्बन्ध राम्रै छ । अरूका कुरा सुनी उनीहरूले हामीलाई अहिलेसम्म चिढाएका छैनन्, पछि पनि चिढाउनेछैनन् । काशीमा बसेका कम्पनीका दूत जोनाथन डङ्कनको तर्फबाट कुमाउका तराई काशीपुर रुद्रपुरका विषयमा कुरा गर्न आउनुभएका गुरुज्यू गजराज मिश्र भने "अंग्रेज र नवाब हामीसँग ज्यादै खुशी छन्, सानोतिनो कुरामा उनीहरूले हामीलाई चिढाउनेछैनन्" भनी भन्नुहुन्छ । अंग्रेज र नवाबले हामीलाई चिढाउलान् जस्तो हामी-लाई पनि लाग्दैन । केही गरी गोलमाल हुने पक्का खबर थाहा पायौ भने झटपट यहाँ खबर पठाओ । हामी यताबाट मदतको लागि फौज पठाऔंला । किनभने त्यहाँको फौजले मात्र लड्न सकिनेछैन । सिमानाको ठाउँ हुनाले त्यहाँको रक्षाको राम्रो बन्दोबस्त गर्नुपर्छ । किल्लाको राम्ररी सुरक्षा गर्नू । हातहतियार, फौज, रसदपानीको राम्रो प्रबन्ध गर्नू" भनी यताबाट भक्ति थापा-हरूलाई लेखी पठाइयो

तलको खण्डित पत्रबाट माथि लेखिएका कुरा थाहा पाइन्छन्–

(श्री ५ रणबहादुर शाहको प्रशस्ति)

स्वस्ति श्रीराजभारासामर्थ श्रीसर्दार जसिबंत भँडारि⊛ श्रीसर्दार भक्ति थापा श्रीसुबा अजप् षवास्के* आसिषपूर्वकपत्रमिदम्.

ज्यांहा कुशल ताहां कुशल चाहिय. पत्र आयो. अर्थ मालुम भयो. आगे ज्यांहाको समाचार भलो छ.

मंसिरका ४ दिन जांदा अलमोडा पुग्याको रोहिल्लाको र बडा नबापको लडाञि हुदा रोहिल्लालाई रसद मद्दत् नदेउ भनी नबाबले तिमिहरुलाई रुक्कासमेत हल्कारा पठायाको उस्को जबाप तिम्हेरुले लेख्याको पछि फेरि नबाब र रोहिल्लाको लडाई भई सलुक भयाको बिस्तार

---

⊛ यी जसिबन्त भँडारीका बाबु पारथ भंडारी तथा बाजे गजसिंह भँडारी हुन् । (श्रीचित्त-रञ्जन नेपालीको "श्री ५ रणबहादुर शाह" को १२० पृ.)

* यी अजप खबासका बाजेको नाउँ जगदेउ थापा तथा बाबुको नाउँ अचर थापा हो । ("श्री ५ रणबहादुर शाह" को १२० पृ.)

कबुलियत् लि गढका मानिस् नरु साह◉ कालु पांडेका▱ साथ आयाको अघिका सुबा कपतानसंग सवालमा लेष्याबमोजिम मुलुक्को आमदानि षसोषास् बुझाउ भन्दा नबुझाई आयाको आमदानी षर्चको फर्द★ ज्याहा पठायाको जगाजगाबाट❀ तिम्हेरूलाई आयाको चिठिको बिजिनिस् र तिमिहरूले जवाप पठायाका चिठिको मसौदासमेत् विस्तार बिति गरि पठायाछौ. मालुम भयो.

उप्रान्त रोहिल्लाको र बडा नबाबको लडाई भयाका अर्थलाई एति गर्नु भनि बिस्तार अघि तिमिहरूलाई लेषि पठायाको हो. उसैले बुझ्याहौ.

नरु साहि कालु पांडे गढवालका उकिल्÷समेत् आइपुग्या. चैत लाग्न्या संक्रान्ति बुधवारका दिन ↗ दर्शन् गर्‍या. तेस्तिरको सैसमाचार पनि विस्तार बिति गर्‍या.

बाँकि नरु साहि कालु पाँडेले सवालमा लेख्याबमोजिम तांहांको आमदानि तिमिहरुलाई (बुझाई)× आउन्या हो. बुझाई आएनन्त पनि तिमीहरुले लेषि पठायाका फर्दबमोजिम ज्याहाँ हामी बुझदछौं. तिमिहरुले पठायाको फर्दमा बेबरा बेबरा गरि बुझिउ. ५० सालको बेबरा पनि नरु शाह कालु पाँडेछेउ बुझ्दछौं. एस्को ज्या ठह्‌र्ला पछि लेषि पठाउँला. तर तिमिहरु पुग्नीबित्तिकै लेष्याको फर्द हो. बिस्तार तिमिहरु पनि पायेनहौ. अव त मुलुक्को विस्तार पैदावार ‡ पायाहौ. हांम्रो अम्बल भयादेषि+ आजसम्मको मुलुक्को आमदानी षर्च जिम्मबारि बेबरा बेबरासमेत् लेषि पठाउ.

उप्रांत तांहा पजनि र मामिलत्* गर्दा एकवाक्य गरि हुँदैन भनि तिमिहरु त लेष्छौ. अंतवाट यो षबर आउँछ. तसर्थ पजनि र मामिला गर्दा सर्दार सुबा बसी मतो मिलाई गर्नु भनि ज्यांहा हामीले पनि अह्रायाको हो. तांहा पनि हाम्रो हुकुममाफिक गर्न्या हो. मतो मिल्न नगया हाम्रो काम पनि बिग्रिन जाला. तिम्हेरुलाइ पनि अजस् पर्ला. तदर्थ टाढाको पल्ला छ. मतो मिलाई कामकाज गर्‍या हाम्रो काज पनि सप्रन जाला. तिमिहरुलाई पनि जस् होला. हेरि बुझि कामकाज गर्न्या गर.

---

◉ यी नरु शाह, गोरखाली राजा पृथ्वीपति शाहका नाति हुन् । यिनका बाबुको नाउँ शान्तरूप शाह हो । (श्रीअम्बिकाप्रसाद उपाध्यायको "नेपालको इतिहास" मा छापिएको श्री ५ महाराजाधिराजहरूको वंशावली)

▱ यी कालु पाँडेका बाजेको नाउँ सीताराम पाँडे तथा बाबुको नाउँ मणि पाँडे हो । ("श्री ५ रणबहादुर शाह" को १२३ पृ.)

★ फर्द = विवरण । ❀ जगाजगाबाट = ठाउँठाउँबाट ।

÷ उकिल् = दूत । ↗ चैत लाग्न्या संक्रान्ति बुधवारका दिन = वि. सं. १८५१ चैत १ गते बुधवारको दिन ।

× कोष्ठको पद मैले थपेको हुँ । ‡ पैदावार = उब्जनी । + हाम्रो अम्बल भयादेषि = हामीले जितेदेखि ।

* मामिलित् = मुद्दामामिला ।

बांकि ञाहा पजनि भयाको छ. देवदत्त थापाको● षायल* कजाई मान त्रिभुवन् षवासलाई‡

● यी देवदत्त थापा मगर हुन् । बि. सं. १८४९ ताका यिनी सरदार थिए । ("जय-रत्नाकरनाटक" को ८३ पृ.) ।

* षायल् = बाग्की ।

‡ पाटने काजी धनवन्त प्रधान र उनका छोरा वीरनरसिंह कीतिपुरविजय (वि. सं. १८२२ चैत ३ गते) भन्दा पहिले नै पृथ्वीनारायण शाहका आफन्त भइसकेका थिए । ("श्री ५ पृथ्वीनारायण शाहको उपदेश" का ८७२–८७३ पृ.)

यी त्रिभुवन खवास, तिनै धनवन्तका नाति तथा तिनै वीरनरसिंहका छोरा हुन् । ("श्री ५ रणबहादुर शाह" को १२२ पृ.)

स्वामी भएका रणबहादुर शाहलाई उनका सौताने भाइ शेरबहादुर शाहले वि. सं. १८६३ वैशाख १४ गते मारेपछि शेरबहादुरका मतियार भन्ने दोष लाई यी काजी त्रिभुवनलाई पनि भीमसेन थापाले मराएका थिए—

"श्रीशाके १७२८ सम्वत् १८६३ साल नेपालसम्वत् ९२७ मिति वैशाख शुदि ६ रोज ५ काठमाडौ पुषूलिङथान त्रिभुवन काजिका घर कौसिमाहा ब्यालुका घरि ८ जाडा सेरबहादुर चौतराले श्रीस्वामिज्यू कातिकन मान्यो. ताहापछि सेरबहादुर बिदु शाह त्रिभूवन काजि नरसिं काजि श्रीपालपालि राजा जगन षजांचिसमेत कातियो. परियार केटाकेटीसमेत ह्नासियो."

(ठिमीका श्रीचन्द्रमान जोशीकहाँको अप्रकाशित टिपोट)

"शाके वारणबाहुवाजिविधुभिर्हीने सिते माधवे
मासे भानुतिथौ गुरौ दशघटीकल्पे त्रियामाक्षणे ।
दुर्मन्त्रोत्थकुतर्ककर्कशगिरं निष्पाद्य गोष्ठीमुखे
हा कष्टं सचिवैर्निजै रणबहादुरक्षितीशो हतः ॥"

... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ...

[ शकसंवत् १७२८ (वि. सं. १८६३) वैशाखशुक्ल सप्तमी वृहस्पतिवारका दिन राति १० घडी जति जाँदा सभा भइरहेको वेलामा खरापसँग छलफल हुँदा गालिगोप्ता चल्न थाल्यो र अपशोच ! आफ्नै मन्त्रीहरूद्वारा रणबहादुर शाह मारिनुभयो । ]

("त्रिरत्नसौन्दर्यगाथा" को परिशिष्ट (२९१ पृ.) बाट)

वैशाख शुक्ल षष्ठी बृहस्पतिवार २८ घडी ३६ पला भएकोले रातिको घटना हुँदा यहाँ सप्तमी लेखिएको देखिन्छ ।

हालै निस्किएको श्रीशमशेरबहादुर थापाको 'रणवीरसिंह थापा" मा रणबहादुर शाह मारिएको मिति यस प्रकारको छ–

"वि. १८६३ वैशाख वदी ७ शनिबारको रातमा…शेरबहादुर शाहले जामाभित्र छिपाई

बक्स्यौं. बदलसिंको षायल सर्दारि मान बरषककम्पनीको सुबेदार अमसिं थापालाई बक्स्यौं. डोटिका दर्माहादार कम्पनीमा चागुनारान् मल् गाल्या षवास्लाई सुबेदारि अछाम दुल्लुमा बिन्या रोकायालाई कम्पनिसमेत् डेढ सय नाल खडा मराउनु गरि सुबांगि अगजित पाँडेलाई गोताम् बाँफि जांहारि जाजर्कोटमा तनुपा सुबेदारि सूर मल्ल नरोत्तम मल्ललाई बाजुरो बझाङ् छानि थलरो सुनि तलकोट सटालो एति जगाले बंदुक् एक सय तिस्को कंपनी षडा गर्नु भनी सुबेदारी जुम्लामाका दरमाहा कम्पनी दुईको एक कम्पनि गरि रामचन्द्र पांडेकन सुबेदारि बक्स्यौं. कुमाउको सुबांगि अमसिं थापा◉लाई बक्सौं. इ तांहां नपुगन्ज्या तांहा सुबाले गर्‍याको कामकाज मुनासिबमाफिक थामिन्यैछ. अमरसिं थापा ताहां पुग्यापछि बक्सन्यैछौं. यहाँदेषि उप्रान्तको पजनी ज्या ज्या होला. पछि अजपले ज्यांहां आउनु. तलाइ टहल + हामि ज्यांहि लेषि पठाउँला.

उप्रांत नबाफले लालसिंलाई★ सिरपाउ दिया. लालसिंको लाग्या नबापसंग हाम्रो टाडा पार्न्या घत्छ. लालसिंका कुरा सुनि कदाचित नबाफले हामिसित फाटन आँट्या रोहिल्लाको आहान् देषाई महिंद्रचन्* लालसिं मुष्तियार भै आया भन्या तांहांछिउ कसो गर्नुछ भनि बिंति

---

ल्याएको तरवार निकाली रणबहादुर शाहमाथि प्रहार गरेर आफू भाग्नतर्फ लागे ।

(२८ पृ.)

थापाज्यूले यो मिति भाषावंशावलीको तलको वाक्यको आधारमा लेख्नुभएको देखिन्छ–

"विक्रमसंवत् १८६३ वैशाख वदि ७ रोज शनिश्चरवारका दिन श्रीस्वामीज्यू रणबहादुर शाह स्वर्ग हुनुभयो ।"

वि. सं. १८६३ को मेषसंक्रान्ति वैशाख वदि ८ शुक्रवारको दिन पर्छ । वैशाख वदि ७, वि. सं. १८६२ को चैत्रमासान्त बिहिवारको दिन पर्न आउँछ । यस कारण भाषावंशावलीमा लेखिएको सो मिति पञ्चाङ्गसँग मिल्न आउँदैन । माथि उद्धरण गरिएका प्रमाणबाट वैशाख शुदि ६ उप्रान्त ७ बिहिवारको दिन रणबहादुर मारिएको सिद्ध हुन्छ । यस कारण "भाषावंशावली" मा र "रणवीरसिंह थापा" मा दिइएको सो मिति अशुद्ध ठहर्छ ।

◉ भीमसेन थापाका बाबु अमरसिंह थापा वि. सं. १८५५ मा मात्र सरदार भएकाले (श्रीचित्तरञ्जन नेपालीको "ज. भीमसेन थापा र तत्कालीन नेपाल"का २५३–२५४ पृ.) यस वेला कुमाउको सुब्बाङ्गी पाउने अमरसिंह थापा उनी नै होलान् भनी यहाँ अडकल गरिएको हो ।

अमरसिंह थापाको परिचय "पूर्णिमा" ६ पूर्णाङ्कको ६८ पृष्ठमा छापिएको छ ।

+ टहल = नोकरी ।

★ "पूर्णिमा" ५ पूर्णाङ्कका ५९–६० पृ. मा लालसिंहको परिचय छापिएको छ ।

* "पूर्णिमा" ५ पूर्णाङ्कका ५९–६० पृ. मा महेन्द्रचन्दको परिचय छापिएको छ ।

गरि पठायाछौ. तेस् कुराको अर्थकन फिरंगि÷ नबाफसित हाम्रो बढियै छ. कसका कुरा सुनी अझसम्म हामीलाई चिह्न्याको पनि छैन. चिह्नावैनन्. तांहापछि (श्रीकाशीबाट) डंकिन साहेबका मार्फत कासिपूर रुद्रपूरका मामिलत्का कुरा लि आउनुभयाको छ. गजराज मिश्रज्यूबाट× ल्याउनुभयाको षबरमा फिरंगि नबाप हामिदेषि बहुतै षुसी छन्. थोरा कुरामा चिह्नाउन्या पनि छैनन् भनि षबर कहनुहुन्छ. तांहांबाट भन्या तिम्हेरु तैसो लेष्छौ.

मुख्य फिरंगि नबाप हामीलाई चिह्नाउन षसैनन्. चेत् केहि कामले चिह्न्यायो भन्या तेति फउजले तिमिहेरुलाई कठिन होला. षलकि समाचारपछि लाग्नु छैन. निस्तुक❁ कटक्+ गर्न आंट्यो भन्या धावा गरि* ज्यांहा बिति गरि पठाया र भारासमेत‡ फौज मद्दतलाई पठाउँला. तांहांसम्म आफ्नु मुलुक गर. गौडा★ थामन्या अर्थ गर्नुपर्ला. आजका अर्थकन र मुहुडाको△ जगा छ. हाम्रा गौंडा जाहां जाहां छं. बनाइराषनु. षजाना↗ अंन पानि सिपाहि पोष्त▱ गरि राष. ठानाठानाको हाजिरि लिदै रहनु. पऱ्याका दिनमा बिरिन कतैबाट नपावोस्. तिमिहरु पनि जान्यै मानिस् छौ. ढुंगाको§ संभ्रन्या र तिमिहरुलाई जस् हुन्या काज गऱ्या.

बांकि अझ पनि दषिन पश्चिमतिर मानिस् हाल्दै समाचार बुझदै रहनु. ज्यांहा पनि बिति गरि पठाउनु.

("हिमवत्संस्कृति" ३ अङ्कका १२–१४ पृ.)

भक्ति थापालाई कुमाउमा नियुक्त गर्दाको सवालमा "देसदेसको षैखबर महिनामहीनामा दर्बारमा चीठीपत्र दाषीला गराउनु" भन्ने वाक्य पनि लेखिएको छ† । यही आदेशबमोजिम भक्ति थापाले आफ्नो वरपरका राज्यका आफूले जानेबुझेसम्मका तात्कालिक राजनीतिका घटना काठमाडौंमा लेखी पठाउने गरेका थिए । यसै सन्दर्भमा उनले नेपालका दुइ आश्रित राज्य गढवाल र सिरमौरको लडाइँ भएको तथा मरहट्टाले ती दुइ राज्यलाई बझाई पैसा खाएको कुरा काठमाडौंमा लेखी पठाए । गढवाल र सिरमौरमा झगडा भइरहेमा नै आफूलाई फाइदा हुने हुनाले ती दुइ राज्यमा कहिल्यै मेल हुन नदिनू भनी यताबाट भक्ति थापालाई लेखी पठाइयो ।

कुमाउका भूतपूर्व राजा महेन्द्रचन्द्र, उनका काका लालसिंह तथा कुमाउका प्रभावशाली पुरुष हर्षदेव जोशीले नेपालबाट कुमाउलाई अलग्याउन खोजिरहेका थिए । यसैले उनीहरू नेपालको विरोधमा अवधलाई उचाल्न पुग्थे । "महेन्द्रचन्द्रहरूले अवधका नवावलाई हाम्रो

---

÷ फिरंगि = अंग्रेज ।

× गजराज मिश्रको परिचय "पूर्णिमा" ८ पूर्णाङ्कका ४५–४६ पृ. मा छापिएको छ ।

❁निस्तुक = पक्का । +कटक् = लडाइँ । *धावा गरि = दौडादौड गरी । ‡भारासमेत = भारादारसमेत । ★गौडा = गढी । △मुहुडा = सिमाना । ↗षजाना = हातहतियार । ▱पोष्त = प्रशस्त । §ढुंगा = मुलुक ।

†"पूर्णिमा" ११ पूर्णाङ्कको ३५ पृ.

बिरोधमा उठाउन खोजिरहेछन्" भन्ने भक्ति थापाले पठाएको खबरको जवाफमा "नवाबको दरबारमा तिनीहरूको कुरा हलुङ्गो पार्न हामीहरूले यताबाट कोशिश गरिरहेछौं, ती भगुवा-हरूको कामकार्रवाई चेवाद्वारा बराबर बुझी यहां खबर पठाउँदै गर्नू, आफ्नो सुरक्षाको पनि बन्दोवस्त गर्नू" भनी लेखिई गयो ।

बि. सं. १८५१ को अन्त्यमा❁ हैदराबादका निजाम निजाम अली र मरहट्टाहरूको लडाइँ हुँदा निजाम अलीको हार भई उनले दबी सन्धि गरेको भक्ति थापाले काठमाडौंमा लेखी पठाए। यो खबर बनारसबाट पनि काठमाडौंमा आइपुगिसकेको थियो । अब मरहट्टाहरूले निजामको र आफ्नो संयुक्त सैन्यले पञ्जाबमा हमला गर्छन् भन्ने हल्ला काठमाडौंमा आएको थियो । मरहट्टा र सीख दुबैतर्फ चेवा हाली यस विषयको पक्का खबर बुझी राजधानीमा लेखी पठाउने निर्देश भक्ति थापालाई दिइयो ।

मर्स्याङ्दीभन्दा पश्चिमको प्रदेशको पजनी गर्ने अख्तियार पाएका भक्ति थापाले गरेको पजनीमा मूल (केन्द्र) का शासकका आफन्तहरूको पनि खोसमोस भएको थियो ।

यो खबर काठमाडौंमा आएपछि केही ठाउँमा सोझैं राजधानीबाट दोहर्‍याई पजनी भएको थियो । यसरी आफूले गरेको पजनी उल्टयाएको देखेर भक्ति थापाले "मैले बिगारेको भए मैले सजाय पाउनुपर्ने हो, यो पद सरकारबाट मलाई बक्सेको हो, मैले यताबाट गरेको काम-लाई मान्यता नदिनु ठीक होइन" भनी यहाँ लेखेर पठाए ।

"तिमीले लेखी पठाएको कुरा ठीकै हो । तर हाम्रा भाइ छोराले खाएका जागीरको पजनी हामीलाई साधेर मात्र गर्नुपर्थ्यो । हामीलाई नसाधी पजनी गरेकोले त्यो पजनी नै भएन । यस कारण यताबाट फेरि पजनी भएको हो । अरू पजनी तिमीले गरेको ठीकै छ' भनी भक्ति थापालाई जवाफ पठाइयो ।

कुमाउको उत्तरतिर हिमाल भेकको जुहारभोट भन्ने कुमाउको आश्रित राज्यले नेपालले कुमाउ जितेपछि नेपाललाई सालिन्दा ६ हजार रु. सिर्तो तिर्ने गरी नेपालको आश्रय स्वीकार गरेको थियो ।

जुहारभोटले कुमाउलाई सालिन्दा १६ हजार सिर्तो तिर्ने गरेको र आफूले चाहिं सालिन्दा ६ हजार मात्र सिर्तो पाइरहेकोले नेपालले सिर्तो बढाउन खोजिरहेको थियो ।

"कुमाउको भोटलाई संझाई बुझाई वा लड्न परेको खण्डमा लडीकन पनि उसलाई आफूलाई मान्ने तुल्याउनू" भनी भक्ति थापालाई कुमाउमा खटाउँदा नेपालसरकारले उनलाई निर्देश दिएको थियो× ।

"अब तिमीले जुहारभोटसँग १६ हजार सिर्तो बुझी त्यस सिर्तोले पजनी हुँदा अन्यायमा परेका कर्मचारीहरूलाई वृत्ति दिनू । जुहारभोट अपठ्यारो ठाउँ हुनाले पहिलेबाट संझाई बुझाई

---

❁श्रीएस० सी० सरकार र श्री के. के. दत्तको "आधुनिक भारतबर्ष का इतिहास"को १५७ पृ. ।
×"पूर्णिमा" ११ पूर्णाङ्कको ३६ पृ. ।

सिर्तो बढाउने कोशिश गर्नू । संझाउँदा बुझाउँदा पनि केही नलागी लडाइँ नै गर्नुपर्ने खण्ड आएमा यहाँ लेखी पठाउनू" भन्ने आदेश वि. सं. १८५२ साउन १२ गते भक्ति थापालाई गयो ।

तलको पत्रको आधारमा माथिका कुरा लेखिएका हुन्–

(श्री ५ रणबहादुर शाहको प्रशस्ति)

स्वस्ति श्रीराजभारासामर्थश्रीसर्दारभक्तिथापाकेषु आसिषपुर्वकपत्रमिदं.

ञाहाँ कुसल. ताँहाँ कुसल चाहिय. पत्र आयो. अर्थ मालुम भयो. आगे याहाँको समाचार भलो छ.

उप्रान्त गढ श्रीमौरको लडाँई भयाको. मर्हट्टाले गढ श्रिमौरलाई बझाई दोहरै पैसा षायाको. महेन्द्रचन लालसिं रुद्रपुरमा छन्. जैसि❁ लषनौ जाई सक्यभर फितरुत★ गर्न लागिरह्याछन् भन्याको कुरा र मर्हट्टा र निजामल्लि नबापको लडाइँ भै नबापले सिकस्त षायाको. पछि नबापले पैसा तिरि सलुक भयाको षबर सुन्याबुझ्याको कुरो विस्तार बिन्ति गरि पठायाछौ. मालुम भयो.

उप्रान्त श्रिमौरको र गढको मिलाप नहुँन दिन्या घा हाँम्रो हो. आफै बाझन जति लाग्या ताँ हाँम्रो सब्यै छ. ताँहाँ बसन्या तिमि भारादारहरुले ति दुई ढुंगालाई मिलायर येकवाक्यता हुँन कहिले नदिनु. आफना ढुंगाको सप्रन्या तिमिहरु जान्यैछौ. सोहि जानि गर.

उप्रान्त जैसि महेन्द्रचन लालसिंहरुको लाग्या भरिसक्य फितरुत गर्न्यैछन्. ईन्हेरुको बात काटिन्या. नबापका दर्बारमा बात् हलुकाई पर्न्या. कुरो नलाग्न्या काज् याँहाबाट पनि गर्दछौं. तिमिहरुले पनि ति भगौडाहेरु क्या कर्तव्य कमाईमा लाग्याका छन्. अन्न पनि मानिस हालि हर्हमेस समाचार बुझ्दै गर्नु. आपनु हुसियारि गर्न्या कुरो गर्दै रहनु. ञाहाँ पनि बिंति गरि पठाँउँदै गर्नु.

· मर्हट्टा र निजामल्लिको लडाँई भै पछि सलुक भयाको बनारसबाट पनि अघि षबर आयोथ्यो. त्यो कुरो साँचै हो.

परन्तु ति दुईको मिलाप भै मर्हट्टाले आपनु फउजमा [सा]मिल गरि सिषपर‡ चढाई÷ गर्छ भनी षबर आईरहेछ. त्यो षबर हो होइन. ताँहाँदेषि त्यो मुलुक नजिक पर्छ. दुवै तरपतिर मानिस हालि निस्तुक बुझि याहाँ बिन्ति गरि पठाउ.

उप्रान्त नया मुलुकको कच्चा× बुझ्यास् भनि मर्जि भयाको थियो र कुमाउको कषा बुझदा सुब्बाको मन नपर्न्या रयत भन्या षुसि हुन्या. सर्कारको दब्याछप्याको पैसा किफायत हुन्या रहेछ भनि बिन्ति गरि पठायाछौ. बढियै कुरो बिन्ति गरि पठायाछौ. तस्तै दबियाको छपियाको देषाउला. बिग्र्याको सपारौला भनि तिमिलाई पगरि§ बक्स्याको हो. कुमाउँको कच्चा बुझ्न दे भनि सुबाका नाउँमा मोहर गरि पठायाको छ. तिमिले ताँहाँको कच्चा जस्ताकोतस्तो गरि

---

❁ जैसि = हर्षदेव जोशी । ★ फितरुत = धूर्तता ।

‡ सिषपर = सीखमाथि । ÷ चढाई = हमला ।

× कच्चा = फाँटवारी । § पगरि = पद ।

बुझ. बुझ्यापछि कागतपत्र साफ गरि मुलुकको कैफियेत यस्तो रहेछ. एत्ति आमदानी हुँदो रह्येछ भनि बिन्ति गरि पठाउ.

उप्रान्त मेहरले❁ सर्दारिको पगरि बक्सनुभयोथ्यो. दर्सन गऱ्याका महिना दिनपछि कुमाउँ जा भनि मर्जि हुदा कुमाउँ बाकलो बलियो हुन्या र ढुंगाको सप्रन्या कुरो बुझ्याको बिन्ति गऱ्याँथ्याँ. मर्स्याङदिपश्चिमको पँजनि र गर्न्या काजको सवाल बक्सनुभयोथ्यो. सिरचह्लाई आयाँथ्याँ. कुमाउँ आई सिपाहि थामना बुझाउँनानिमित्य पँजनि गऱ्याँथ्याँ. तेस कुरामा बिरायाको भया म पो तकसिरिया± हुन्याहुँ र पगरि षाँमीदको+ हो. येस जगामा बसि गऱ्याको काज् बिसहि§ हुन्या होईन भनि दुषाई* बिन्ति गरि पठायाछौ. योग्यै कुरा बिन्ति गरि पठायाछौ.

परन्तु कुंपनिका सुबेदार हाँम्रा भाई छोराले षायाका जग्गाको पजनि गर्दा हाँम्रा हजूरमा बिन्ति गरि षोसिन्या हुन्. नसाधि ताँहाँ षोसना होइनं. हाँम्रा हजूरमा नसाधिदा ति जग्गाको पँजनि भयाको हवैन भनि ताँहाको बलियो गर्नानिमित्य र रस्ताको★ सह्यारनिमित्य अछाममा एक कुंपनिले षायाको थियो. तेसै जग्गामा २ सय २ नाल थलिछाम. अछाम दुल्लु येती जग्गा बिऱ्या रोकायालाई बक्स्यौं. डोटिमा रह्याका २ कुंपनिको सुबेदारी चाँगुनारायण मल्ल र गाल्यालाई बक्स्यौं. छान्नु थलारो बाजुरामा कुंपनि हाल्या बलियो पर्ला भनि येकसय तिस् नालका कुंपनि षडा गरि सुरमर्दन मल्ललाई सुबेदारि बक्स्यौं.

उप्रान्त जाजर्कोटले अघि १।२ बेर कुलको⟶ षर्षसको काज गऱ्याको देषता संधिको जग्गा⫽ छ. बितोल× पर्ला. त्यो जग्गा बलियो गरि राषन्या हो भन्नानिमित्य १ सय ३० नालको कुंपनि षडा गरि जगजित पाँडेलाई सुबेदारि बक्स्यौं. तेस कुंपनिका षानगिलाई जाजर्कोटले बियाका नालबन्दिका आमदानिले कुपनिको दर्माहा÷ भर्त्ति नहुँदा दार्मु जाहारिप्रभृति ८ थपालाको जग्गा एस कुंपनिको षानगि पुऱ्याईबक्स्यौं. तेतातिरको र जुमलातिरको बलियो पर्न्या दुवैतिरका रस्ताको सह्यार रहेन्या देषि येति काम भयाको छ. ढुंगाको बन्न्या सप्रन्या कुरामा दुष मान्नुपर्दैन.

बांकि तेस जगामा जाई सेवन गर्न्या सेवक षान पाउँन्यै हुन्. अरू पँजनि ताहाँ गऱ्याको थाँभिबक्स्यैको छ.

ई दोबरा पँजनिमा पऱ्याका सुब्बा उमरा✣ अरु ढाक्या उमराहेरुलाई षेतका बालिका हिसापले जुवारभोटको अघि कुमाँउँलाई सालिन्ना १६ हजार सिर्त्तो तिर्दो रहेछ. हाँम्रो अम्बल भयापछि ६ हजार मात्रै लि छोडिदिदा रह्याछन्. १६ हजार आउन्या जग्गामा ६ हजार लि

---

❁ मेहर = निगाह । ±तकसिरिया = अपराधी । +षाँमीद = मालिक । § बिसहि = अप्रामाणिक । *दुषाई = चित्त दुखाई ।

★ रस्ता = बाटो ।

⟶कुल = विद्रोह । ⫽संधिको जग्गा = गौंडो निकास आदि काम लाग्ने ठाउँ । ×बितोल = बित्यास । ÷दमाह = तलब ।

✣उमरा = भारादार ।

छोडिदियाको ताँहाँ बसन्या अघिका भाराले नजान्याको हो. तसर्थ तेस् जुवारभोटले कुमाँउँका पाला १६ हजार तिर्दो रहेछ. आज पनि भरि लेउ. तेसै आमदानीले गह्रौं दार्मु जाहारि श्राठ्थ-पालि दुल्लुगैह्रह पँजनिमा बिसहि भयाकालाई इ उमराहरुको बालिषर्च दि बुझाउ. तेस काजलाई ताँहाँका सर्दार मुब्बा सुबेदारहेरुलाई पनि सर्दारसित साँमिल भै मतो मिलाई यो काज गर भनि मोहर पठायाको छ.

बाँकि जुवारभोटका सोह्र हजार लिनाका अर्थकन जग्गा बिकट्● छ. कुन्हुं पनि बिकट् छ भन्छन्. तस्तै जति भया नुनलौह्रो देषाई दाम बढाई झिकन्या काम गर्नु. कटक नगरि काबु नहुन्या भया याँहाँ विन्ति गरि पठाउ र हुकुम भयामाफिक गरौला.

उप्रान्त तिम्रा मार्फत गढवालबाट श्रायाका तिमासि रुपया येक हजार आईपुग्या.

ईति सम्वत १८५२ साल मिति श्रावण शुदि ८ रोज ६ ÷ मुकाम कान्तिपुर राजधानी शुभम्

("हिमवत्संस्कृति" ३ अङ्कका ७–९ पृ.)

यसपछि भक्ति थापाले जुहारभोटेहरुलाई संझाई बुझाई सिर्तो बढाउन खोजे । तर उनीहरूले टेर्दै नटेरेकाले वि. सं. १८५२ कार्तिक २५ गतेको दिन भक्ति थापाले जुहारभोटमा हमला गरे । जुहारभोटको सिमानाका जग्गा र गढी कब्जा गरी १०।१५ जनालाई मारिदिंदा जुहारभोटे-हरूको मस्ती गल्यो र उनीहरू भक्ति थापाको शरण पर्न आए ।

"कुमाउलाई भने १६ हजार सिर्तो तिर्थ्यौं" भनी भक्ति थापाले भन्दा "कुमाउलाई हामीले नगद होइन, जिन्सी १६ हजार तिर्ने गरेका थियौं" भनी जुहारभोटेहरूले जवाफ दिए । जिन्सीमा आफूलाई नोक्सान देखिएकोले सालिन्दा १० हजार रू. बुझ्ने गरी भक्ति थापाले जुहारभोटेहरूसँग बन्दोबस्त बाँधे ।

जुहारभोटभन्दा पूर्वपट्टिको दारमाभोटबाट→ कुमाउले ५ हजार बुझ्ने गरेको थियो । जुहारभोटलाई निहुर्याएपछि नेपाललाई ६ हजार बुझाउनुपर्ने गरी भक्ति थापाले दारमाभोटसँग बन्दोबस्त बाँधे ।

सरदार भक्ति थापा जुहारभोटतिर अलमलिएको वेलामा उनीसित सल्लाहै नगरी सरदार जसिवन्त भँडारीसमेत भई सुब्बा अमरसिंह थापाले किलपुरी कब्जा गरे । यसपछि मात्र अमरसिंह थापाले भक्ति थापालाई किलपुरी दखल गरेको खबर गरे ।

अमरसिंह थापाले किलपुरी कब्जा गरेपछि सो कब्जा गरेकोमा विरोध गरी अवधका नवाबले काठमाडौंमा चिठी पठाए । "किलपुरी हामीले लालसिंहलाई दिएको हो । हामीहरूमा राम्रो सम्बन्ध हुँदाहुँदै तिमीले किलपुरी दखल गरेको बढिया भएन । किलपुरी छोडिदेऊ" भनी सो चिठीमा लेखिएको थियो ।

---

● बिकट् = कठिन ।

÷ श्रावण शुदि ८ रोज ६ = साउन १२ गते शुक्रवार ।

→ श्रीबदरीदत्त पांडेको "कुमाऊँ का इतिहास" को ६७ पृ. ।

छोडिदियाको ताँहाँ बसन्या अघिका भाराले नजान्याको हो. तसर्थ तेस् जुवारभोटले कुमाँउँका पाला १६ हजार तिर्दो रहेछ. आज पनि भरि लेउ. तेसै आमदानीले गह्रौं दार्मु जाहारि श्राठ्थ-पालि दुल्लुगैह्रह पँजनिमा बिसहि भयाकालाई इ उमराहरुको बालिषर्च दि बुझाउ. तेस काजलाई ताँहाँका सर्दार सुब्बा सुबेदारहेरुलाई पनि सर्दारसित साँमिल भै मतो मिलाई यो काज गर भनि मोहर पठायाको छ.

बाँकि जुवारभोटका सोह्र हजार लिनाका अर्थकन जग्गा बिकट्❀ छ. कुन्हें पनि बिकट् छ भन्छन्. तस्तै जति भया नुनलौह्रो देषाई दाम बढाई झिकन्या काम गर्नु. कटक नगरि काबु नहुन्या भया याँहाँ बिन्ति गरि पठाउ र हुकुम भयामाफिक गरौला.

उप्रान्त तिम्रा मार्फत गढवालबाट आयाका तिमासि रुपया येक हजार आईपुग्या.

ईति सम्वत १८५२ साल मिति श्रावण शुदि ८ रोज ६ ÷ मुकाम कान्तिपूर राजधानी शुभम्

("हिमवत्संस्कृति" ३ अङ्कका ७–९ पृ.)

यसपछि भक्ति थापाले जुहारभोटेहरुलाई संझाई बुझाई सिर्तो बढाउन खोजे । तर उनीहरूले टेर्दै नटेरेकाले वि. सं. १८५२ कार्तिक २५ गतेको दिन भक्ति थापाले जुहारभोटमा हमला गरे । जुहारभोटको सिमानाका जग्गा र गढी कब्जा गरी १०।१५ जनालाई मारिदिंदा जुहारभोटे-हरूको मस्ती गल्यो र उनीहरू भक्ति थापाको शरण पर्न आए ।

"कुमाउलाई भने १६ हजार सिर्तो तिर्थ्यौ" भनी भक्ति थापाले भन्दा "कुमाउलाई हामीले नगद होइन, जिन्सी १६ हजार तिर्ने गरेका थियौं" भनी जुहारभोटेहरूले जवाफ दिए । जिन्सीमा आफूलाई नोक्सान देखिएकोले सालिन्दा १० हजार रू. बुझ्ने गरी भक्ति थापाले जुहारभोटेहरूसँग बन्दोबस्त बाँधे ।

जुहारभोटभन्दा पूर्वपट्टिको दारमाभोटबाट→ कुमाउले ५ हजार बुझ्ने गरेको थियो । जुहारभोटलाई निहुन्याएपछि नेपाललाई ६ हजार बुझाउनुपर्ने गरी भक्ति थापाले दारमाभोटसँग बन्दोबस्त बाँधे ।

सरदार भक्ति थापा जुहारभोटतिर अलमलिएको बेलामा उनीसित सल्लाहै नगरी सरदार जसिबन्त भँडारीसमेत भई सुब्बा अमरसिंह थापाले किलपुरी कब्जा गरे । यसपछि मात्र अमरसिंह थापाले भक्ति थापालाई किलपुरी दखल गरेको खबर गरे ।

अमरसिंह थापाले किलपुरी कब्जा गरेपछि सो कब्जा गरेकोमा विरोध गरी अवधका नवाबले काठमाडौंमा चिठी पठाए । "किलपुरी हामीले लालसिंहलाई दिएको हो । हामीहरूमा राम्रो सम्बन्ध हुँदाहुँदै तिमीले किलपुरी दखल गरेको बढिया भएन । किलपुरी छोडिदेऊ" भनी सो चिठीमा लेखिएको थियो ।

---

❀ बिकट् = कठिन ।

÷ श्रावण शुदि ८ रोज ६ = साउन १२ गते शुक्रवार ।

→ श्रीबदरीदत्त पांडेको "कुमाऊँ का इतिहास" को ६७ पृ. ।

"तिम्रा र अंग्रेजका हामीले २।४ वटा ठूलठूलै काम गरिदिएका थियौं। तर हामीले लाएको गुनको केही भाउ भएन । त्यो छोटो राजा लालसिहकै तिमीहरूले पक्ष लियौ तापनि यति जाबो कुरामा हामी तिमीसँगको सम्बन्ध बिगार्नेछैनौं" भनी यताबाट जवाफ गयो ।

"नवाब नताल्ने भए मात्र किलपुरीमा हमला गर्नू भनी हामीले सुब्बालाई सवाल लेखिदिएको हो । तर उनले नवाबको विचारै नगरी किलपुरीमा हमला गरेछन् । कुनै पनि काम गर्दा सबैको एक मतो भई गरेको काम सजिलैसँग सिद्ध हुन्छ । कोही भोट हान्ने, कोही मधेस हान्ने यसरी दुइ मत गरी गरेको काम कच्चा हुन्छ । जुहारभोटेहरू र किलपुरेहरू लड्न आएको भए हाम्रो कस्तो हालत हुने थियो । अबदेखि हडबड नगरी विचार पुऱ्याईं काम गर्ने गर" भनी काठमाडौंबाट लेखी पठाइयो ।

"किलपुरीको निमित्त नवाब र अंग्रेज मिली लड्न आएको खण्डमा किलपुरी छोडी कुमाउको राम्रो सुरक्षा गरी बस्नू । उनीहरू नआई लालसिह मात्र आयो भने उसँग लडी किलपुरी थाम्नू" भनी यताबाट भक्ति थापालाई निर्देश भयो ।

जुहारभोट र दारमाभोटतिरको बन्दोबस्त मिलाइवरी कालिकुमाउको कोटबलगढीमा आइपुग्दा अमरसिह थापाले किलपुरी छोडेको खबर भक्ति थापाले पाए । यसपछि उनले काठमाडौंमा सो कुरा लेखी पठाए ।

"एक मतो नगरी, चाँजो नमिलाई गरेको कामको फल त्यस्तै हुन्छ । अबउप्रान्त नवाबको फौजमाथि कहिल्यै हमला नगर्नू । लालसिह र महेन्द्रचन्द्र लड्न आए भने लड्नू, नवाबको फौज लड्न आयो भने नलड्नू भनी अघि पनि तिमीहरूलाई लेखेकै हो । किलपुरीमा नवाबको फौज बसेको भए उसलाई चलाउनु ठीक छैन । किलपुरीदेखि पनि अगाडि बढी हाम्रो सरहदमा नवाबको फौज पसेमा मात्र मौका मिलाई लड्नू" भनी यताबाट लेखी पठाइयो ।

कुमाउमा खटिएका अधिकारी भक्ति थापा र अमरसिह थापामा एकमतो नभएकोले अवधसँगको तथा इस्ट इन्डिया कम्पनीसँगको सम्बन्धमै खलल पर्ने डर भयो । यस कारण काठमाडौंमा यो कुरा निकै चिन्ताको विषय बन्यो ।

सुब्बा नरु शाहले कुमाउको शासन राम्ररी चलाउन नसकेकाले नै उनको हातबाट कुमाउको शासनसूत्र झिकी उनीभन्दा माथिल्ला अधिकारी सरदार भक्ति थापालाई कुमाउको शासन सुम्पिएको थियो । तर सरदार भक्ति थापा र उनका सहायक सुब्बा अमरसिह थापाको विचार नमिलेकोले र त्यसको असर वैदेशिक सम्बन्धमा समेत पर्न गएकोले उनीहरूलाई कुमाउको शासन सुम्पनु मूल (केन्द्र)का शासकले श्रेयस्कर संझेनन् । अब अझ माथिल्लो अधिकारीको हातमा कुमाउको शासन सुम्पनुपर्छ भन्ने विचार गरी बम शाहलाई चौतारा बनाई कुमाउको शासकमा नियुक्त गर्ने अठोट मूल (केन्द्र)का शासकले गरे । बम शाह कुमाउ नआइपुगेसम्म मर्स्याङ्दी पश्चिमको पजनी पनि नगर्नू भनी वि. सं. १८५२ फागुन ३ गते भक्ति थापालाई लेखी पठाइयो ।

माथि लेखिएका कुराका आधार यी २ पत्र हुन्–

(श्री ५ रणबहादुर शाहको प्रशस्ति)

स्वस्ति श्रीराजभारासामर्थ श्रीभक्ति थापा श्रीअम्बरसिं बषेति श्रीबलिराज थापा श्रीहाति बोहोराके आसिषपूर्वकपत्रमिदम्.

ञांहाँ कुसल. ताहाँ कुशल चाहिऐ. पत्र आयो. अर्थ मालुम भयो. आगे ञाँहाको समाचार भलो छ.

उप्रांत नुनलौह्लो गरि भोटचालाई सिर्तो बढाउनु भनि मर्जि आयाको थियो. भोटचासँग नुनलौह्लो गर्दा हामीले भन्याको बुझमा आयन र सर्दार सुब्बा सुबेदारका कौसल❁ मत गरि हान्यै ठहरियो र कात्तिकका दिन १८ जांदा शनिश्चरवार घरि चार ४ बिताई प्रस्थान भै कात्तिकका दिन पचिस् २५ जाँदाँ शनीश्चरवार हान्न हिड्यौं. अघ्यार+ भन्या भोटचाले मान्यन. जना १०।१५ भोटचा मारिदिदा संधिसर्पनको जग्गा गढि हात गर्दा धामाबुढाको★ छोरासहित जुहारका भोटचा सबै पिछा पऱ्या. ञाहाँको बन्दोबस्त गरि कुमाउ सह्यार गर्नु जांछु भनी विस्तार बिन्ति गरि पठायाछौ. जाहेर भयो.

बाकि ताँहाँको भोटचा सोझोसामु भैं पिछा पर्न आयाछन्. बढिया भयेछ. ताँहाँ कुह्नि षान्या जग्गा छैन. सलुकले षान्या जग्गा छ. अघि कुमाउले षायाको बुझि जग्गा हेरि जग्गामाफिकको आफनु नफ्फा हुन्या गरि सिर्तो बाधनु. ताँहाका रयेत षुसि राषी गऱ्याको काम मुदत्सम्म× ठहऱ्यां गरि बन्दोबस्त बाँधि कुमाउँका सह्यार गन आउ.

बाकि दोबरा पऱ्याका सुब्बाको बिंति गरि पठायाछौ. मिहिनत् गर्ऱ्या मानिसको बिंति गरि पठायाछौ. बढिया हो. गयाको पजनीमा दोबरा पऱ्या तपनि एस सालका पजनी चल्यापछि बन्दोबस्त गरि पठाउला. मिहिनत् गर्ऱ्या मानिस सिपाहि पाहुन्यै हुन्. षातिर्जामा❀ दि बुझाई राष.

उप्रांत काज काटदा र गर्दा आफसि मतो मिलाई एकवाक्यता गऱ्या आँटचाको काम सरलै पुग्छ. परंतु कोई भोट् हांन्या कोई मध्येस हांन्या एस्तो दुईतिर पारि काम गऱ्या कच्चो पर्छ. तिनिहरू जुझि लड्न दिया कस्तो पर्दो हो. हेरि चेति गर्नु. उलह्रौ काम नगर्नु. आँधिषोलामा गऱ्या जस्तो काम गऱ्या अब पुग्न्याछैन. सोई जानी काम गर्ऱ्या गर.

बाकि केवलपुरको काम गर्दा नबाफ बुझि नवाफ नचम्कन्या भया काम गर्नु भनि सुब्बालाई सबाल लेखिदियाको हो. नबाफ नबुझि केवलपुर हाँन्याछन् र नबाफ बेनिसाहेबले ञाहाँ हामिलाई रुक्का लेषि पठायाको आईपुग्यो.

तेस्मा क्या लेष्याको छ भन्या केवलपुर भन्याको जग्गा हामिले लालसिंलाई दियाको हो. दोस्तामा क्यान गऱ्यौ. सो जग्गा छोडिदेउ भनि लेष्याको रहेछ.

---

❁ कौसल = सभा । +अघ्यार = अघिबाट । ★ धामाबुढा = जुहारभोटका शासक । × मुदत्सम्म = पछि परन्तुसम्म ।

❀ षातिर्जामा = ढाढस ।

हामिले पनि जवाफ अंगरेज तिमि दुवैको दुई चार काम ठुलै गर्‍याथिन्यु. आज ति साना राजा लालसिंको सर्द भयो. हाम्रो कुरा लागेन भन्या छोटो बात्मा हाँमि तिमिसँग दोस्त फाटन्याछैनौं भनि लेषि पठाऔं.

बाकि त्यो केवलपुरमा नबाफ फिरंगि दुवै उठि लडाई गर्न आयो भन्या त्यो छोडि कुमाउँ बलियो गर्नु. लालसि उठाई ताँहि पुढो बटुलि लडन आयो भन्या तिन्लाई काटि केवलपुर बलियो गरि थामनु. तल जांन्या सर्दार सुव्बालाई पनी यसै गर भनी लेष्याको छ. मतो मिलाई ढुंगाको सप्रन्या बंन्या आफुलाई जस हुन्या एकवाक्यता गरि काम गर्न्या गर.

इति संवत् १८५२ साल मिति पौष शुदि ५ रोज ६ ❁ मुकाम कांतिपुर शुभम्

("हिमवत्संस्कृति" ३ अङ्कका ९–१० पृ.)

(श्री ५ रणबहादुर शाहको प्रशस्ति)

स्वस्ति श्रीसर्वोपमायोग्य राजभारासामर्थ श्रीसर्दार भक्ति थापा श्रीबलिराज थापा श्रीअमरसिं बषेति श्रीहाति बाहराके आसिषपूर्वकपत्रमिदं.

पत्र आयो. अर्थ मालुम भयो. याहाँ कुसल. ताहाँ कुसल चाहिए. आगे ज्याहाँको समाचार भलो छ.

उप्रान्त जुहारभोट हान्न गयाको हिउँको जग्गा रहेछ. सिपाहिले मिहनत गर्‍याको कुमाउका पालामा जुहारको सिर्तो १६ हजार हो भनि हामिले भन्दा सोपकाले जिनिसि १६ हजार दिन्थ्यौं भन्यो र जिनिसीमा नोक्सान देषि नगद १० हजारमा षतम गर्‍यु. दार्माभोट कुमाईले ५ हजारमा ईजारा× षादा रहेछन्. तस्माथि १ थपायुँ. यस्ता तरहसंग भोटसित बन्दोबस्त गरीसक्यापछि सुबा सर्दारबाट केवलपुरी अम्मल पनि गर्‍युँ. फेरि गर्मि पनि भयो. चाडो आव भनि २।३ चिठी आउँदा हामि पनि रातसाँज गरि कालिकुमाउँको ★ कोटबलगढिमा आइपुग्याँथ्यौं. तेस्तै बिचमा फेरि सदरि सुबाले केवलपुरि छाडि ६ कोस हदि चौथान् भन्याका डांडांमा सुबा बस्याका छन्. सर्दार भन्या बटषोरि आई बस्याका छन् भंन्या षबर्आयो भनि बिन्ति गरि पठायाछौ. विस्तार मालुम भयो.

उप्रान्त विनामतै बिचांजासंग गर्‍याको काम् तेस्तै हुन्छ. अब प्रांतलाई नबापको फउजमा डांका हानि+ जिस्काउन्या काम कदाचित् गर्नु छैन. लालसि महिन्द्रचन आफनु फउज लिकन जुझन आया भन्या हान्नु. नबापको फउज केवलपुरिमा आयो भन्या हान्नु छैन भनि अघि लेष्यैको हो. अझ पनि नबाफको फउज केवलपुरिमा बस्याको भया चलाउनु छैन. केवलपुरिदेषि पनि नबापको फउज बढि हांम्रा कुमाउंमा यो चढाई गर्न आयो भन्या चाँजो मिलाई घाँटि समाति

---

❁ पौष शुदि ५ रोज ६ = माघ ५ गते शुक्रवार ।

× ईजारा = ठेक्का । ★ अलमोडाबाट १२ कोस जति पूर्वमा कालिकुमाउ छ ।

+ डांका हानि = अकस्मात् हमला गरी ।

काट्नु. औसर्पऱ्या रातिमा पनि डाँका हान्नु. कुमाउँको हांम्रो जिम्मिा ता आएन भन्या आफुले अजेउलि * गर्नु छैन. आपनु गर्गांडा बनाई सम्भारसंग बस.

बाकि भोटतिरका कुरालाई जस्तो चिठिमा लेषि पठायामाफिक परसम्म रहन्या पक्का गरि बन्दोबस्त गरि आयाको भया बढिया हो.

उप्रांत पंजनिमा दोबारा पऱ्याका सुबा सुबेदार उमरा सिपाहिलाई एति षर्च दिन्नु भनि फर्द पठायाको आईपुग्यो. गल्याका सिपाहिलाई षर्च दियाछौ. बढिया हो.

ताहां तेस्तो हुलचाल बढदा बम्साहलाई चौतारो मान बकसि एक सर्दारसमेत पठाउछौं. मर्स्यांदिपश्रीमका संगुता§हरु पनि सगै ल्याउछन्. ताहासम्म आपना गौडाको समभार गर. पहाडमा कोहि आया भन्या हांनु. मर्स्याङ्‌दिपारका पंजनिका अर्थकन चौतारा ताहा पुग्यापछि सम्बत❂संग गरौला.

सम्वत १८५२ माघ शुदि ३ रोज ५ ∠ मुकाम काठमाडौं शुभम्.

("हिमवत्संस्कृति" ३ अङ्कका १०--११ पृ.)

(क्रमशः)

§§§

---

*अजेउलि = अर्घेलो । § सँगुता = सिर्तो तिर्ने राजा । ❂ सम्बत = सल्लाह ।

∠ माघ शुदि ३ रोज ५ = फागुन ३ गते बिहिवार ।

जुहारभोटको माथि उल्लेख भएको घटनाको विषयमा श्रीडिल्लीरमण रेग्मीले यस्तो लेख्नुभएको छ–

फ्रम् ए॒ लेटर् अफ् किङ् रण बहादुर् (डे॒टिड् भी एस् १८५२ माघ सुदि ३ रोज् १ (=१७९५, ज्यान्युअरि) ÷ टु सदरि भक्ति थापा, बलिराज् थापा, अमर्सिंह बखेती यॉन्ड् हाति बोहरा इट् अपीरज् दॉट् द् गोर्खालि अफिसर्ज् ह्याड् अक्युपाइड् जोहोर् भोट् प्रीभिअस्लि बिलङ्गिङ् टु कुमाउँ यॉन्ड् सेटल्ड् दि अमाउन्ट् अफ् ट्रिब्यूट् यॉट् रूपीज् १० थाउजन्ड् वर्थ् अफ् आर्टिक्ल्ज् ।

("मडर्न् नेपाल (आधुनिक नेपाल)" १२२ पृ.)

---

÷ इतिहास प्रकाश, १, पेजिज् ९–१२ ।

["इतिहास–प्रकाश" १ अङ्कका ९–१२ पृ.]

[ गोरखाली भारादारहरूले कुमाउको अधीनमा पहिले रहेको जोहारभोट कब्जा गरेका थिए। जोहारभोटले नेपाललाई १० हजार रू. को जिन्सी सिर्तो तिर्नु पर्ने गरी बन्दोबस्त गरियो। यी कुरा राजा रणबहादुरले भक्ति थापा, बलिराज थापा, अमरसिंह बखेती र हाती बोहरालाई वि. सं. १८५२ माघ शुदि ३ रोज १ (ई. सं. १७९५ जनवरी) को दिन लेखेको पत्रबाट थाहा पाइन्छन्। ]

वि. सं. १८५२ को माघ शुदि ३ आइतवार पर्दैन, बिहिवार पर्छ। यस कारण "इतिहास-प्रकाश"मा छापिएको रोज १ अशुद्ध ठहर्छ, "हिमवत्संस्कृति" मा छापिएको रोज ५ चाहिं शुद्ध ठहर्छ।

अतः "इतिहास-प्रकाश"को आधारमा रेग्मीज्यूले दिनुभएको सो रोज १ अप्रामाणिक देखिन्छ। फेरि उहाँले वि. सं. १८५२ माघ शुदि ३ लाई ईसवी संवत् र महीनामा परिवर्तन गर्दा पनि भूल गर्नुभएको छ। वि. सं. १८५२ माघ शुदि ३ रोज ५ फागुन ३ गते ई. सं. १७९६ फरवरी ११ तारीख पर्छ।

१० हजार रू. को जिन्सी माल नेपालले जुहारभोटबाट सिर्तो बुझ्ने गर्‍यो भनी रेग्मीजीले लेख्नुभएको पनि अशुद्ध हो। किनभने "जिनिसीमा नोक्सान देषि नगद १० हजारमा षतम गर्‍यूं" भनी यही पत्रमा लेखिएको छ।

श्रीसोमध्वज विष्टले यस विषयमा यस्तो लेख्नुभएको छ–

"सम्वत् १८५२ माघ भित्र गोर्खाली सेनाले उत्तर जुहारी भोट सम्म पुगी, जित गरी वर्षौनि ६ हजार कर पाउने सन्धि भएको थियो।

("साही सैनिक इतिहास" ६४ पृ.)

जुहारभोटले पहिले बर्सेनि ६ हजार रु. सिर्तो बुझाउँथ्यो। वि. सं. १८५२ को हिउँदमा भक्ति थापाले जुहारभोटेलाई कायल पारी बर्सेनि १० हजार रु. नेपाललाई सिर्तो बुझाउनु पर्ने गराएका थिए भन्ने कुरा माथिका पत्रबाट स्पष्ट बुझिन्छ। यस कारण विष्टज्यूको लेखाइ अशुद्ध ठहर्छ।

योगी नरहरिनाथको "सन्धिपत्रसंग्रह" को ६४६–६४७ पृ. मा वि. सं. १८५२ माघ शुदि ३ रोज ५ को सो पत्र छापिएको छ। तर त्यहाँ "इतिहास–प्रकाश" मा जस्तै सो पत्रको वार रोज १ छापिएको छ।

# दैवज्ञशिरोमणि लक्ष्मीपति पाँडेका परिवार

–दिनेशराज पन्त

यस अङ्कभन्दा पहिलेका पूर्णिमाका पाँचवटा अङ्कहरूमा लक्ष्मीपतिको जीवनमा घटेका घटनाहरूको वर्णन मैले गरेको थिएँ । त्यसै गरी उनका परिवार, उनले गरेका धर्मकृत्य, उनको स्वभाव, उनको अरू मानिससँगको संबन्ध, उनले रचना गरेका र संग्रह गरेका पुस्तक पात्रा यन्त्रहरूको पनि विवेचना गर्नु उनको जीवनको घटना पूर्ण रूपमा बुझ्नाको लागि आवश्यक छ भन्ने मैले संझेको छु । यस कारण अब लक्ष्मीपतिका परिवारको विषयमा लेख्न म थाल्दछु ।

लक्ष्मीपतिको तेह्र पुस्तामाथिसम्मको वंशक्रम पाइएको छ । तर लक्ष्मीपतिले चाहिं आफूभन्दा चारपुस्तामाथिका केशवदेखिको मात्र चर्चा गरेका छन् + । लक्ष्मीपतिको साक्षात् संसर्ग उनका नातिसम्मले पाएका थिए ⊛ । यस कारण लक्ष्मीपतिका परिवार भन्नाले उनीभन्दा माथिका चार पुस्ता, उनीभन्दा मनिका दुइ पुस्ता र उनीसमेत गरी जम्मा सात पुस्तालाई यहाँ मैले लिएको छु ।

सो परिवारको वंशक्रम यस प्रकारको छ--

- केशव
  - काशीनाथ
    - रत्नेश्वर
      - कृष्णानन्द÷
        - इन्दुमौलि
        - लक्ष्मीपति*
          - उमानाथ
          - रङ्गनाथ
            - नन्दप्रसाद
            - श्रीप्रसाद
            - शिवप्रसाद
          - लीलानाथ§
            - चिरञ्जीवी
            - विश्वनाथ
            - एकचन्द्र
          - प्राणनाथ
          - जीवनाथ
            - काशीदत्त
        - लोकनाथ
        - गौरीपति
        - पद्मनिधि

केशव, काशीनाथ, रत्नेश्वरको विशेष परिचय पाउन सकिएको छैन ।

---

+ पूर्णिमा ७ अङ्कका ६२–६३ पृष्ठ हेर्नुहोस् ।

⊛ पूर्णिमा ११ अङ्कका ४५–४७ पृष्ठ हेर्नुहोस् ।

÷ कृष्णानन्दकी पत्नीको नाम सुप्रभादेवी हो ।

* लक्ष्मीपतिका दुइ पत्नी थिए । जेठीको नाम उत्तमादेवी हो । उमानाथ, लीलानाथ, प्राणनाथ जेठीपट्टिका र रङ्गनाथ, जीवनाथ कान्छीपट्टिका हुन् ।

§ लीलानाथका तीन पत्नी थिए । जेठीको नाम पद्मकुमारी, माहिलीको नाम छायावती, कान्छीको नाम उमादेवी हो । विश्वनाथ माहिलीपट्टिका र चिरञ्जीवी, एकचन्द्र कान्छीपट्टिका हुन् ।

## कृष्णानन्द

लक्ष्मीपतिका बाबु कृष्णानन्द(कालु)पाँडे गोरखाली राजदरबारमा पण्डित थिए । कृष्णानन्द पाँडेको पाइने जति परिचय पूर्णिमा ७ अङ्कका ६३–६६ पृष्ठमा मैले प्रमाणसहित दिएको थिएँ। सो प्रकाश गरेपछि उनको बारेमा बुझाउने अरू केही सामान पाइए । ती सामान यस लेखमा दिइन्छन् ।

वि. सं. १८२६ मा कृष्णानन्द पाँडेले सारेको महाविश्वालयतन्त्रको एक भाग पाइएको छ । त्यसको अन्त्यमा यस्तो लेखिएको छ ❁–

श्रीमह्राविश्वालयतंत्रे विंशदंके त्रिवर्गयंत्रनिरूपणं नामैकोनविंशतिपटलः समाप्तः·········श्रीशाके १६९१ मासे ३ तिथौ ५ वारे ७ श्रीकृष्णानंदेन लिखितमदः पुस्तकं स्वार्थाय

[श्रीमहाविश्वालयतन्त्रको·····त्रिवर्गयन्त्रनिरूपण नामको उन्डाइसौं पटल समाप्त भयो । शाके १६९१ (वि. सं. १८२६) महीना ३ पञ्चमी तिथि शनैश्चरवारका दिन श्रीकृष्णानन्दले आफ्नो निमित्त यो पुस्तक सारे ।]

नेपालसरकारले वि. सं. १८४२ मा कृष्णानन्द पाँडेलाई रजबन्धकी जग्गा दिई पत्र लेखिदिएको थियो । सो यस प्रकारको छ–

स्वस्ति श्रीगिरिराजचक्रचूडामणिनरनारायणेत्यादिविविधविरुदावलीविराजमानमानोन्नतश्रीमन्महाराजाधिराजश्रीश्रीश्रीमहारा(जे)रणबहादूरसाहबहादूर्सम्सेरजङ्देवानां सदा समरविजयीनाम्

आगे कालु पाँडेके गिरिधर पाँडेको षायल§ उपल्ला कस्यारीको षेत मुरी ८०+ लगा× रैंकन्याटार पूर्व ब्राकोटीको बृत्ता पश्चिम तिम्रो डिही★ कांह्लो कुसुंड्या षोल्सीको सिह्लान उत्तर कबिराम षोलो वराकोटीको (वृ)त्ता राउत् बस्याको डिहि दक्षिण प्यादी षोलो एति चार कीलाभित्रको टार→ अघि रुद्र पाध्या इछानन्द पाध्याको षायल वेत्याह्रानी छाप बाँधा वितलप† बकस भयो. लिहल÷ रुपैया शिक्का ४१२॥ अक्षेपि(अक्षरेपि) चार सय साढे बान्ह भाषा↘ जहिया दाम देव. तहिया वाधा छुटाइ लेव▱. इ(ति)सम्वत् १८४२ साल कार्त्तिक बदि १३

---

❁ यस निबन्धमा उपयोग गरिएका पुस्तक, पत्र, पात्रा मोहननाथ पाँडेको पुर्ख्यौली संग्रहका हुन् ।

§ षायल = आफूले चर्चेको जग्गा । + मुरी ८० = २० रोपनी । × लगा = मूल जग्गासंग संबन्ध राख्ने अर्को टुक्रो जग्गा । ★ डिही = पाखो जग्गा । → टार = कुलाको पानी नलाग्ने मैदान जमीन । † बाँधा बितलप = बन्धकी विर्ता। ÷ लिहल = लिइएको । ↘ भाषा = बेहोरा । ▱ जहिया दाम देव. तहिया बाधा छुटाइ लेव. = जब रुपियाँ तिरिनेछ, तब बन्धकी जग्गा फिर्ता लिइनेछ ।

रोज १ * मु. काठमाडौं शुभम्

(पछिल्तिर)

मार्फत् जीव साह

दामोदर पाँडे

## गृहिणी

लक्ष्मीपतिका दुइ पत्नी थिए । सौता सौतामा झगडा हुनु स्वाभाविक थियो । लक्ष्मीपतिले आफ्नी दुइटी पत्नीहरूमा झगडा नहोस् भनी वि. सं. १८४४ मा त्यससंबन्धी बन्दोवस्त गरी पत्र लेखिदिएका थिए । सो पत्र यस प्रकारको छ–

श्रीगुरुगणेशाभ्यान्नमः ❁

श्रीलक्ष्मीपतिशर्मणोयं लेखः÷

स्वस्ति श्रीखरीदारलक्ष्मीपतिपांडेकस्य पत्रमिदं★

संवत् १८४४ मार्ग सुदी ११ रोज५§ मेरी ज्येठी ब्राह्मणीका छोरा नातीहरूले कमाई ल्यायाको धन संपत्ति मानमर्यादा जीमि भूमिमा ज्येठी ब्राह्मणीको षूस. तेस्मा कांछि कांछिका सन्तानको त क्या मेरो पनी लाग् नास्ति. आप्ना आप्ना सन्तानले कमाई गर्‍याको ल्यायाको तिम्रो षूस गर. ज्येठीका उस्का सन्तानका उपार्जनमा कांछी कांछीका सन्तानको लाग् नास्ति. कांछि कांछिका सन्तानका उपार्जनमा ज्येठी ज्येठीका सन्तान्को लाग् नास्ति. आप्ना आप्ना छोराका कमाईमा आप्नु आप्नु षूसी गर. देउ. लेउ. षाउ. धर्मपुण्य गर भनी लेखिदिञा. एस् बंधेजमा जो जस्को सन्तान रहला. उस्को वृद्धि होला. शुभम्

---

* यस दिनको पञ्चाङ्ग यस प्रकारको छ–

वि. सं. १८४२ कार्तिक कृष्ण (पूर्णान्तिमानले)

| गते | वार | तिथि | घडी | पला |
|---|---|---|---|---|
| कार्तिक १७ | आदित्य | त्रयोदशी | ५५ । | १ |

(पात्रोबाट)

❁ श्रीगुरु र गणेशलाई नमस्कार । ÷ यो श्रीलक्ष्मीपति शर्मांले लेखेको हो । ★खरीदार श्रीलक्ष्मीपति पाँडेको पत्र यो हो ।

§ यस दिनको पञ्चाङ्ग यस प्रकारको छ–

वि. सं. १८४४ मार्ग शुक्ल

| गते | वार | तिथि | घडी | पला |
|---|---|---|---|---|
| पौष ९ | बृहस्पति | एकादशी | ५६ । | ५ |

(पात्रोबाट)

(छेउमा)

सहि कांछिको

लक्ष्मीपतिकी कान्छी पत्नीले राम्रै अक्षरमा सही गरेको देखिएकोले उनले सामान्य शिक्षा पाएको देखिन्छ ।

वि. सं. १८५५ कार्तिकमा लक्ष्मीपति काशी जाँदा उनले आफ्नो संपत्ति कान्छी पत्नीको जिम्मामा छोडेका थिए। पछि वि. सं. १८५७ माघमा उनी काठमाडौं फर्केर बुझबुझारथ गर्दा कान्छी पत्नीले धेरै माल उडाएको देखियो ❂ । यस घटनादेखि लक्ष्मीपति कान्छी पत्नीदेखि विरक्त हुनु स्वाभाविक थियो ।

वि. सं. १८६२ मा लक्ष्मीपतिले आफ्नी दुइ पत्नीको अंश छुट्याइ दिएका थिए—

श्रीगुरुगणेशाभ्यान्नमः

श्रीलक्ष्मीपतिशर्मणोयं लेखः

स्वस्ति श्रीसंवत् १८६२ शाके १७२७ साल मिति कार्त्तिक वदि ५ रोज १ का ❀ दिन श्रीलक्ष्मीपति पाडेले आफनी ज्येठी कांछि ब्राह्मणी दुइलाई आफ्नु भयाको जीमिजगह हाँडोभाडो कमरा कमारी गाइ भैसि सुना चादी रुपैया पैसा यच्च यावत् सौतन्या अंश गरी छुट्याई ति दुवैका सपूर्द गरिदिञ्या. कालकला मैले गरिदियाका सौतान्या अंशमा ज्येठी कांछी ब्राह्मणी ञ्जि दुइका सन्तानले हुज्जत तकार ▱ नगर्नु. कदाचित् कोहि कसैलाइ दुःख दिनामा पर्सत सो झुठा. मैले आज गरिदियाका सौतान्या अंशमा षूसी भै दुइ बैह्नी ञ्जि दुवैका सन्तान दरसन्तान मिली वर्त्ती ★ आफ्नी आफ्नी आमाको बाडो ली प्रसन्न भै जो रहला. तस्को उत्तरोत्तर वृद्धि होला.

ज्येठी ब्राह्मणीको अंश

भिर्पानी थापाथोकका घड्यारीको × आधा
भिर्पानी व्यासी + डिही षेतका आधा
बडे गाउका षेत १ को आधा घड्यारी आधा
गुन्दुमा सन्यासीथै * बंधक लियाका षेतको आधा

---

❂ पूर्णिमा १० अङ्कका ४७-४९ पृष्ठ हेर्नुहोस् ।

❀ यस दिनको पञ्चाङ्ग यस प्रकारको छ-

वि. सं. १८६२ कार्तिक कृष्ण (पूर्णान्तिमानले)

| | गते | वार | तिथि | घडी पला |
|---|---|---|---|---|
| आश्विन | ३० | आदित्य | पञ्चमी | १३ । ४० |

(पात्रोबाट)

▱ तकार = झगडा । ★ वर्त्ती = रही । × घड्यारी = घर बनेको र घरले चर्चेको जग्गा । + व्यासी = पहाडको फेदको जग्गा । ‡ षेत १ = २५ रोपनी । *सन्यासीथै = सन्यासीसँग ।

ठीमिमा छिपिथैं बंधक लियाका षेतको आधा
भाडा बर्तन् जो भयाका आधा धार्नी जम्मा १८
लक्ष्मिसिं कुह्मालथैंका तमसूकी रुपैया आधा ७५
वल्या दनुवारथैंका रुपैया १२१
कुसुमी हीरा केशरी विर्भान्या चाकर ४
साँभ्या लाल्या तान्या गोरु ३
गोढु गाई बाछासमेत् गाईषुरबाट ल्यायाको षसी
पूर्वका बृत्ताबाट* बाली जो आवस्. तस्को आधा
ज्येठीलाइ ज्येठाक थापाथोकको झिगटी घर १

अरु घरमा भयारह्याको सुना चादी नगद जो थियो. सो २ पोका गरी १।१ पोको. ओढना बिछाउना परपोसाक् साल दुसाला सिर्पाउका मोती १ कोनको १ हातको कडा● षर्च गरी बाँकि रह्याको तिल घोटी मास फोरी आधा आधा गरी सपूर्द गरीदिन्या. इति संवत् १८६२ साल मिति कार्त्तिक वदि ५ रो. १ शुभम्

यसपछि लक्ष्मीपतिकी कान्छी पत्नीको उल्लेख पाइदैंन ।

वि. सं. १८७५ मा लक्ष्मीपति काशीवास जाँदा उनकी जेठी पत्नी पनि लक्ष्मीपतिसँगै काशीवास गएकी थिइन् ×।

वि. सं. १८८३ भाद्र २१ गते काशीमा लक्ष्मीपतिकी जेठी पत्नीको मृत्यु भयो । यो कुरा लीलानाथले टिपेको तलको वाक्यबाट बुझिन्छ–

सं. १८८३ शाके १७४८ भाद्रशुक्लद्वितीयोपरि तृतीयायां अस्मन्माता श्रीउत्तमादेवी काश्यां मृता ।

[ वि. सं. १८८३ शाके १७४८ भाद्र शुक्ल द्वितीयाउप्रान्त तृतीयामा÷ हाम्री आमा श्रीउत्तमादेवीको काशीमा मृत्यु भयो । ]

---

* खोटाङ (पूर्व ४ नं. भोजपुर)मा लक्ष्मीपतिको जग्गा थियो ।

● कडा = बाला ।

× पूर्णिमा ११ अङ्कको ४४ पृष्ठ हेर्नुहोस् ।

÷ यस दिनको पञ्चाङ्ग यस प्रकारको छ–

वि. सं. १८८३ भाद्र शुक्ल

| गते | वार | तिथि | घडी | पला |
|---|---|---|---|---|
| भाद्र २१ | सोम | द्वितीया | ६ | ६ |

(पात्रोबाट)

## इन्दुमौलि

लक्ष्मीपतिका दाजु इन्दुमौलिले विशेष पढेको देखिदैंन । सामान्य गृहस्थीको रूपमा उनी गाइखुरतिरै बसेको देखिन्छ ।

वि. सं. १८४७ मा नेपाल सरकारले रजबन्धकी निखनी इन्दुमौलिलाई लेखिदिएको पत्र पाइएको छ । सो यस प्रकारको छ–

स्वस्ति श्रीमन्महाराजाधिराजकस्य रुक्का

आगे इन्दुमौलि पाँडेके तम्रा बाबाको षायल गाइषूरका कस्यारीको षेत मुरि ८० बेत्याहानी रैकन्याटार लगासमेत्का रुपैया ४१२।। औ लक्ष्मण उप्रेतिको षायल् टारका रुपैया २०१ औ चन्द्रेश्वर भेटालको षायल् टारका रुपैया ७४ एति सभ ज्मा रुपैया ६८७।। तम्रा भाई लक्ष्मीपति पाँडेका हात चुकाई जगा रैकर गराञ्यूं. आप्ना आप्ना रुपैया आफना भाइहिसाबले बाँडी लिया हौ. बाँकि तम्रो थातवास ‡ उठ्यो. कहा बसुन् भनी तम्रा भाई लक्ष्मीपति पाँडेले बिति गऱ्या. थातवास पाउँन्यं हो. तम्रो बिंति सुन्यूं. तम्रा बाबाका षायल्मध्ये ८० मुरि षेत जागीरमा उठ्याको छ. तेस् असि मुरि षेतबाहिक् बेत्याहानी रैकन्याटार लगासमेत लक्ष्मण उप्रेति चन्द्रेश्वर भेटालको षायल् टार तिमिलाइ थातवासनिमित छाप बदली थामि बक्स्यौं. आपना षातिज्मासित आप्ना नित्य नैमित्यक धर्मकर्ममा रहु. छाप जानी भोग्य गर. इति सम्वत् १८४७ साल वैशाख शुदि रोज मुकाम कांतिपूर शुभम्❁

## लोकनाथ

लक्ष्मीपतिका भाइ लोकनाथको बारेमा विशेष कुरा थाहा पाउन सकिएको छैन तापनि लोकनाथ र गौरीपतिलाई पढाउन वि. सं. १८३५ मा सारिएको लक्ष्मीपतिको हस्ताक्षरको राजमार्तण्ड पाइएको हुनाले उनले ज्यौतिष पढेको देखिन्छ । त्यसको अन्त्यमा यस्तो लेखिएको छ–

---

‡ थातवास = रहन बस्नाका निंतिको ठाउं ।

❁ वि. सं. १८४५ मा बहादुर शाहले भोटमा आक्रमण गरी वर्षको ५० हजार रुपियाँ भोटले नेपाललाई तिर्ने सन्धि गराएका थिए । तर भोटले एक वर्ष मात्र सो रुपियाँ बुझायो । (पूर्णिमा ९ अङ्कको ४३ पृष्ठ हेर्नुहोस् ।) भोटबाट आएको त्यही पैसाले बहादुर शाहले रजबन्धकी निखनेका थिए । (जयरत्नाकरनाटकको उपोद्घातको २९ पृष्ठ तथा जयरत्नाकरनाटक १ कल्लोल ७ श्लोक (५८ पृष्ठ) हेर्नुहोस् ।) यो पत्र पनि त्यसै प्रसङ्गमा लेखिएको देखिन्छ ।

यो पत्र खेस्रा देखिन्छ । किनभने त्यहाँ लालमोहरको छाप छैन तथा मितिको ठाउँ पनि खाली छ ।

इति श्रीमहाराजाधिराजश्रीभोजदेवविरचिते राजमार्त्तण्डाभिधानं समाप्तं । श्रीनृपतिविक्रमार्क्क-सम्वत् १८३५ श्रीशाके १७०० मासे १ तिथौ ४ नक्षत्रे १८ वारे ५ लिखितमिदं पुस्तकं गौरिपतिलोकनाथपाठार्थं.

[ महाराजाधिराज श्रीभोजदेवले बनाएको राजमार्त्तण्ड सिद्धियो । वि. सं. १८३५ शाके १७०० वैशाख महीना चतुर्थी तिथि ज्येष्ठा नक्षत्र बृहस्पतिवारका दिन* गौरीपति र लोकनाथलाई पढाउन यो सारेको हो ।]

वि. सं. १८४५ मा नेपालसरकारले लक्ष्मीपतिलाई केलटोलमा घर दिएको थियो● । सो घर पछि वि. सं. १८५५ मा लक्ष्मीपति काशीमा गएको वेला लोकनाथले अँठ्याएका थिए ।

## गौरीपति

गौरीपति पण्डित थिए । काव्यमा त लक्ष्मीपतिको भन्दा उनको गति राम्रो देखिन्छ । उनले आफूलाई पढ्न भनी सारेका केही पुस्तक पाइएका छन्–

### १. भास्करीय बीजगणित

इति श्रीभास्करीये सिद्धांतशिरोमणौ बीजगणिताध्यायः समाप्तः। श्रीसंवत् १८४३ बैशाखशुक्ल ९ वाराणस्यां कृष्णानन्दसुतगौरीपतिशर्मणा लिखितं.

[भास्करीय सिद्धान्तशिरोमणिमा बीजगणिताध्याय सिद्धियो। वि. सं. १८४३ वैशाख शुक्ल नवमीका दिन ↗ काशीमा कृष्णानन्दका छोरा गौरीपतिले सारे।]

### २. भामिनीविलास

(*मुखपृष्ठमा*)

श्रीगौरीपतिशर्म्मण इदम्

---

* यस दिनको पञ्चाङ्ग यस प्रकारको छ–

वि. सं· १८३५ वैशाख कृष्ण (पूर्णान्तमानले)

| | गते | वार | तिथि | घडी पला | नक्षत्र | घडी पला |
|---|---|---|---|---|---|---|
| वैशाख | ७ | बृहस्पति | चतुर्थी | ७ । १५ | ज्येष्ठा | ३७ । ४४ |

(पात्रोबाट)

● पूर्णिमा ९ अङ्कको ४२ पृष्ठ हेर्नुहोस् ।

↗ यस दिनको पञ्चाङ्ग यस प्रकारको छ–

वि. सं. १८४३ वैशाख शुक्ल

| | गते | वार | तिथि | घडी पला |
|---|---|---|---|---|
| वैशाख | २७ | शनि | नवमी | ५२ । ३४ |

(पात्रोबाट)

*(अन्त्यमा)*

इति श्रीजगन्नाथनिर्मिते भामिनीविलासे शान्तश्चतुर्थो विलासः ।

[यो श्रीगौरीपति शर्माको हो ।

जगन्नाथले बनाएको भामिनीविलासमा शान्तविलास नामको चारौं विलास सिद्धियो ।]

### ३. नैषध

गौरीपतिको हस्ताक्षरको ५ सर्ग नैषध पाइएको छ । त्यसको मुखपृष्ठमा "श्रीगौरीपतिशर्मण इदम् पुस्तकम् (यो पुस्तक श्रीगौरीपति शर्माको हो)" भनी लेखिएको छ ।

---

वि. सं. १८४२ निगल्दोतिर बाबु कृष्णानन्द काशीवास गएको वेलामा गौरीपति पनि काशीमा पढ्न गएका थिए● । नेपालसरकारबाट वि. सं. १८४५ मा उनलाई आर्थिक सहायता दिने वचन दिई पत्र पठाइएको थियो । योभन्दा पहिले गौरीपतिले पूर्व सम्बन्धको उल्लेख गरेर आर्थिक सहायताको लागि पत्र पठाएका थिए । सो पत्रसाथै उनले आफूले बनाएको संकटास्तुति पनि पठाएका थिए★ । गौरीपतिले बनाएको सो सङ्कटास्तुति यस प्रकारको छ–

श्रीगणेशाय नमः ।।

चण्डमुण्डवधकारिके शिवे नारदादिमुनिभिश्च सेविते ।
स्वर्णभूषणविशोभितानने पाहि मां भवभयाद् हि सङ्कटे ।।१।।

पूर्णशारदसुधांशुसन्मुखे शुम्भमर्दिनि सरोजलोचने ।
चारुभूषणलसत्कलेवरे पाहि मां भवभयाद् हि सङ्कटे ।।२।।

सिंहनादनिरते सुखप्रदे सोमपावकदिवाकरेक्षणे ।
कैटभादिखलनाशने परे पाहि मां भवभयाद् हि सङ्कटे ।।३।।

शम्भुदेवपरिषेवने(णे) रते चारुरोमनिकरेण मण्डिते ।
कालजालपरिहारकारिके पाहि मां भवभयाद् हि सङ्कटे ।।४।।

दुःखदुर्गतिविनाशतत्परे देवदेवपरिपूजितेम्बिके ।
स्वर्णदीतटविराजितालये पाहि मां भवभयाद् हि सङ्कटे ।।५।।

कामधर्म्मधनमोक्षदायिके हावभावललिते गिरीन्द्रजे ।
भव्यदायिनि महेश्वरप्रिये पाहि मां भवभयाद् हि सङ्कटे ।।६।।

कोटिबालकदिवाकरप्रभे स्वर्णरत्नघटितासनस्थिते ।
गन्धकुङ्कुमसमुल्लसत्तनो पाहि मां भवभयाद् हि सङ्कटे ।।७।।

---

● पूर्णिमा ९ अङ्कका ३८–३९ पृष्ठ हेर्नुहोस् ।

★ पूर्णिमा २ अङ्कको ३६ पृष्ठ हेर्नुहोस् ।

मङ्गले कलुषपुञ्जनाशिके वैरिमर्द्दिकरवालशालिके ।
चारुगीतललिते हि चण्डिके पाहि मां भवभयाद् हि सङ्कटे ॥८॥

इति वसुमितवृत्तं भक्तिपूर्वं प्रणीतम्
पठति प्रतिदिनं यो भक्तिभावेन मर्त्यः ।
स भवति नृपमान्यः सिद्धिभाक् चेप्सितार्थी
झटिति तरति लोकात् सङ्कटायाः प्रसादात् ॥९॥

कृष्णानन्दसुतः श्रीमान् गौरीपतिरिति स्मृतः ।
अकरोद् वै स्तुतिं पुण्यां प्रीयतामनयाम्बिका ॥१०॥

इति सङ्कटास्तुतिः ।

[श्रीगणेशलाई नमस्कार ।

चण्ड मुण्डलाई मार्ने, नारद आदि ऋषिहरूले सेवा गरिएकी, सुनका गहनाले सुहाएकी, कल्याण दिने हे सङ्कटा मलाई संसारको डरबाट रक्षा गर्नुहोस् ॥१॥

शरत् ऋतुका पूर्ण चन्द्रमाको जस्तो मुख भएकी, शुंभलाई मार्ने, कमल जस्तो आँखा भएकी, राम्रा गहनाले सुहाएकी हे सङ्कटा मलाई संसारको डरबाट रक्षा गर्नुहोस् ॥२॥

सिंहको जस्तो अबाज भएकी, सुख दिने, चन्द्र अग्नि सूर्य नै आँखा भएकी, कैटभ आदि दुष्टलाई नाश गर्ने भएकी, परमेश्वरी हे सङ्कटा मलाई संसारको डरबाट रक्षा गर्नुहोस् ॥३॥

महादेवको सेवा गर्नामा लागेकी, राम्रो कपालले सिँगारिएकी, कालको जाललाई हर्ने भएकी हे सङ्कटा मलाई संसारको डरबाट रक्षा गर्नुहोस् ॥४॥

दुःखदुर्गति नाश गर्नामा लागेकी, इन्द्रले पूजा गरिएकी, गङ्गाजीको किनारको मन्दिरमा बसेकी, हे भगवती सङ्कटा मलाई संसारको डरबाट रक्षा गर्नुहोस् ॥५॥

धर्म अर्थ काम मोक्ष दिने, हाउभाउले राम्री भएकी, हिमालय पहाडकी छोरी, कल्याण दिने, महादेवका प्यारी हे सङ्कटा मलाई संसारको डरबाट रक्षा गर्नुहोस् ॥६॥

भरखर उदाएको करोडौं सूर्यको जस्तो तेज भएकी, सुन र रत्नले बनाएको आसनमा बसेकी, चन्दन र केसरले शरीर सुहाएकी हे सङ्कटा मलाई संसारको डरबाट रक्षा गर्नुहोस् ॥७॥

कल्याण दिने, पापको थुप्रोलाई नाश गर्ने, शत्रुलाई मार्ने तरवार लिएकी, राम्रो गीत गाउने हे चण्डिका सङ्कटा मलाई संसारको डरबाट रक्षा गर्नुहोस् ॥८॥

भक्तिपूर्वक बनाएका यी आठ श्लोक जो मानिसले दिनकादिन भक्तिभाव गरेर पढ्छ । त्यो मानिसले राजाद्वारा मान पाउँछ, सिद्धि पाउँछ, इच्छा गरेको कुरा पाउँछ तथा सङ्कटाको निगाहद्वारा संसारबाट झट्टै तर्छ ॥९॥

कृष्णानन्दका छोरा श्रीगौरीपतिले यो असल स्तुति बनाएको हो । यसबाट सङ्कटा खुशी हुनुहोस् ॥१०॥

सङ्कटास्तुति सिद्धियो । ]

वि. सं. १८४९ मा भएको नेपाल–चीनयुद्धमा गौरीपति ज्योतिषी बनेर गएका थिए । युद्ध चलिरहेकै वेला युद्धक्षेत्रमा दामोदर पाँडेले गौरीपतिलाई धर्मपुत्र बनाई धर्मपत्र लेखिदिएका थिए§ ।

वि. सं. १८५५ फाल्गुनमा रणबहादुर शाह आफ्ना डेढ वर्षका पुत्र गीर्वाणयुद्धलाई राजगद्दीमा राखी स्वामी महाराज बनेका थिए ⊛ । त्यस वेला उनले ताम्रपत्रमा गर्नुपर्ने बन्दोबस्त लेखाएका थिए । यसभन्दा अघि वि. सं. १८५५ कातिकमै लक्ष्मीपति काशीतिर गइसकेका थिए ÷ । यसैले सो ताम्रपत्रमा लेखिएका ज्योतिषीहरूमा लक्ष्मीपति पाँडे छैनन्, गौरीपति पाँडेचाहिँ छन् । सो ताम्रपत्रको केही अंश यस प्रकारको छ–*

"सुकदेव जैंसि गौरिपति पाँडे श्रीराम जैंसि कुबेर जैंसि राजिवलोचन जैंसि जयमंगल जैंसि र अरू षह्नुचाका दर्वारमा प्रवेस भयाका सबै जैसीहरूले आफुहरूले बुझन्या जान्यासम्मको पेटमा कत्ति कसर नराषि नलुकाइ मेरा परिवारसमेतको ग्रहगोचर लागोभागो एस्ता तरहले भयाको छ. यति दिन रहला. यतिसम्म बढला. ज्याहादेखि घटला भनि विचार गर्दा आयाको नीको ननीको जस्ताकोतस्तो पेटमा कत्ति कपट नराषि सबैले येकवाक्यता गरि बिन्ति गर्नु. घटिया ग्रहगोचर ठह्र्या ठुलो उपाइ दान जप पाठ पुजा बिति गरि गराउनु. यस्तै होला भनि नठहराइ ढाटनामा पस्या दुस्त ग्रह नटार्न्या दान मात्रै गराउन्या गर्न्या तसलाई आंषा झिकन्या मुडन्या सासना गर्नु."

श्री ५ रणबहादुरकी रानी कान्तवती बिरामी भएकीले उनको रोग निको होस् भनीकन औषधापचार, पाठपूजा आदि अनेक उपाय गरिएको थिए । ती पाठपूजा गौरीपतिले पनि काम गरेका थिए । तैपनि उनको रोग निको भएन । आखिर वि. सं. १८५६ कातिकमा कान्तवतीको मृत्यु भयो । यस घटनाले स्वामी महाराजको मनमा ठूलो चोट पाऱ्यो । औषधि गर्ने वैद्य, पाठपूजा गर्ने पुरोहित तथा पुजारीहरूले मलाई ठगे भन्ने प्रतिक्रिया उनको मनमा पऱ्यो । साथै देवदेवताप्रति पनि उनको त्यस वेला आस्था रहेन । वैद्य, पुजारी, ज्योतिषीहरूले कडा कडा सजाय पाए★ । यसै प्रसङ्गमा गौरीपति पनि मुडिई धपाइए । यसपछि उनको आफ्ना परिवारसँग सम्बन्ध विच्छेद भयो । केहीपछि उनको मृत्यु भएको अनुमान हुन्छ ।

गौरीपतिका छोरा थिएनन् । त्यसैले उनको संपत्ति दाजुभाइहरूमा बन्डा लाग्ने थियो । त्यस वेला लक्ष्मीपतिले आफ्नो भागमा आएको संपत्ति आफ्ना कान्छा भाइ पद्मनिधिलाई दिएका थिए । यो कुरा तलको पत्रबाट बुझिन्छ –

---

§ पूर्णिमा २ अङ्कको ३७ पृष्ठ हेर्नुहोस् ।

⊛ पूर्णिमा १० अङ्कको ५० पृष्ठ हेर्नुहोस् ।

÷ पूर्णिमा १० अङ्कको ५७ पृष्ठ हेर्नुहोस् ।

* चित्तरञ्जन नेपालीको "श्री ५ रणबहादुर शाह" का १२३–३० पृष्ठमा यो ताम्रपत्र छापिएको छ ।

★ पूर्णिमा १० अङ्कको ५० पृष्ठ हेर्नुहोस् ।

श्रीगुरुगणेशाभ्यान्नमः

साछी रङ्गनाथ

साछी लिलानाथ पत्र सही दिञ्याँ

सवत् १८५९ साल कार्त्तिक वदि १ रोज ४❁ लिखितं पत्रमिदं श्रीलक्ष्मीपतिपाँडेशर्मणा* आगे गौरीपति पाँडेका संपत्तिमा किरीया वर्षिमा लाग्याको र छोरीलाइ दिनु ठहराइ पर सान्याबाहिक् अशल गौरीपति पाँडेको संपत्ति धन घर षेत लहना÷ जो ठहर्छ. तस्को हामी ४ भाइका ४ बन्डा गर्दा जो मेरो भाग ठहर्छ. त्यो औ गौरीपतिको ब्राह्मणीलाइ जीउनी‡ जो रहंछ. तस्को उस्का शेषपछि बंडा गर्दा जो मेरो बंडा भाग ठहर्छ. सो मैले मेरा षुसीले कांछा भाइ जानी पद्मनिधि पाँडेलाई दिञ्या ३. एस्मा जो मेरा सन्तान तकार गरून्. सो झुठा ३. एस् वातका साक्षी श्रीपशुपति गुह्येश्वरी पंचलिंग भैरव मनुष्य साक्षी मामा श्रीराम जोसि विद्यानिधि लोहनी शुभम्. यताबाट लक्ष्मीपतिका मामाको नाम श्रीराम जोशी थियो भन्ने देखिन्छ ।

## पद्मनिधि

लक्ष्मीपतिले काशीवास गएका आफ्ना बाबु कृष्णानन्द पाँडेलाई वि. सं. १८४४ मा पठाएको पत्रमा पद्मनिधिको उल्लेख आएको छ× । यो पत्र र माथि उद्धरण गरिएको पत्रभन्दा बढी पद्मनिधिको विषयमा बुझाउने सामान पाइएको छैन ।

(क्रमश:)

---

❁ यस दिनको पञ्चाङ्ग यस प्रकारको छ–

वि. सं. १८५९ कार्तिक कृष्ण (पूर्णान्तिमानले)

| | गते | वार | तिथि | घडी | पला |
|---|---|---|---|---|---|
| आश्विन | २८ | मङ्गल | प्रतिपदा | १२ । | २३ |

(पात्रोबाट)

मिलेन ।

वि. सं. १८५९ कार्तिक कृष्ण (अमान्तमानले)

| | गते | वार | तिथि | घडी | पला |
|---|---|---|---|---|---|
| कार्त्तिक | २७ | बुध | प्रतिपदा | ३९ । | ५८ |

(पात्रोबाट)

मिल्यो ।

शाहकालका पत्रहरूमा पूर्णान्तिमान पाइन्छ । लक्ष्मीपतिका अरू पत्रहरूमा पूर्णान्तिमान पाइन्छ । यहाँ झुकिएर लक्ष्मीपतिले अमान्तमान लेखेको देखिन्छ ।

* यो पत्र श्रीलक्ष्मीपति शर्मा पाँडेले लेखेको हो ।

÷ लहना = लगानी । ‡ जीउनी = बाँचुञ्जेल जीवन निर्वाह गर्नाको नितिको श्रीसम्पत्ति ।

× पूर्णिमा ९ अङ्कको ४० पृष्ठ हेर्नुहोस् ।

(क्रमागत)

# दैवज्ञशिरोमणि लक्ष्मीपति पाँडेले बनाएको

# रत्नदीप

**सम्पादक तथा अनुवादक–रामजी तेवारी**

**६ प्रक्रम–आफ्नो देशको मेषसङ्क्रान्तिकाल ल्याउने रीति**

**अङ्घ्र्यूनरेखापरपूर्वयोजनैः पलैर्वियुक् युक् सचरः स्वदेशजः ।**

**अन्वय**–अङ्घ्र्यूनरेखापरपूर्वयोजनैः पलैः वियुक् युक् सचरः सः स्वदेशजः स्यात् ।

**पदार्थ**–अङ्घ्र्यूनरेखापरपूर्वयोजनैः = रेखादेशदेखि पश्चिम वा पूर्वमा रहेका चौथाई घटेका योजनरूपी । पलैः = पलाले । वियुक् = घटेको । युक् = जोडिएको । सचरः = चर जोडिएको । सः = त्यो मेषसङ्क्रान्तिकाल । स्वदेशजः = आफ्नो देशको । स्यात् = हुन्छ ।

**भावार्थ**–रेखादेशदेखि जति योजन पूर्वमा अथवा पश्चिममा आफ्नो देश छ, त्यति योजनलाई ४ ले भाग लिनू । लब्धिलाई योजनबाट घटाउनू । शेष रेखान्तर पला हुन्छ । रेखादेशबाट आफ्नो देश पूर्वमा भए रेखान्तर पला धन हुन्छ, पश्चिममा भए ऋण हुन्छ । अघि आएको मेषसङ्क्रान्तिकालमा रेखान्तर पला संस्कार गर्नू (धन भए जोड्नू, ऋण भए घटाउनू) । चर पनि जोड्नू । योगफल आफ्नो देशको स्पष्ट मेषसङ्क्रान्तिको काल हुन्छ ।

*उदाहरण*

**विक्रमसंवत् १८७१ को काठमाडौंको मेषङ्क्रान्तिकाल ल्याउँदा**

**रेखादेशदेखि** ८८ योजन पूर्वमा काठमाडौं छ । ८८ लाई ४ ले भाग लिंदा लब्धि २२ आउँछ । ८८ बाट २२ घटाउँदा ६६ शेष रहन्छ । यो शेष ६६ पला हुन्छ । यो शेष ६६ पला काठमाडौंको रेखान्तर हुन्छ । रेखादेशबाट पूर्वमा काठमाडौं भएको हुनाले रेखान्तर धन हुन्छ । लङ्काको मध्यम सूर्योदयदेखि आएको मेषसङ्क्रान्तिको वारादि २।२२।७।५३।४८ हो । (२ प्रक्रमको उदाहरण हेर्नुहोस्) यहाँ मेषसङ्क्रान्तिको घट्यादि २२।७।५३।४८ आएको छ तापनि व्यवहारमा घडी पला मात्र भए पुग्ने हुनाले अब मेषसङ्क्रान्तिको घट्यादि २२।८ लिई काम गरिन्छ । मेषसङ्क्रान्तिको वारादि २।२२।८ मा रेखान्तर ६६ पला (१ घडी ६ पला) जोड्दा योगफल २।२३।१४ आउँछ । यो योगफल २।२३।१४ मा चर ४० पला (चर ल्याउने विधि चन्द्रसूर्य स्पष्टाधिकारको दोस्रो श्लोकमा छ । सो आउँदैछ) जोड्दा योगफल २।२३।५४ आउँछ । यस कारण विक्रमसंवत् १८७१ को मेषसङ्क्रान्ति सोमवार २३ घडी ५४ पला जांदा हुन्छ । सङ्क्रान्तिको यो समय काठमाडौंको स्पष्ट सूर्योदयदेखि बितेको हो ।

४) ८८ योजन (२२ | ८८ | १०) ११ (१
--- | --- | ---
८ | −२२ | ६०
। ८ | ६६ | ६
८ | |

१ घडी ६ पला काठमाडौंको रेखान्तर धन

बा. घ. प.
२।२२।८ लङ्काको मध्यम सूर्योदयदेखि आएको मेषसङ्क्रान्तिको बाराधि
०। १।६ काठमाडौंको रेखान्तर धन
२।२३।१४
०।०।४० यस दिनको काठमाडौंको चर
२।२३।५४ काठमाडौंको मेषसङ्क्रान्तिकाल

## ४ प्रश्नमाला

(१) रेखादेशबाट १०० योजन पूर्वमा रहेको देशको रेखान्तर ल्याऊ।
(२) रेखादेशबाट ९६ योजन पूर्वमा रहेको देशको रेखान्तर ल्याऊ।
(३) रेखादेशबाट ९२ योजन पूर्वमा रहेको देशको रेखान्तर ल्याऊ।
(४) रेखादेशबाट ८४ योजन पूर्वमा रहेको देशको रेखान्तर ल्याऊ।
(५) रेखादेशबाट ८० योजन पूर्वमा रहेको देशको रेखान्तर ल्याऊ।
(६) रेखादेशबाट ७६ योजन पश्चिममा रहेको देशको रेखान्तर ल्याऊ।
(७) रेखादेशबाट ७२ योजन पश्चिममा रहेको देशको रेखान्तर ल्याऊ।
(८) रेखादेशबाट ६८ योजन पश्चिममा रहेको देशको रेखान्तर ल्याऊ।
(९) रेखादेशबाट ६० योजन पश्चिममा रहेको देशको रेखान्तर ल्याऊ।
(१०) रेखादेशबाट ५६ योजन पश्चिममा रहेको देशको रेखान्तर ल्याऊ।
(११) रेखादेशबाट १५२ योजन पश्चिममा रहेको देशको रेखान्तर ल्याऊ।
(१२) रेखादेशबाट २०० योजन पश्चिममा रहेको देशको रेखान्तर ल्याऊ।

उत्तर

| | घ. प. | | घ. प. |
| --- | --- | --- | --- |
| [१] | १।१५ । धन | [७] | ०।५४ । ऋण |
| [२] | १।१२ । धन | [८] | ०।५१ । ऋण |
| [३] | १। ९ । धन | [९] | ०।४५ । ऋण |
| [४] | १। ३ । धन | [१०] | ०।४२ । ऋण |
| [५] | १। ० । धन | [११] | १।५४ । ऋण |
| [६] | ०।५७ । ऋण | [१२] | २।३० । ऋण |

## ५ प्रश्नमाला

तलका प्रश्नमा स्वदेशका मेषसङ्क्रान्तिकाल ल्याऊ--

मेषसङ्क्रान्तिका काल

| | लङ्काको मध्यम सूर्योदयदेखि आएका | | रेखान्तर | | चर |
|---|---|---|---|---|---|
| | वार । घडी । पला | | घडी । पला | | घडी । पला |
| (१) | ३ । ४ । ७ | | ० । ४४ | पूर्व | ० । ४० |
| (२) | ४ । ८ । ५ | | ० । ५० | पूर्व | ० । ३० |
| (३) | ० । ५८ । ४७ | | १ । ४ | पूर्व | ० । १७ |
| (४) | १ । ४७ । ४० | | १ । ० | पश्चिम | ० । १८ |
| (५) | ५ । ४० । ५ | | ० । ४८ | पश्चिम | ० । १४ |
| (६) | ६ । ३४ । ४१ | | ० । ५४ | पश्चिम | ० । २४ |
| (७) | २ । ५४ । ४८ | | १ । १५ | पश्चिम | १ । ५४ |
| (८) | २ । ५९ । ५८ | | २ । ४८ | पश्चिम | २ । ५४ |

उत्तर

| | बा. । घ. । प. | | बा. । घ. । प. | | बा. । घ. । प. |
|---|---|---|---|---|---|
| [१] | ३ । ५ । ३१ | [२] | ४ । ९ । २५ | [३] | १ । ० । [illegible] |
| [४] | १ । ४६ । ५८ | [५] | ५ । ३९ । ३१ | [६] | ६ । ३४ । ११ |
| [७] | २ । ५५ । २७ | [८] | ३ । ० । ४ | | |

**७ प्रक्रम**—ग्रहका दैनिक (१ दिनका) मध्यम गति

**रवेर्नवाक्षा भुजगाः कलानिधेः खनन्दशैलाः शरवह्नयो गतिः ॥४॥**
**चन्द्रोच्चजा तर्ककलाः कुवेदाः पातस्य रामाः कुभुवो विलोमा ।**
**भूरामघटचोऽङ्गयमाः कुजस्य जीवस्य पञ्चार्कसुतस्य पक्षौ ॥५॥**
**ज्ञोच्चस्य पञ्चाब्धियमा द्विरामाः शुक्रोच्चजा षण्णवतिर्भुजङ्गाः ।**

**अन्वय**—रवेः गतिः नवाक्षाः (कलाः) भुजगाः (विकलाः) स्यात् । कलानिधेः गतिः खनन्दशैलाः (कलाः) शरवह्नयः (विकलाः) स्यात् ॥४॥

चन्द्रोच्चजा गतिः तर्ककलाः कुवेदाः (विकलाः) स्यात् । पातस्य विलोमा गतिः रामाः (कलाः) कुभुवः (विकलाः) स्यात् । कुजस्य गतिः भूरामघटचः अङ्गयमाः (विकलाः) स्यात् । जीवस्य गतिः पञ्च (कलाः) स्यात् । अर्कसुतस्य गतिः पक्षौ (कले) स्यात् ॥५॥

ज्ञोच्चस्य गतिः पञ्चाब्धियमाः (कलाः) द्विरामाः (विकलाः) स्यात् । शुक्रोच्चजा गतिः षण्णवतिः (कलाः) भुजङ्गाः (विकलाः) स्यात् ।

**पदार्थ**—रवेः = सूर्यको । गतिः = गति । नवाक्षाः = ५९ । कलाः = कला । भुजगाः = ८ । बिकलाः = विकला । स्यात् = हुन्छ । कलानिधेः = चन्द्रमाको । गतिः = गति । खनन्दशैलाः = ७९० । कलाः = कला । शरवह्नयः = ३५ । विकलाः = विकला । स्यात् = हुन्छ ।।४।।

चन्द्रोच्चजा = चन्द्रोच्चको । गतिः = गति । तर्ककलाः = ६ कला । कुवेदाः = ४१ । विकलाः = बिकला । स्यात् = हुन्छ । पातस्य = राहुको । विलोमा = उल्टो । गतिः = गति । रामाः = ३ । कलाः = कला । कुभुवः = ११ । विकलाः = विकला । स्यात् = हुन्छ । कुजस्य = मङ्गलको । गतिः = गति । भूरामघटचः = ३१ कला । अङ्गयमाः = २६ । विकलाः = विकला । स्यात = हुन्छ । जीवस्य = बृहस्पतिको । गतिः = गति । पञ्च = पाँच । कलाः = कला । स्यात् = हुन्छ । अर्कसुतस्य = शनैश्चरको । गतिः = गति । पक्षौ = २ । कले = कला । स्यात् = हुन्छ ।।५।।

ज्ञोच्चस्य = बुधको शीघ्रोच्चको । गतिः = गति । पञ्चाब्धियमाः = २४५ । कलाः = कला । द्विरामाः = ३२ । विकलाः = बिकला । स्यात् = हुन्छ । शुक्रोच्चजा = शुक्रको शीघ्रोच्चको । गतिः = गति । षण्णवतिः = ९६ । कलाः = कला । भुजङ्गा = ८ । विकलाः = विकला । स्यात् = हुन्छ ।

**भावार्थ**–सूर्यको एक दिनको मध्यम गति ५९ कला ८ विकला हुन्छ । चन्द्रमाको एक दिनको मध्यम गति ७९० कला ३५ बिकला हुन्छ ।।४।।

चन्द्रमन्दोच्चको एक दिनको मध्यम गति ६ कला ४१ विकला हुन्छ । चन्द्रमाको पात (राहु)को एक दिनको मध्यम गति ३ कला ११ विकला हुन्छ । राहुको गति उल्टो हुन्छ । मङ्गलको एक दिनको मध्यम गति ३१ कला २६ विकला हुन्छ । बृहस्पतिको एक दिनको मध्यम गति ५ कला हुन्छ । शनैश्चरको एक दिनको मध्यम गति २ कला हुन्छ ।।५।।

बुधको शीघ्रोच्चको एक दिनको मध्यम गति २४५ कला ३२ बिकला हुन्छ । शुक्रको शीघ्रोच्चको एक दिनको मध्यम गति ९६ कला ८ विकला हुन्छ ।।

दैनिक (एक दिनका) मध्यम गति

| | सूर्यको | चन्द्रमाको | चन्द्रोच्चको | राहुको | मङ्गलको | बृहस्पतिको | शनैश्चरको | बुधको शीघ्रोच्चको | शुक्रको शीघ्रोच्चको |
|---|---|---|---|---|---|---|---|---|---|
| कला | ५९ | ७९० | ६ | ३ | ३१ | ५ | २ | २४५ | ९६ |
| बिकला | ८ | ३५ | ४१ | ११ | २६ | ० | ० | ३२ | ८ |

८ प्रकम–ग्रहका बीज ल्याउने रीति

## अजार्कघटचः स्वजवैर्विनिघ्न्यो बीजानि षष्टयाऽऽप्तकलामुखानि ।।६।।

**अन्वय**–अजार्कघटचः स्वजवैः विनिघ्न्यः कार्याः षष्टया आप्तकलामुखानि बीजानि स्युः ।।६।।

**पदार्थ**–अजार्कघटचः = मेषसङ्क्रान्तिको घटचादि । स्वजवैः = आफ्ना गतिले । विनिघ्न्यः = गुनिएका । कार्याः = गर्नू । षष्टया = साठीले । आप्तकलामुखानि = भाग लिदा आएका कलादि बीजानि = बीज । स्युः = हुन्छन् ।।६।।

**भावार्थ**–मेषसङ्क्रान्तिको घटचादिलाई प्रत्येक ग्रहका गतिले गुन्नू । गुणनफललाई ६० ले भाग लिनू । आएका कलादि लब्धि ती ती ग्रहका बीज कहाउँछन् ॥६॥

## *उदाहरण*

### बि. सं १८७१ को सूर्यको बीज ल्याउँदा

बि. सं. १८७१ को काठमाडौंको मेषसङ्क्रान्तिको वारादि २।२३।५४ हो । (६ प्रक्रमको उदाहरण हेर्नुहोस्) । सूर्यको एक दिनको मध्यम गति ५९ कला ८ विकला हुन्छ । सूर्यको गति ५९।८ ले मेषसङ्क्रान्तिको घटचादि २३।५४ लाई गुन्दा गुणनफल १४१३ आउँछ । यो गुणनफल १४१३ लाई ६० ले भाग लिँदा लब्धि २३।३३ आउँछ । यो लब्धि २३।३३ कलादि हुन्छ । यस कारण बिक्रमसंवत् १८७१ को सूर्यको बीज २३।३३ कलादि हुन्छ ।

```
                    २३।५४ मेषसङ्क्रान्तिको घटचादि
                     ५९।८  सूर्यको दैनिक गति
                    ------
                    १८४।४३२
               २०७  ४८६
             ११५  २७०
             ---------------------
             १३५७ । ३३७० । ४३२
               ५६ ।     ७ । ४२०        ६०)१४१३(२३।
             ----   -----   ----           १२०
             १४१३   ३३७७     १२            ----
                    ३००                    २१३
                    ----                   १८०
                    ३७७                    ----
                    ३६०                     ३३
                    ----
                     १७
```

२३।३३ कलादि सूर्यको बीज

यसै गरी अरू ग्रहका पनि तलका बीज ल्याउनुपर्छ

### बि. सं. १८७१ का बीज

| | सूर्यको | चन्द्रमाको | चन्द्रोच्चको | राहुको | मङ्गलको | बुधको शीघ्रोच्चको | बृहस्पतिको | शुक्रको शीघ्रोच्चको | शनैश्चरको |
|---|---|---|---|---|---|---|---|---|---|
| कला | २३ | ३१४ | २ | १ | १२ | ९७ | २ | ३८ | ० |
| विकला | ३३ | ५५ | ४० | १६ | ३१ | ४८ | ० | १५ | ४८ |

## ६ प्रश्नमाला

तल दिइएका मेषसङ्क्रान्तिका घटचादि भएमा तलका ग्रहका बीज ल्याऊ–

## मेषसङ्क्रान्तिका

| | घडी | पला | ग्रह |
|---|---|---|---|
| (१) | ४ | ८ | सूर्यको |
| (२) | १० | १५ | सूर्यको |
| (३) | २४ | ४८ | सूर्यको |
| (४) | ४८ | ५४ | सूर्यको |
| (५) | ५४ | ४८ | चन्द्रमाको |
| (६) | २८ | ३० | चन्द्रमाको |
| (७) | १८ | ४८ | चन्द्रमाको |
| (८) | १५ | २४ | चन्द्रमाको |
| (९) | १४ | ४८ | चन्द्रोच्चको |
| (१०) | १३ | २४ | चन्द्रोच्चको |
| (११) | १२ | १५ | चन्द्रोच्चको |
| (१२) | ११ | ४४ | चन्द्रोच्चको |
| (१३) | ११ | २५ | राहुको |
| (१४) | ११ | ३८ | राहुको |
| (१५) | ९ | २४ | राहुको |
| (१६) | ९ | ४८ | राहुको |
| (१७) | ८ | ४४ | मङ्गलको |
| (१८) | ७ | ४८ | मङ्गलको |
| (१९) | ७ | ४४ | मङ्गलको |
| (२०) | २५ | १० | मङ्गलको |
| (२१) | ३१ | २५ | बुधको शीघ्रोच्चको |
| (२२) | ३२ | ४४ | बुधको शीघ्रोच्चको |
| (२३) | ३४ | ४५ | बुधको शीघ्रोच्चको |
| (२४) | ४० | ५० | बुधको शीघ्रोच्चको |
| (२५) | २४ | २० | बृहस्पतिको |
| (२६) | २५ | २१ | बृहस्पतिको |
| (२७) | २६ | ४ | बृहस्पतिको |
| (२८) | २७ | ५ | बृहस्पतिको |
| (२९) | ४४ | ५८ | शुक्रको शीघ्रोच्चको |
| (३०) | ५० | ४५ | शुक्रको शीघ्रोच्चको |
| (३१) | ४५ | ५० | शुक्रको शीघ्रोच्चको |
| (३२) | ४१ | ४० | शुक्रको शीघ्रोच्चको |

मेषसङ्क्रान्तिका

| | घडी | पला | ग्रह |
|---|---|---|---|
| (३३) | २८ | ७ | शनैश्चरको |
| (३४) | २८ | ४८ | शनैश्चरको |
| (३५) | २९ | २४ | शनैश्चरको |
| (३६) | ३० | ४४ | शनैश्चरको |

उत्तर

| | कला | बिकला | | कला | बिकला |
|---|---|---|---|---|---|
| [१] | ४ | ४ | [१९] | ४ | ३ |
| [२] | १० | ६ | [२०] | १३ | ११ |
| [३] | २४ | २७ | [२१] | १२८ | ३४ |
| [४] | ४८ | १२ | [२२] | १३३ | ५७ |
| [५] | ७२२ | ४ | [२३] | १४२ | १२ |
| [६] | ३७५ | ३२ | [२४] | १६७ | ६ |
| [७] | २४७ | ४३ | [२५] | २ | २ |
| [८] | २०२ | ५५ | [२६] | २ | ७ |
| [९] | १ | ३९ | [२७] | २ | १० |
| [१०] | १ | ३० | [२८] | २ | १५ |
| [११] | १ | २२ | [२९] | ७२ | ३ |
| [१२] | १ | १८ | [३०] | ८१ | १९ |
| [१३] | ० | ३६ | [३१] | ७३ | २६ |
| [१४] | ० | ३७ | [३२] | ६६ | ४६ |
| [१५] | ० | ३० | [३३] | ० | ५६ |
| [१६] | ० | ३१ | [३४] | ० | ५८ |
| [१७] | ४ | ३५ | [३५] | ० | ५९ |
| [१८] | ४ | ५ | [३६] | १ | १ |

(क्रमश:)

# जनरल केसरशमशेरको ज्यौतिष–विषयको अध्ययनमा रुचि

–नयराज पन्त

लिच्छविकालमा नेपाल–राज्य करीब करीब अहिलेको जत्रै थियो◉ । तर त्यस कालको इतिहास हामी ढुङ्गामा सिवाय अन्त पाउँदैनौं भने पनि हुन्छ । लिच्छविकालपछि नेपाल-राज्य टुक्रिन लाग्यो ÷ । नेपाल–राज्य त्यति ठूलो राज्य होइन । यसका पनि पचास जति टुक्रा लागेपछि यसको गौरव नरहनु स्वाभाविकै हो । अहिलेभन्दा सवा दुइ शय वर्ष जति-अगाडिदेखि गोरखाबाट नेपालको एकीकरणको काम शुरू भयो* । यस कामका बाधक विदेशी शक्ति नै थिए + । यस कारण विदेशी शक्तिसँग टक्कर लिने सैनिकशक्ति जोड्नेतिर नै पृथ्वी-नारायण शाह लागेका हुनाले ▱ उनले र उनका परम्पराका भारादारले तारो हान्नु घोडा चढ्नु,

---

◉ पूर्णिमा २ अङ्कका ४३–४४ पृष्ठ हेर्नुहोस् । ÷ पूर्णिमा २ अङ्कका ४४–४५ पृष्ठ हेर्नुहोस् । * पूर्णिमा ५ अङ्कको ३७ पृष्ठ हेर्नुहोस् ।

+ कास्मल्लीखाँ प्रयातो वरुणदिशि जितो यस्य भल्लप्रहारा–
दार्त्तो मत्तः क्षणेन क्षणमपि न रणे स्थातुमीशः फिरङ्गी ।
गेहेशूराः प्रतीच्या रणभुवि सुभटैर्निर्जितास्ते वराकाः
पृथ्वीनारायणेशो रिपुदवदहनो भाति नेपालसिंहः ॥ २ ॥

(काठमाडौं वसन्तपुर नासलचोकको पृथ्वीनारायण शाहको वि. सं. १८२६ को अभिलेखबाट ।)

[ बङ्गाली यवनेश कासिमअली नेपाल हान्नाकन
आएथे तर युद्धमा खति सही भागी गए पश्चिम ।
थोरै नै दिनभित्र मत्त हुन गै नेपाल खाऊँ भनी
आएथे तर मार खप्न नसकी भागे फिरङ्गी पनि ॥

गर्जी गर्जी घरघरमहाँ चौबिसी बाइसी यी
बस्छन् हार्छन् तर समरमा तालिमी सैन्यदेखि ।
देख्ता यस्ता प्रबलमहिमा शक्त नेपालसिंह
पृथ्वीनारायणसँग लडी बाँच्न को गर्छ आँट ॥ ]

▱ त(र)वार पर्दा साह्रो हुन्छ र वैरि त क्या इन्द्रको आसन् पनि डगाईछ. हजारौ धना हजारौ पथर्काला हजारौ घुडा हजारौ तोप भया इन्द्रको आसन पनि डगाईछ.

(पृथ्वीनारायण शाहको उपदेशबाट)

पौडी खेल्नु यी कामबाट सैनिक शिक्षा लिनु र पुराण सुनेर कर्तव्यको ज्ञान गर्नु नै उचित सम्झे⊛ ।

जङ्गबहादुर पनि यही परम्पराका थिए । तर जङ्गबहादुरको शासनमा एउटा कुराको विलक्षणता थियो । त्यो हो–पृथ्वीनारायण शाहदेखि भीमसेन थापाको पालासम्म नेपालका शत्रु बनेका अंग्रेज जङ्गबहादुरको पालामा नेपालका मित्र बन्नु । यस कारण वि. सं. १९१५ भन्दा पछि नेपालको सैनिक शक्तिमा खिया पर्न लाग्यो§ । यस वेलाका शासकहरूको अवस्थालाई देखेर वि. सं. १९३३ मा राइटले यस्तो लेखेका छन्—

हाउ द् गोर्खाज् अक्युपाइ यॉम्ड् अम्युज् दम्सेल्भ्ज् इज् यॉज् येट् यॉन् अन्फ्यॉदम्ड् मिस्टरि टु मी । दे३ ह्यॉभ् नो बिज्निस्, एक्सेप्ट् प्लेइङ् यॉट् सोल्जरिङ्; दे३ ह्यॉभ् नो आउट्–अफ्-डोर् गे३म्ज्; दे३ नेभर् शूट्, एक्सेप्ट ह्वेन् दे३ गो टु द् तराई; यॉन्ड् दे३ ह्यॉभ् नो लिटरिचर् टु अक्युपाइ देम् इन् दे३र् हाउजिज्., इन् श३र्ट्. दे३ सीम् टु ह्यॉभ् नथिङ् टु फिल् अप् दे३र् लेझर् आउर्ज्, ह्विच् मस्ट् बी न्यूमरस्; यॉन्ड् इन् कन्सिक्वन्स् दे३ आर् गिभेन् अप् टु गसिपिङ्, ग्यॉम्ब्लिङ् यॉन्ड् डिब३चरि अफ अ३ल् स३र्ट्स् ।

("हिस्टरि अफ नेपाल् (नेपालको इतिहास)" को ७३–७४ पृ.)

[गोरखालीहरू कसरी दिन काट्छन् तथा दिल बहलाउँछन् भन्ने कुरा मेरो लागि अज्ञ रहस्य जस्तै छ । कबायद खेल्नुसिबाय तिनीहरूको कुनै काम छैन । तिनीहरू खेलकूद गर्दैनन् । तराईमा जाँदाखेरि बाहेक तिनीहरू शिकार खेल्दैनन् । घरमा बसी पढ्नाको लागि तिनीहरूको कुनै वाङ्मय छैन । छोटकरीमा भन्ने हो भने तिनीहरूलाई दिन काट्न चाहिने केही कुरा पनि देखिंदैन । यस कारण तिनीहरू गफ छाँट्छन्, जुवा खेल्छन् र भोगविलासमा भुल्छन् । ]

---

⊛यो दक्षं लक्ष्यवेधे रुचिरहरिकथाकर्णनैकाग्रचित्तं
तुङ्गं रिङ्गत्तुरङ्गं व्यधित वशयितुं संप्रवीणं प्रभुं स्वम् ।
बाल्ये नद्यादिबाहुप्रतरणनिपुणं वर्ण्यनानागुणौघं
मन्त्रीन्द्रो भीमसेनः सुकृतचयवशाल्लब्ध आभाति यस्य ।।१७।।

"आफ्ना प्रभुकन बाल्याबस्थैमा धनु हान्न, हरिकथा श्रवण गर्न, घोडा चढ्न, पौह्रन इत्यादि सकल राजनीतिमा कुशल तुल्याउन्या"

(वाग्वतीको भीमसेन थापाको वि. सं. १८६८ को स्तम्भलेखबाट)

[ अग्लो अश्व सधाउनाकन तथा खोलामहाँ पौडन
तारो मान पुराणको श्रवणमा एकाग्र बन्नाकन ।
आफ्ना भूपतिलाइ बाल्यवयमै राम्रो सिकाई गुणी
पारी रक्षण राज्यको गरिदिने छन् भीम मन्त्र्यग्रणी ॥ ]

§ रूपरेखा ६५ पूर्णाङ्कमा छापिएका "कवि बालकृष्ण समका ऐडविल" भन्ने लेखका ३६–४३ पृष्ठ हेर्नुहोस् ।

पृथ्वीनारायण शाहले जूवाको दोहलो पारेका थिए§ । तर जङ्गबहादुरको पालामा जूवा राजकीय आमोदप्रमोदको एक अङ्ग बनेको थियो ।

जङ्गबहादुरका कुनै भित्रिया मानिसले लेखेका वि. सं. १९०७ को उनको बेलायतयात्रा र वि. सं. १९३२ को बेलायतका राजकुमारको नेपाल–तराईयात्रा श्रीकमल दीक्षितको सम्पादकत्वमा निस्केका छन् । यताबाट जङ्गबहादुरले आफूपछिकालाई काम गर्न सजिलो हुने सम्झौटो छोडिदिएको देखिन्छ । तर यी पढाइबाट निस्केका कुरा होइनन्, नत श्री ५ पृथ्वीनारायण शाहको उपदेश जस्तो गम्भीर राजनीतिको अनुभव तथा चिन्तनको फल हो ।

राइटले ग्रन्थ प्रकाश गरेको पचास वर्ष जतिपछि विक्रमोर्वशीयको नेपाली अनुवाद प्रकाश गरेर जनरल केसरशमशेरज्यूले राइटको कुराको सानो खण्डन देखाइदिनुभयो । तर केसरशमशेरज्यू राणाकुलमा केही अंशमा अपवाद व्यक्ति हुनुहुन्थ्यो भन्ने कुरा वि. सं. २००७ पछिको उहाँका दाजुभाइले गरेको स्वदेशत्याग र उहाँले गरेको स्वदेशबासले देखाउँछ ।

पढ्ने मानिसको मनमा विभिन्न प्रकारका शङ्का उठ्छन् । ती शङ्काको समाधान आफूले बुझ्क सम्झेका मानिसद्वारा होस् भनी सो मानिस चाहन्छ । जनरल केसरशमशेरलाई ज्यौतिष पढ्दा केही शङ्का उठेछन् । ती शङ्का उहाँले आफ्ना गुरु हेमराज पण्डितज्यूसँग सोध्नुभएछ । गुरुज्यू हेमराजज्यूका ज्यौतिषविषयका सल्लाहकार मेरा मातामह पं. भुवननाथ पाँडे हुनुहुन्थ्यो । यस कारण केसरशमशेरज्यूका ती पत्र गुरुज्यूले मेरा मातामहलाई दिनुभएछ । मेरा मातामहले

---

§दानोद्रेकातिलुब्धभ्रमरगणसमानेकविद्वत्प्रशस्तः
पृथ्वीनारायणेशो जयति नृपशिखारत्ननीराजिताङ्घ्रिः ।।२।।

राजानः सन्ति नो किं दिशि दिशि धरणीपालवंशाब्धिजाता
द्यूतस्वापाबलासु प्रणिहितमनसो दानयुद्धप्रहीणाः ।
पृथ्वीनारायणेशो रिपुदवदहनप्रौढदावानलोऽसौ
दाने मेघोपमानो जयति निजधरावारितद्यूतदोषः ।।३।।

(काठमाडौं वसन्तपुरदरबारको पृथ्वीनारायण शाहको वि. सं. १८२६ को अभिलेखबाट ।)

[ पाई जन्म नृपालका कुलमहाँ राजा भएका जन
धेरै छन्, तिनमा कुनै युवतिका हेर्छन् सधैं आनन ।
काट्छन् काल सुतीसुतीकन कुनै, जूवा कुनै खेल्दछन्,
ती भाग्छन् रणभूमिदेखि, नत ती केही दिनै सक्तछन् ।।

पृथ्वीनारायण नृपतिको साथमा शत्रुभाव,
राख्ने राजाहरु समरमा यी हुँदैछन् सखाप ।
जूवा सारा निज मुलुकमा रोकियो भूपबाट,
विद्वान् हुन्छन् प्रमुदितमना भूपको दानबाट ।]

ती प्रश्नका उत्तर दिन निकै दिनसम्म नानाथरीका पुस्तक पल्टाएको मैले धेरै दिनसम्म देखेथें। उत्तरका लागि उहाँले झिक्नुभएका केही उद्धरणहरू अझ पनि सुरक्षित नै छन्। त्यस बेला मेरा मातामहको उमेर ५७ वर्ष❁ भइसकेको थियो। उहाँका सहायक कोही थिएनन्। आफले पक्का निश्चय नगरी बोल्ने उहाँको स्वभाव थिएन। केसरशमशेरज्यूको चिठीमा अहिले जवाफ नचाहिने भनी लेखिएको थियो। यस कारण केही दिनपछि उहाँले ती पुस्तकहरू हेर्न छाड्नुभयो। म उहाँको नजीकमा बसिरहन्थें। त्यस बेला मेरो उमेर ७ वर्षको थियो। यी प्रश्नका विषयमा त म विचार गर्न सक्तैनथें। तर यताबाट यी प्रश्न आएका हुन् भन्ने कुरासम्म मैले बुझेको थिएँ। हजूरले ती पुस्तकहरू किन नहेर्नुभएको भनी सोद्धा गुरुज्यूले भने भने यो काम मेरो हातबाट हुँदैन भनी फिर्ता गरिदिन्छु भनी उहाँले भन्नुभयो। त्यसपछि के भयो, मलाई थाहा छैन।

मेरा मातामह (वि. सं. १९२०–२०००) को स्वर्गवास भएको २३ वर्ष पुगिसक्यो। गुरुज्यू (नायब बडागुरुज्यू) हेमराज (वि. सं. १९३५–२०१०)को स्वर्गवास भएको पनि १३ वर्ष पुगिसक्यो। जनरल (अतिरथी हिज हाइनेस) केसरशमशेर (वि. सं. १९४८–२०२१) को स्वर्गवास भएको अढाई वर्ष भइसक्यो। यस कारण केसरशमशेरज्यूका ती पत्र अब इतिहास पढ्नेलाई काम लाग्ने वस्तु भइसकेका छन्।

मेरा मातामहका पाइएसम्मका सबै लेखपढका विषय मैले अत्यन्त सावधानीपूर्वक रक्षा गरी राखेको छु। यस कारण केसरशमशेरज्यूका ती पत्र पनि मेरो संरक्षणमा रहेका छन्। ती पत्रको केही भागलाई कीराले खाइसक्यो। म पनि ५३ वर्ष पुगिसकें। ज्यौतिष पढाएर मैले पेट पालेको २६ वर्ष पुगिसक्यो तापनि ज्यौतिषशास्त्रको छलफलमा रुचि लिने परम्परा मैले बसाउन सकेको छैन+। यस कारण यस्ता प्रश्नको उत्तर दिने विद्वान्को परम्परा बसाउन म सक्छु वा सक्तिनँ भनी भन्न अहिले म सक्तिनँ।

केसरशमशेरज्यूको लेखमा ज्यौतिषशास्त्रको होराविभागका केही चाखलाग्दा कुरा छन् तापनि उहाँको लेखलाई व्याकरणले बाँधेको छैन।

सो लेखलाई जस्ताकोतस्तो प्रकाश गर्नु आफ्नो जन्मभूमिको इतिहासको अलिकता भए तापनि आफूले ऋण तिरेको मैले सम्झेको छु।

---

❁ केसरशमशेरज्यूको पत्रमा मिति छैन। तर सो पत्रको मिति ठम्याउन सकिन्छ। किनभने सो पत्र लेखिएको वर्ष दसैंमा दश दिन परेको, गोदावरीको मेला (सिंहमा बृहस्पति तथा सूर्य बसेका), हेमराजज्यूको (कर्कटराशिको) साढे सात सिद्धिएको उल्लेख परेका छन्। यस कारण यी घटना भएका वि. सं. १९७७ मा सो पत्र लेखिएको देखिन्छ।

+"इतिहास–संशोधनको प्रमाणप्रमेय"को उपोद्घातका ७–१० पृ. हेर्नुहोस्।

(खामभा)

श्री ६ मान्यवर गुरुराज हेमराज पंडीतज्यू

ढोकाटोल

अहिले जवाफ नचाहीने

\+ \+ \+

श्री ६ गुरुज्यू हेमराज पंडीतज्यू—

जन्म आषाढ शुक्ल द्वितीया मंगलवार आषाढ २० गते संवत १९३५ श्रीसूर्योदयाद्गतघटि ८ पलेषु ५

आहाको कुंडली

सींहलग्न पुष्यनक्षत्र




बेलायत यंत्रालया र पात्रो

मुकरर् जन्म २ जुलाई १८७८ सींहलग्न २८° ४५' उदय चंद्रमबा सींह

लग्नकुंडली




भाव



## ग्रह भोग्य अंस

| | |
|---|---|
| सू. १०° ५४' कर्क | शु. २° १०' मीथुन |
| शनी. २° ४८' मेष | बु. ७° ५७' कर्क |
| बृ. ५° २' कुंभ बक्र | रा. १५° २५' कुंभ |
| मं. ५° ५१' सींह | इ. २६° ५२' सींह |
| | व. १° २२' वृष |

हजुर्को वैर गुदा पेट कीन नदुषोस.

शिखी रिष्फगा बस्तिगुह्यांघ्रिनेत्रे रुजा पीडनं मातुलान्नैव शर्म ॥
सदा राजतुल्यं नरं सद्व्ययं तद्रिपूणां विनाशं रणेसौ करोति ॥

बीचरा जेठा गुरुज्यू कीन बहीरो नहुनु. बद्रीको धारालाइ दोष ? हैन हजुर्को दशम शुक्रले !

दशममंदिरगे भृगुवंशजे बधिरबंधुयुत: स च भोगवान् ॥
बनगतोपि च राज्यफलं लभेत्समरसुन्दरबेषस(म)न्वित : ॥

हजुरको शनीश्चर बहुत षराप रैछ. मत सम्झीन्छु की बेस् भो की हजुर्को ७॥ एही बषतमा एतीले टर्‍यो. नत्र के हुने थीयो. म भन्न सक्दीन.

जुबा कैले फाप्थीयो. जस्को इ. के. मं. चं. १२ रौ छ.

अंग्रेजी हीसाबले हजुर्को ७॥ २५ अगष्ट १९१४ सालदेषी लागेको अक्टोबर १९२१ सम्म रहन्छ.

अरु ग्रह बेस छन. हजुर्को गौरव देषाउछन्. तर सत्ते कन्डुनासाए को पनी ज्यादा सोष देषीन्छ.

\+ \+ \+

कोही १ जना पुसको २५ दीन जादा राती २ वजी ३४ मीनेटमा जन्मीएछ. अश्वीनी नक्षत्र परेछ. कुन्डली एस्तो बसेछ.



भावमा चंद्र छैटौ केतु लग्नमा सरेको ठहरीएछ —

बेलाएतमा सो जन्मीएको वेला लेषी पठाउदा सोही २।३४ रात पुस २५ मा एस्तो कुन्डली पो बस्छ भनी सो वेलामा ग्रहको भोग वेला पनी लेषी पठाए.




| | | |
|---|---|---|
| लग्न बृश्चीक | १८° ३०′ | उदय |
| मङ्गल ऐं | १९° २१′ | |
| बुध धनु | २८° २०′ | वक्र |
| सूर्य मकर | १७° ५′ | |
| शुक्र कुंभ | १४° १७′ | |
| बृहस्पती मीन | १४° ४०′ | |
| चंद्र मेष | २७° ४६′ | |
| राहु बृष | २३° २९′ | |
| शनी तुला | ०° ९′ | |

साठी मीनेट् (चीन्ह′) को १ डीग्री हुन्छ. (॰ चीन्ह) ६० डीग्रीको १ राश हुन्छ. माथी एही रीतसीत भोग्य वेला लेषीएको हो.

अब एस्मा उनी बेलाएती ज्योतीशीहरूले भंछन् की लग्नमा बृश्चीक १८·३० को उदय हुनाले तनुभावमा ११·३० बृश्चीक र १८·३० धनु पर्‍यो. तेही हीसाबसीत ठीक कुन्डली त एस्तो हुन्छ भनी देषाए—




उनीहरूले एसो भनेमा हाम्रो ज्योतीशीले भंने के छ. यो मानासीब हो की हैन. यंत्रले जाती (ची) हासाब सुधार्नु भंने हाम्रो शास्त्रमा छ छैन. साएनार्क भनेको क्या हो. साएनार्कको हीसाब लीनु भंने छ छैन. भाव भनेको क्या हो. दोस्रो कुंडलीमा एकावली अर्धचंद्र रुचक परेको छ. तेस्रो कुंडलीको हीसाबले एकावली अर्धचंद्र पर्दैन. मं. राहु चंद्र बुध ठामैमा छन. सू. श. बृ. शु. सरे. अब यो मांछेको शनी १२ भंने की ११ भंने. पुस्तकले के बताएको छ. जोगलाइ लग्न-कुन्डली की भावकुंडलीबाट परेनपरेको बीचार गर्ने. ग्रहहरूको पनी लग्नकुन्डली की भाव-कुन्डली कुनबाट एही घरमा छ भंने. लग्नको मालीक मंगललाइ मात्रै भंने की बृहस्पतीलाइ पनी भंने. हुन भने पैह्ला कोठामा ११·३० बृश्चीक र १८·३० धनु परेको छ. एस्को रुचक योग मात्रै की हंस योग पनी भंने. यो मान्छेको उच्चाइ ८६' अंगुल ठीक छ. तसर्थ हंस योग पनी परे जस्तो लक्षीण छ. रुचक हंस दुवैको लक्षीण छ—.

सबै राश उत्तीकै लामो छन् की ? कोही मैह्लाको ३२ दीन जादा जन्मेको सूर्य के हीसाब-सीत मिलाउने. कोही त २९ दीनको मैह्ला पनी हुन्छन्.

इन्द्र र वरण उपग्रह २ को ख्याल नलीए पनी शास्त्रमा बयान छ छैन.

लग्न मेषको पैह्ला अंसमा जन्मेको र पछील्लो अंसमा जंमेको जरूर ग्रहहरूको बसाइ घरलाइ फरक हुनुपर्छ. झन हाम्रो ३० भागको १ भागको ख्याल राष्छम्.

हाम्रो पुस्तकहरूमा गर्भादानको साइतलाइ के भन्छन्. पाएदेषी गर्भे चीनाको फल की जन्मीदाको चीनाको फल लाग्ने भंने लेषीएको छ. परासरले वेदव्यासलाइ के हीसाबले पाएको. सालीबहान जन्मीना इ पनी साइतमा गर्भादान भएको. वीर्यपत्तन हुने बषतको हीसाब राष्ने की वीर्य गर्भ पस्ने बषत्को हीसाब राष्ने.

बेलाएती ज्योतीशीहरूले परासरको कुरा इत्यादीमा गवर्ड गरी १ हीसाब नीकाले. तेस्ले जन्म र गर्भादानको लग्न चंद्रहरूको साटफेरबाट गर्भादानको टाइम पत्ता लाग्ने रैछ. जस्तो की अघीको चीनाको मान्छेको गर्भादानको वेलाको एस्तो कुन्डली षडा गरे.

चैत्र २९ बीहान भंने ठेगान भयो. ज्याहाको पात्रोले सो टाइम एस्तो कुन्डली बस्यो.




सोही २९ चैत्र बीहान उनीहरूको हीसाबले एस्तो लग्नकुंडली र भावकुंडली षडा गरे.

लग्न मेष २७° ४६' उदय







यो कुन्डलीबाट यो मान्छेलाई सूर्य तनुभाव की व्ययभाव कुन भावको फल लाग्छ.

**ग्रहहरूको भोग अंस—**

| | |
|---|---|
| सू. मेष २०° | बृ. मीन ७°. ३०' |
| चं. वृष १८° ३०' | शु. मीन ९°. |
| मं. वृष २२° ४१' | श. कन्या ११° २१' बक्र |
| बु. वृष ६° | रा. मीथुन ८° |

हीन्दुस्थानमा धेरै फरक पात्रो नीस्कीन लाग्यो. उनीहरूको र हाम्रो पात्रोमा हाम्रो ठीक भनी कुन ग्रन्थले भंनु. हाम्रो पात्रो फेर्नु पर्छ्छ पर्दैन .

साएनार्क भंनु क्या हो. एस्पाला गोदावरीमेलामा भाद्र ८ देषी साएनार्क कंन्या थीयो हाम्रै हीसाबले पनी त कन्या सायनार्क हुनुभंदा अघी ७ दीनमा जस्तो मेला परेन हो. कीनभने सायनार्कको हीसाबबाट पनी ७ दीन त पुरा सींह अस्त थीयो. अंग्रेजी हीसाबले ९ श्रावणदेषी ८ भाद्रसम्म सूर्य सींहमा थीए. बृहस्पती ११ भाद्रसम्म सींहमा अडे.

अग्रेजहरू भन्छन की १५०० वर्षअघी सायनार्क र मैल्लाको हीसाब एकै थीयो. हाम्रो शास्त्रले मान्नु नमान्नु के भन्छन्. पैल्ले बराहमीहीरको कीतापबाट बुझीन्छ की ग्रीस्का आचार्ज्य र हाम्रा आचार्ज्यहरूको एकै जस्तो राए हीसाब थीयो. यवनाचार्य हीन्दु हुन् की परदेशी.

भावको हीसाब पनी ठीक गर्दैनन् आहा.

सींहको पैल्ला अंस उदाइ तनुभाव पुरा सींहले भरीएको र र २९ अंस सींहको उदाइ २ अंस सींह र २८ अंस कन्याले तनुभाव भरीएकोमा फरक् भै बुधको ष्याल पनी राष्नुपर्ला. सींह १ अंस उदाइ सूर्य ५ अंसमा भै सूर्य लग्नमा परेको र २९ अंस उदाइ ५ अंसको सूर्य लग्न बहार भै १२ भएकोमा फरक होला. फेरी सींह उदय भइ सींहकै सूर्य १२ भएको र कर्कटको सूर्य बाहारौ भएकोमा पनी त फरक होला. हाम्रो शास्त्र जुन् ले १ राशलाइ त्रिशांशमा भाग् गरेको छ. झन् तेही शास्त्रले एसो गर्नु भनेको छैन र?

वक्र हुदा ग्रहको फल कस्तो हुन्छ.

माथी लेषीएको कुंडलीहरूमा अरू वीषेष योग केही परेको छन् की.योग, आयु यो घरमा ग्रह भंनलाई लग्नकुन्डलीबाट वीचार गर्ने की भावकुन्डलीबाट वीचार गर्ने. बेलायती माथी लेषीएको जन्मकुन्डली र गर्भकुन्डलीबाट आयूको के वीचार पाइन्छ.

इ कुराको जवाफ जस्तो विद्याले लेपन हुन्छ. उस्तै सुवण ले जवाफ लेष्ने हात लेपन् हुन्छ. बेलाएत्मा एती सोद्नलाइ ३ गीनी तीर्नुपर्छ—शुभम्

+ + +

"श्री ६ गुरुज्यू,

कान्छा गुरुज्यूले ल्याउनुभएका पात्रो चाहासाथ हेरी फीर्ता पठाएको छु.

बापूदेवको पात्रोको हीसाबले ९ रथ ९ दीन मात्रै परेको रैछ. हाम्रो त एस्पाली दशरथ महाराज हुन्छ. तर लीलासंसेरको सुतोकले छेक्ने हीसाब छ.

हीजोको कागतमा २ कुरा सोध्न बीर्सीएछु. दृष्टिवीचार कसरी गर्ने. राशबाट राशको हीसाब गर्ने की बीचमा परेको अंसबाट वीचार गर्ने की भावकुंडलीबाट वीचार गर्ने. मीनको बृहस्पती भावमा चतुर्थ सरेपछी छैटोमा मेषको चंद्रमा अडेपछी केमद्रुम पर्छ पर्दैन. वृश्चीकको मंगल लग्नमा हुंदा र मीनको बृहस्पती पंचम हुदा लग्नकुंडलीको हीसाबले स्वगेहभौमे गुरुदृष्टिफलम् (वंशेवनीशो नृपोपचार) मील्छ. अब भावमा चतुर्थ भएपछी त उल्टो स्वगेहस्थगुरौ भौम–दृष्टिफल लाग्ने हुन्छ. कुन दृष्टि पक्का हो. जस्तो की तुलाको शनीलाइ मेषबाट चंद्रको दृष्टीको नृपप्रसादाप्तमहाधिकार फल हुनेमा भावमा चंद्रछैटौ शनी एकादश हुदा दृष्टी सुन्य हुन्छ.

यो वचन १ ठाममा देषें.

"शुक्रे घटे ११ कुजे मेषे सुस्थो देवपुरोहितः ।।
तदा राजा भवेन्नूनं चापः सौध्यति दिङ्मुखः ।।"

शुक्र कुंभमा, बृहस्पति अफ्नो राशको, मंगल मेषको भए पर्ने हो क्यारा. जस्तो बृहस्पती अफ्नो राश ९।१२ जुनमा भए पनी हुने भएपछी मेष वृश्चीक जुन्मा मंगल भएपनी हुने हो की मेषैंमा चाहीन्छ. शुक्र कुंभको बृ. मीनको मं. वृश्चीकको हुदायो योग पर्छ पर्दैन.

तगलीफ् माफ् पाउनाको आसमा छु.

जातकाभरण र मानसागरीबाहेक अरू ठुलो ज्योतिशको काताब हीन्दीमा उल्था भएको छ की ?

हजुरको मोहबतपात्र
केसर्सेर

★
★★

---

यस निबन्धलाई तयार गर्दा संशोधन–मण्डलका कार्यकर्ताहरूले विशेष गरी देवीप्रसाद भण्डारीले मेरो इच्छा र विचारअनुसार काम गरेका छन् । सबैलाई यथोचित धन्यवाद छ ।

[क्रमागत]❁

# त्रिकोणमिति (ज्योत्पत्ति)

## (पहिलो अध्याय)

**–नयराज पन्त**

*३५ प्रक्रम—*

### इष्ट चापको कोटिज्या ल्याउने रीति

पू च चापको कोटि च उ चाप हुन्छ भनी ११ प्रक्रममा बताइएको छ। पू च चापको कोटिज्या च अ वा के क हुन्छ भनी १४ प्रक्रममा बताइएको छ। यी दुइ कुरालाई आधार मानी ८ सारणीबाट इष्ट चापको कोटिज्या ल्याउने रीति यहाँ बताइन्छ।




[२६ चित्र]

---

❁ वि. सं. २०२१ वैशाखदेखि २०२२ कार्तिकसम्म १–७ सम्मका पूर्णिमाका ७ वटा अङ्कमा क्रमैसंग त्रिकोणमितिका ३४ प्रक्रम र १९ प्रश्नमाला प्रकाश भइसकेका थिए। पूर्णिमाको आठौं अङ्कमा प्रकाश गर्ने भनी त्रिकोणमितिको यो भाग उसै बेला लेखी तयार पारिएको थियो। तर वि. सं. २०२२ मार्ग ८ गतेको सूर्यको वलयग्रहणले पं. गोपाल पाँडेको त्रैराशिकबाट घन-मूल ल्याउने रीति मेरो बुद्धिमा चढाइदियो। पं. गोपाल पाँडेले लेखेको ७० वर्षपछि मैले सो रीति बुझें। यस कारण सो रीतिलाई व्याख्यासमेत प्रकाश गराउनु मैले आवश्यक सम्झें र पूर्णिमाका ८–११ सम्मका ४ अङ्क पं. गोपाल पाँडेकै सो विषयमा बिते। हुनत त्यो प्रकाश भए तापनि केही भएको छैन। तर गोपाल पाँडेले लेखेको ७० वर्षपछि त्यसको व्याख्या मैले गरे जस्तै मैले लेखेको ७० वर्षपछि कुनै गणितज्ञले मेरो लेखको परीक्षा गरिदेलान् भन्ने मैले आशा गरेको छु। अब अघि जस्तै त्रिकोणमितिलाई नै प्रकाश गर्दै लाने मेरो विचार छ।

इष्ट चापलाई ९० अंशबाट घटाई सो चापको कोटि ल्याउनू । सो कोटिचापलाई कलारूप बनाई त्यसबाट ३२ प्रक्रममा बताइएको रीतअनुसार ज्या ल्याउनू । आएको सो ज्या इष्ट चापको कोटिज्या हुन्छ ।

*१ उदाहरण*—३०अंशको कोटिज्या ल्याऊ ।

३०° को कोटि = ९०°–३०° = ६०°

६०° को ज्या = सोह्रौं ज्या = २९७७

∴ ३०° को कोटिज्या = २९७७

*२ उदाहरण*—२३अंश ३०कलाको कोटिज्या ल्याऊ ।

२३°३०′को कोटि = ९०°–२३°३०′ = ६६°३०′

६६°३०′ = ६६ × ६०′ + ३०′ = ३९९०′

२२५ ) ३९९० ( १७ लब्धि
२२५
१७४०
१५७५
१६५ शेषकला

यस कारण एष्यज्या = अठारौं ज्या = ३१७६
गतज्या = सत्रौं ज्या = ३०८३
ज्यान्तर = ९३
} ८ सारणीबाट

∴ ज्याशेष = $\frac{१६५ \times ९३}{२२५} = \frac{३४१}{५}$ = ६८·२ = ६८ आसन्न

∴ ६६°३०′ को ज्या = ३०८३ + ६८ = ३१५१

यस कारण २३°३०′ को कोटिज्या = ६६°३०′ को ज्या = ३१५१

## २०–प्रश्नमाला

तलका चापका कोटिज्या ल्याऊ—

(१) १५ अं (२) २४ अं (३) ५२ अं (४) ५७ अं
(५) ११ अं ४० क. (६) ३३ अं ४८ क (७) ५७ अं ३८ क (८) ८ अं ५४ क
(९) ४२ अं १२ क (१०) २७ अं ५६ क

## उत्तर

[१] ३३२१ [२] ३१३९ [३] २११६ [४] १८७२
[५] ३३६६ [६] २८५७ [७] १८४० [८] ३३९५
[९] २५४६ [१०] ३०३५

*३६ प्रक्रम—*

## इष्ट कोटिज्या थाहा पाई इष्ट चाप ल्याउने रीति

इष्ट कोटिज्याबाट ३३ प्रक्रमको रीतअनुसार चाप ल्याउनू, सो कोटिचाप हुन्छ । त्यस कोटिचापलाई ९० अंशबाट घटाउनू, इष्ट चाप आउंछ ।

*उदाहरण*—कोटिज्या ६९५ भए चाप कति होला ?

इष्ट कोटिज्या = ६९५

तेस्रो ज्या = ६७१

शेष = २४

एष्यज्या–गतज्या = ८९०–६७१ = २१९

२१९ : २२५ : : २४ : शेषकला

$\therefore$ शेषकला = $\frac{२२५ \times २४}{२१९}$ = २४·६५७ = २५ आसन्न

गतज्याको संख्या = ३

$\therefore$ कोटिकला = ३ × २२५ + २५ = ६७५ + २५ = ७००

$\therefore$ कोटिचाप = ७००′ = ११° ४०′

$\therefore$ इष्ट चाप = ९०° – ११° ४०′ = ७८° २०′

## २१–प्रश्नमाला

तलका कोटिज्याका चाप ल्याऊ—

(१) ७४४ (२) ३११३ (३) २३०४

(४) २९१८ (५) १३५७ (६) ३३३८

(७) २६६२ (८) १३९७ (९) २४३८

(१०) ३३८०

## उत्तर

[१] ७७ अं ३० क [२] २५ अं २ क [३] ४७ अं ५४ क

[४] ३१ अं ५२ क [५] ६६ अं ४५ क [६] १३ अं ४५ क

[७] ३९ अं १४ क [८] ६६ अं १ क [९] ४४ अं ५० क

[१०] १० अं २६ क

*३७ प्रक्रम–*

अहिलेसम्म ९० अंश वा त्यसभन्दा थोरै अंश भएका चापका ज्या कोटिज्याको विषयमा हामीले विचार गरयौं । अब ९० अंशभन्दा धेरै अंश भएका चापका ज्या कोटिज्याको विषयमा हामी विचार गर्छौं ।

"चापको एक प्रान्तमा जाने व्यासरेखाको उपरमा चापको अर्को प्रान्तबाट गरेको लम्ब-लाई त्यस चापको 'ज्या' भन्दछन्" भनी माथि ३ प्रक्रममा लेखिएको हो । यताबाट *पू च* चापको ज्या *च अ*, *पू चा* चापको ज्या *चा आ*, *पू चि* चापको ज्या *चि अि*, *पू ची* चापको ज्या *ची अी* हुने स्पष्ट देखिन्छ ।



[२७ चित्र]

पहिलो पद★ (० अंशदेखि ९० अंशसम्म)मा रहेको *पू च* चापको ज्या *च अ* तथा *पू उ* चापको ज्या *उ के* देखिनाले ० अंशदेखि ९० अंशसम्म क्रमैले ज्या बढ्दै गई *पू उ* (९० अंश) चापको ज्या *उ के* त्रिज्याबराबर हुने स्पष्ट देखिन्छ ।

दोस्रो पद (९० अंशदेखि १८० अंशसम्म)मा रहेको *पू चा* चापको ज्या *चा आ*, त्रिज्याभन्दा सानो देखिएकोले ९० अंशभन्दा चाप बढेमा सो चापको ज्या त्रिज्याभन्दा बढ्नाको सट्टा घट्ने स्पष्ट देखिन्छ । यसरी दोस्रो पदमा ज्या क्रमशः घट्दै गई दोस्रो पदको अन्त्यमा (१८० अंशमा) अर्थात् *प* बिन्दुमा पुग्दा ज्या शून्य हुने देखिन्छ। यसरी ० अंशको ज्या र १८० अंशको ज्या शून्य हुने देखिन्छ ।

तेस्रो पद (१८० अंशदेखि २७० अंशसम्म)मा रहेको *पू चि* चापको ज्या *चि अि* देखिनाले तेस्रो पदमा पहिलो पदमा जस्तै ज्या क्रमशः बढ्दै गई तेस्रो पदको अन्त्यमा (२७० अंशमा) अर्थात् *द* बिन्दुमा पुग्दा ज्या *द के* त्रिज्याबराबर हुने देखिन्छ। यताबाट ९० अंश र २७० अंशको ज्या त्रिज्याबराबर हुने देखिन्छ ।

चौथो पद (२७० अंशदेखि ३६० अंश सम्म)मा रहेको *पू ची* चापको ज्या *ची अी* देखिनाले चौथो पदमा दोस्रो पदमा जस्तै ज्या क्रमशः घट्दै गई चौथो पदको अन्त्यमा (३६० अंशमा) अर्थात् *पू* बिन्दुमा पुग्दा ज्या शून्य हुने देखिन्छ । यस चित्रबाट ० अंश र ३६० अंशको बिन्दु एउटै *पू* बिन्दु हुने भएकोले ० अंश र ३६० अंश भन्नु एउटै देखिन्छ ।

★ *पू* देखि *उ* सम्म प्रथम पद, *उ* देखि *प* सम्म द्वितीय पद, *प* देखि *द* सम्म तृतीय पद, *द* देखि *पू* सम्म चतुर्थ पद हुन्छन् (१ प्रक्रम) ।

यस क्षेत्रबाट देखिन आएको सार—

(१) ०° को ज्या = ०, (२) प्रथम पदमा ज्या क्रमशः बढ्दै जान्छ,
(३) ९०° को ज्या = त्रि, (४) द्वितीय पदमा ज्या क्रमशः घट्दै जान्छ,
(५) १८०° को ज्या = ०, (६) तृतीय पदमा ज्या क्रमशः बढ्दै जान्छ,
(७) २७०° को ज्या = त्रि, (८) चतुर्थ पदमा ज्या क्रमशः घट्दै जान्छ,




[२८ चित्र]

पू च चाप = ३०°
पू चा चाप = १५०°
पू चि चाप = २१०°
पू ची चाप = ३३०° छन् ।

पू च चापको ज्या = च अ
पू चा चापको ज्या = चा आ
पू चि चापको ज्या = चि आ
पू ची चापको ज्या = ची अ छन् ।

के च अ तथा के चा आ जात्यत्रिभुजमा
के च = के चा (त्रिज्या भएकाले)

च के अ कोण = ३०°,
चा के आ कोण = १८०° − १५०° = ३०°

यस कारण के च अ, के चा आ त्रिभुज सर्वात्मना बराबर हुन्छन् ।

......................रे.ग. १ अ. २६ प्र.

यताबाट च अ = चा आ, के अ = के आ हुन्छन् ।

के च अ, के ची अ त्रिभुज पनि यही रीतले सर्वात्मना बराबर हुन्छन् । यसै गरी आ के चा, आ के चि त्रिभुज पनि सर्वात्मना बराबर हुन्छन् ।

यस कारण च अ = चा आ = चि आ = ची अ
तथा के अ = के आ हुन्छन् ।

यताबाट ३०° को ज्या = १५०° को ज्या = २१०° को ज्या = ३३०° को ज्या हुने देखिन्छ ।

यस कुरालाई राम्रोसंग गडेर हेर्दा—

इष्ट चापको ज्या = इष्ट चाप घटेको १८०° को ज्या
= इष्ट चापबाट घटेको १८०° को ज्या
= ३६०° बाट घटेको इष्ट चापको ज्या हुने देखिन्छ ।

यसलाई अलि विचार गरेको खण्डमा–

**इष्ट चाप पहिलो पदमा भए सो चापकै अंशको ज्या,**

**इष्ट चाप दोस्रो पदमा भए सो चापलाई१८० अंशबाट घटाई शेष अंशको ज्या,**

**इष्ट चाप तेस्रो पदमा भए सो चापबाट १८० अंश घटाई शेष अंशको ज्या,**

**इष्ट चाप चौथो पदमा भए सो चापलाई ३६० अंशबाट घटाई शेष अंशको ज्या**

ल्याउनुपर्दो रहेछ भन्ने देखिन आउंछ ।

*३८ प्रक्रम*—

ज्याको मूलबाट केन्द्रसम्म कोटिज्या रहेको हुन्छ भनी ३ प्रक्रममा लेखिएको छ ।

यताबाट २७ चित्रमा—

पहिलो पदमा रहेको पू *च* चापको कोटिज्या = के *अ*
दोस्रो पदमा रहेको पू *चा* चापको कोटिज्या = के *आ*
तेस्रो पदमा रहेको पू *चि* चापको कोटिज्या = के *अि*
चौथो पदमा रहेको पू *ची* चापको कोटिज्या = के *अी* हुन्छन् ।
पहिलो पदमा रहेको ० अंशको कोटिज्या = के पू = त्रि
पू *च* चापको कोटिज्या = के *अ*
पू उ (९० अंश) चापको कोटिज्या = ०

देखिनाले पहिलो पदमा क्रमशः कोटिज्या घट्दै गई पदान्तमा कोटिज्या शून्य हुने देखिन्छ ।

यसै गरी दोस्रो पदको आदिमा कोटिज्या शून्य हुने, त्यसपछि क्रमशः कोटिज्या बढ्दै गई दोस्रो पदको अन्त्यमा (१८० अंशमा) कोटिज्या त्रिज्यातुल्य हुने देखिन्छ । तेस्रो पदमा पहिलो पदमा जस्तै कोटिज्या घट्दै गई पदान्तमा (२७० अंशमा) कोटिज्या शून्य हुने देखिन्छ। चौथो पदमा चाहि दोस्रो पदमा जस्तै कोटिज्या बढ्दै गई पदान्तमा (३६० अंशमा) त्रिज्यातुल्य हुने देखिन्छ ।

२८ चित्रमा—

पू *च* ( ३०°) चापको कोटिज्या = के *अ*
पू *चा* (१५०°) चापको कोटिज्या = के *आ*
पू *चि* (२१०°) चापको कोटिज्या = के *आ*
पू *ची* (३३०°) चापको कोटिज्या = के *अ*

तथा के *अ* = के *आ* देखिनाले

३०°, १५०°, २१०° र ३३०° का कोटिज्या बराबर हुने देखिन्छ ।

यसरी २८ चित्रबाट—

३०° को ज्या = च *अ*,

१५०° को ज्या = चा *आ*,
= ३०° को ज्या

२१०° को ज्या = चि *आ*
= ३०° को ज्या

३३०° को ज्या = ची *अ*
= ३०° को ज्या

३०° को कोटिज्या = के *अ* = छ च
= ६०° को ज्या

१५०° को कोटिज्या = के *आ* = छ चा
= ६०° को ज्या

२१०° को कोटिज्या = के *आ* = छा चि
= ६०° को ज्या

३३०° को कोटिज्या = के *अ* = छा ची
= ६०° को ज्या
हुने देखिन्छ ।

*३६ प्रक्रम–*

९० अंशभन्दा चाप ठूला भए तापनि ज्याचाहिं त्रिज्याभन्दा बढ्ता नभई ९० अंशभित्रका चापका ज्या सरह भई रहने हुनाले र सारणीमा पनि ९० अंशसम्मका मात्र ज्या लेख्ने चलन भएकोले ज्या ल्याउन विद्वान्हरूले सजिलो नियम निकालेका छन् । त्यस विषयमा अब हामी बोल्दछौं ।

सारणीको प्रयोग गरी जति अंशको ज्या ल्याइन्छ, त्यति अंशलाई भुज भन्ने चलन छ ।

पहिलो पदमा जति अंशको ज्या ल्याउनुपरेको छ, त्यति अंशबाट नै ज्या ल्याइने हुनाले ती अंश नै भुज कहाउंछन् ।

दोस्रो पदमा जति अंशको ज्या ल्याउनुपरेको छ, त्यति अंशलाई १८० अंशबाट घटाई शेष अंशको ज्या ल्याउनुपर्ने हुनाले दोस्रो पदमा १८० अंशबाट घटेका इष्ट अंश भुज कहाउंछन् ।

तेस्रो पदमा जति अंशको ज्या ल्याउनुपरेको छ, त्यति अंशबाट १८० अंश घटाई शेष अंशको ज्या ल्याउनुपर्ने हुनाले तेस्रो पदमा इष्ट अंशबाट घटेका १८० अंश भुज कहाउंछन् ।

चौथो पदमा जति अंशको ज्या ल्याउनुपरेको छ, त्यति अंशलाई ३६० अंशबाट घटाई शेष अंशको ज्या ल्याउनुपर्ने हुनाले चौथो पदमा ३६० अंशबाट घटेका इष्ट अंश भुज कहाँउछन् ।

भुजको अंश घटेको ९० अंशको ज्या इष्ट अंशको कोटिज्या हुने हुनाले इष्ट अंशको भुज घटेका ९० अंश इष्ट चापको कोटि कहाउंछन् ।

यस विषयमा प्राचीन आचार्यहरूले बोलेका कुरा यी हुन्–

**दोस्त्रिभोनं त्रिभोर्ध्वं विशेष्यं रसैश्चक्रत्वोऽङ्काधिकं स्याद् भुजोनं त्रिभम् ।**
**कोटिरेकैककं त्रिभैः स्यात् पदं··· ··· ··· ··· ··· ··· ··· ··· ··· ···।।**

(ग्रहलाघव रविचन्द्रस्पष्टाधिकार १ श्लोक)

[तीन राशि (९० अंश)भन्दा कम भए त्यही भुज हुन्छ । ३ राशिभन्दा बढ्ता भए ६ राशि (१८० अंश)-संग त्यसको अन्तर गर्नू (६ राशिभन्दा कम भए ६ राशिबाट त्यसलाई घटाउनू, ६ राशिभन्दा बढ्ता भए त्यसबाट ६ राशि घटाउनू) भुज आउँछ । ९ राशि (२७० अंश)भन्दा बढ्ता भए १२ राशि (३६० अंश)-बाट त्यसलाई घटाउनू, भुज आउंछ। भुजलाई ३ राशिबाट घटाउनू, कोटि आउँछ । तीन तीन राशिको एक एक पद हुन्छ ।]

त्रिभिर्भैः पदं तानि चत्वारि चक्रे क्रमात् स्यादयुग्युग्मसंज्ञा च तेषाम् ।
अयुग्मे पदे यातमेष्यं तु युग्मे भुजो बाहुहीनं त्रिभं कोटिरुक्ता ।।३५।।
ये दोःकोट्योः स्तः क्रमज्ये तदूने त्रिज्ये ते वा कोटिदोरुत्क्रमज्ये ।
ये दोःकोट्योरुत्क्रमज्ये तदूने त्रिज्ये ते वा कोटिदोष्णोः क्रमज्ये ।।३६।।
दोः कोटिज्यावर्गहीनौ त्रिभज्यावर्गौ मूले वा तयोः कोटिदोर्ज्ये ।

(सिद्धान्तशिरोमणि स्पष्टाधिकार १९-२१ श्लोक)

अत्रोपपत्तिर्गोले कथितैव । तथापि बालावबोधार्थं किञ्चिदुच्यते । अत्र समायां भूमौ त्रिज्यातुल्येन कर्कटकेन वृत्तं कृत्वा भांशै(३६०)रङ्क्यम् । तन्मध्ये पूर्वापरां याम्योत्तरां च रेखां कृत्वा प्राच्याः सकाशात् सव्यक्रमेण किल पदानि कल्प्यानि वृत्ते रेखावच्छिन्नानि । तेषां क्रमेणायुग्मयुग्मसंज्ञा च । अत्र प्रथमपदे प्राच्याः सकाशाद् वृत्तेऽभीष्टस्थाने बिन्दुः कार्यः । तस्य बिन्दोः प्राच्यपरायाश्च यदन्तरं सा दोर्ज्या । बिन्दोर्याम्योत्तरायाश्च यदन्तरं सा कोटिज्या । तद्धनुषी भुजकोटिसंज्ञे । यथा यथा स बिन्दु-रग्रतश्चाल्यते तथा तथा दोर्ज्योपचीयते कोटिज्या चापचीयते । पदान्तं प्राप्ते बिन्दौ कोटेरभावः। दोर्ज्या च व्यासार्धतुल्या स्यात् । ततो द्वितीयपदे कोटेरुपचयः । तत्पदान्ते कोटिः परमा । भुजस्याभावः। अत एवोक्तम् । अयुग्मे पदे यातमेष्यं तु युग्म इति । तथात्र धनुषि ज्यारूपा या सा क्रमज्या । शररूपं यदन्तरं सोत्क्रमज्या । बाणोनं व्यासार्धं चैतदितरज्यातुल्यं स्याज्जीवोनं व्यासार्धं तदितरबाणतुल्यं स्यादिति वृत्तोपरि सर्वं दर्शनीयम् ।

(सि. शि. का माथि उद्धृत श्लोकका वासनाभाष्य)

[तीन तीन राशिको एक एक पद हुन्छ । वृत्तमा चारवटा पद हुन्छन् । ती पदहरूमा पहिलो विषम, दोस्रो सम, तेस्रो विषम, चौथो सम कहाउंछन् । विषम पदमा पदादिबाट जति नाघेको छ, त्यति चाप भुज कहाउंछ । सम पदमा चाहिं पदान्तमा पुग्न जति बाँकी छ, त्यति

चाप भुज कहाउंछ । भुज घटेको ३ राशि कोटि कहाउंछ । भुजचाप र कोटिचापका ज्यालाई त्रिज्याबाट घटाए क्रमैले कोटिचाप र भुजचापका उत्क्रमज्या आउंछन् । भुजचाप र कोटि-चापका उत्क्रमज्यालाई त्रिज्याबाट घटाइदिए क्रमैले कोटिचाप र भुजचापका ज्या आउंछन्। अथवा भुजचाप र कोटिचापका ज्याका वर्गलाई त्रिज्याको वर्गबाट घटाई मूल लिए क्रमैले भुजचापको कोटिज्या र कोटिचापको ज्या आउंछन् ।

यसको उपपत्ति गोलमा बताइएको छ । तैपनि केटाकेटीले बुझून् भनी केही कुरा भनिन्छ। सम्म मिलेको जग्गामा त्रिज्यातुल्य कर्कटकले वृत्त बनाई त्यसको परिधिमा ३६० अंशको चिनु लाउनू । त्यसको केन्द्रमा पूर्वापर र याम्योत्तर रेखा हाली ती रेखाले छुट्टयाइएका वृत्तका खण्डलाई पूर्व बिन्दुदेखि सव्यक्रमले❀ पदको कल्पना गर्नू । ती पदहरू क्रमैले विषम, सम, विषम, सम कहाउँछन् । त्यहाँ पहिलो पदमा पूर्वबिन्दुबाट उठान गरी परिधिमा इष्ट स्थानमा चिनु लाउनू । त्यो बिन्दु र पूर्वापर रेखाको जति अन्तर हुन्छ, त्यो ज्या कहाउँछ । त्यो बिन्दु र याम्योत्तर रेखाको जति अन्तर हुन्छ, त्यो कोटिज्या कहाउँछ । त्यस बिन्दुलाई जति जति अगाडि सार्दै लग्यो, उति उति भुजज्या (ज्या) बढ्दै जान्छ । कोटिज्याचाहिं घट्दै जान्छ । पदान्तमा पुग्दा कोटिज्याको अभाव हुन्छ । भुजज्याचाहिं अर्धव्यासले बराबर हुन्छ । अनि दोस्रो पदमा कोटिज्या बढ्न थाल्दछ । दोस्रो पदको अन्तमा पुगेर कोटिज्या महत्तम हुन्छ, भुजज्याको अभाव हुन्छ । यसै कारणले "विषम पदमा पदादिबाट जति नाघेको छ, त्यति चाप भुज कहाउँछ, सम पदमा चाहिं पदान्तमा पुग्न जति बाँकी छ, त्यति चाप भुज कहाउँछ" भनी भनिएको हो। यहाँ चापमा ताँदो जस्तो भएर जो रहेको छ, त्यो क्रमज्या (ज्या) कहाउँछ । बाण (शर) जस्तो भएर जो रहेको छ, त्यो उत्क्रमज्या कहाउंछ । शर घटेको अर्धव्यास अर्को ज्या हुन्छ । ज्या घटेको अर्धव्यासचाहिं अर्को शर हुन्छ भन्ने सबै कुरा वृत्तमा हेर्नु देखाउनुपर्छ ।]

---

❀ यहाँ सव्यक्रमले पूर्वबाट दक्षिण, दक्षिणबाट पश्चिम, पश्चिमबाट उत्तर र उत्तरबाट पूर्व क्रमले पद लिनुपर्छ भनी भास्करले बोलेका छन् । अर्थात् २६ चित्रमा पू देखि द सम्म प्रथम पद, द देखि प सम्म द्वितीय पद, प देखि उ सम्म तृतीय पद, उ देखि पू सम्म चतुर्थ पद हुन्छ भन्ने भास्करको लेखाइबाट बुझिन्छ । यसरी नै लेख्नुपर्छ भन्ने विशेष कुनै नियम नहुनाले 'प्राच्याः सकाशात् सव्यक्रमेण किल पदानि कल्प्यानि' भनी भास्करले 'किल' शब्द प्रयोग गरेको देखिन्छ । सिद्धान्तशिरोमणिका पुस्तकहरूमा २६ चित्रमा उ बिन्दु लेखिएको ठाउँमा पूर्वपदादि (पू बिन्दु) लेखी त्यहींबाट सव्यक्रमले पदको उठान गरी ज्या–कोटिज्या लेखिएका देखिन्छन् । उच्चबाट पदको गणना गर्न तथा उच्चबाट ग्रह घटाई केन्द्रको गणना गर्न सजिलो पार्नाको लागि यसो गरिएको हो भन्ने देखिन्छ । यस कुरालाई ग्रहगणितको विषयमा पुगेर मात्र हामी खुलाएर लेख्न सक्छौं ।

पदको यहींबाट उठान गर्नुपर्छ भन्ने विशेष नियम नभएको र भास्करले पनि विशेष किटान नगरेका तथा बापूदेव शास्त्रीले पनि आफ्नो त्रिकोणमितिमा २६ चित्रको अनुसारले पदको व्यवहार गरेका हुनाले हामीले त्यसै गरेका हौं ।

१ *उदाहरण*— इष्ट चाप १३५ अंश भए भुज कति होला ?
इष्ट चाप दोस्रो पदमा भएको हुनाले भुज = १८०°-१३५° = ४५°

२ *उदाहरण*— इष्ट चाप ८ रा १० अं १५ क भए कोटि कति होला ?
इष्ट चाप = ८ रा १० अं १५ क = २५०° १५'
∴ भुज = २५०° १५'-१८०° = ७०° १५'
∴ इष्ट कोटि = ९०°-७०° १५' = १९° ४५' ★

## २२–प्रश्नमाला

तलका चापका भुज ल्याऊ—

(१) १२० अं (२) १३६ अं (३) १७५ अं
(४) २०० अं (५) २३५ अं (६) २७५ अं
(७) २२५ अं १० क (८) १८७ अं ५६ क (९) ३२० अं २४ क
(१०) १९२ अं २७ क १९ वि (११) २७६ अं १८ क २२ वि

तलका चापका कोटि ल्याऊ—

(१२) १२० अं (१३) २१० अं (१४) ३०० अं
(१५) २०० अं २० क (१६) १३६ अं ५४ क २२ वि (१७) ३३५ अं ४५ क ५० वि
(१८) १९८ अं २५ क ३० वि (१९) ३५५ अं ३० क १५ वि (२०) १७५ अं ० क ५ वि

## उत्तर

[१] ६० अं [२] ४४ अं [३] ५ अं
[४] २० अं [५] ५५ अं [६] ८५ अं
[७] ४५ अं १० क [८] ७ अं ५६ क [९] ३९ अं ३६ क
[१०] १२ अं २७ क १९ वि [११] ८३ अं ४१ क ३८ वि [१२] ३० अं
[१३] ६० अं [१४] ३० अं [१५] ६९ अं ४० क
[१६] ४६ अं ५४ क २२ वि [१७] ६५ अं ४५ क ५० वि [१८] ७१ अं ३४ क ३० वि
[१९] ८५ अं ३० क १५ वि [२०] ८५ अं ० क ५ वि

४० *प्रक्रम*—

९० अंशभन्दा ठूलो चापको ज्या ल्याउनुपरेमा ३९ प्रक्रमको रीतअनुसार सो चापको भुज बनाई सो भुजबाट ३२ प्रक्रमको रीतअनुसार ज्या ल्याउनुपर्छ ।

---

★ इष्ट चाप प्रथम पदमा भए ९० अंशबाट इष्ट चाप घटाउनू, कोटि आउंछ । इष्ट चाप दोस्रो पदमा भए इष्ट चापबाट ९० अंश घटाउनू, कोटि आउंछ । इष्टचाप तेस्रो पदमा भए २७० अंशबाट इष्ट चाप घटाउनू, कोटि आउँछ । इष्ट चाप चौथो पदमा भए इष्ट अंशबाट २७० अंश घटाउनू, कोटि हुन्छ भन्ने कुरा सम्झी कोटि ल्याउने गरे सजिलो पर्छ ।

९० अंशभन्दा ठूलो चापको कोटिज्या ल्याउनुपरेमा ३९ प्रक्रमको रीतअनुसार सो चापको कोटि बनाई सो कोटिचापबाट ३२ प्रक्रमको रीतअनुसार ज्या ल्याउनुपर्छ ।

१ *उदाहरण*–१३५ अंशको ज्या ल्याऊ ।

१३५ अंशको भुज = १८०°–१३५° = ४५°

भुज चापको ज्या = ४५° को ज्या = २४३१ [८ सारणीबाट]

∴ १३५° को ज्या = २४३१

२ *उदाहरण*–३४५ अंशको कोटिज्या ल्याऊ ।

३४५° को भुज = ३६०°–३४५° = १५°

कोटि = ९०°–१५° = ७५°

वा कोटि = ३४५°–२७० = ७५°

कोटिचापको ज्या = ७५° को ज्या = ३३२१ [८ सारणीबाट]

∴ ३४५° को कोटिज्या = ३३२१

## २३–प्रश्नमाला

तलका चापका ज्या ल्याऊ—

(१) १२० अं (२) २३५ अं (३) ३३० अं
(४) १६५ अं (५) २०४ अं (६) १६७ अं ४४ क
(७) २१० अं २० क (८) २९३ अं ५५ क (९) २२५ अं २५ क
(१०) २१५ अं ३० क (११) ३३३ अं ३३ क (१२) ३४५ अं ५१ क

तलका चापका कोटिज्या ल्याऊ—

(१३) १५० अं (१४) २४० अं (१५) २७५ अं
(१६) २२० अं (१७) २०५ अं ४१ क (१८) २९७ अं ५० क
(१९) ३३६ अं ३० क (२०) १४७ अं ४५ क (२१) ३४८ अं २० क

## उत्तर

[१] २९७७ [२] २८१५ [३] १७१९ [४] ८९०
[५] १३९८ [६] ७३० [७] १७३६ [८] ३१४१
[९] २४४८ [१०] १९९५ [११] १५३२ [१२] ८४०
[१३] २९७७ [१४] १७१९ [१५] ३०० [१६] २६३३
[१७] ३०९७ [१८] १६०५ [१९] ३१५१ [२०] २९०६
[२१] ३३६६

*४१ प्रक्रम—*

"पूर्वपदादि र ज्यामूलको बीचको भाग(पूर्वापरव्यासको टुक्रो)लाई त्यस चापको उत्क्रमज्या भन्दछन्" तथा "त्रिज्याबाट कोटिज्या घटायो भने उत्क्रमज्या आउँछ" भनी ५ प्रक्रममा लेखिएको हो। यी दुइ कुरालाई आधार मानी इष्ट चापको उत्क्रमज्या ल्याउने विषयमा अब हामी विचार गर्छौं।

६०° को उत्क्रमज्या = त्रि−६०° को कोटिज्या

= त्रि−३०° को ज्या

= ३४३८−१७१९ = १७१९

यही रीतबाट २४ वटा चापका उत्क्रमज्या ल्याउन सकिन्छ।

पहिलो (३°४५' को) उत्क्रमज्या = त्रि− ३°४५' को कोटिज्या

= त्रि−८६°१५' को ज्या

= ३४३८−३४३१ = ७

यसै गरी २४ वटै चापका उत्क्रमज्या ल्याई तलको सारणीमा दिइएका छन्।

## ९ सारणी

त्रिज्या = ३४३८

| क्रमसंख्या | चाप अंक | उत्क्रमज्या | अन्तर | क्रमसंख्या | चाप अंक | उत्क्रमज्या | अन्तर |
|---|---|---|---|---|---|---|---|
| पहिलो | ३।४५ | ७ | | तेह्रौं | ४८।४५ | ११७१ | |
| दोस्रो | ७।३० | २९ | २२ | चौधौं | ५२।३० | १३४५ | १७४ |
| तेस्रो | ११।१५ | ६६ | ३७ | पन्ध्रौं | ५६।१५ | १५२८ | १८३ |
| चौथो | १५।०० | ११७ | ५१ | सोह्रौं | ६०।०० | १७१९ | १९१ |
| पाँचौं | १८।४५ | १८२ | ६५ | सत्रौं | ६३।४५ | १९१७* | १९८ |
| छैटौं | २२।३० | २६२* | ८० | अठारौं | ६७।३० | २१२२* | २०५ |
| सातौं | २६।१५ | ३५५* | ९३ | उन्नाइसौं | ७१।१५ | २३३३ | २११ |
| आठौं | ३०।०० | ४६१ | १०६ | बीसौं | ७५।०० | २५४८ | २१५ |
| नवौं | ३३।४५ | ५७९ | ११८ | एक्काइसौं | ७८।४५ | २७६७ | २१९ |
| दशौं | ३७।३० | ७१० | १३१ | बाइसौं | ८२।३० | २९८९ | २२२ |
| एघारौं | ४१।१५ | ८५३ | १४३ | तेइसौं | ८६।१५ | ३२१३ | २२४ |
| बाह्रौं | ४५।०० | १००७ | १५४ | चौबीसौं | ९०।०० | ३४३८ | २२५ |
| | | | १६४ | | | | |

* ८ सारणीमा ज्यामा अलिकति संशोधन गरिएको थियो। त्यसबाट उत्क्रमज्यामा पनि अलिकति संशोधन गर्न आवश्यक हुन आयो र यहाँ सोहीअनुसार गरिएको छ। भास्करले छैटौं उत्क्रमज्या २६१, सातौं ३५४, सत्रौं १९१८, अठाह्रौं २१२३ दिएका छन्।

माथि आएका २४ वटा उत्क्रमज्यालाई भास्करले तलका श्लोकमा बोलेका छन्—

**... ... ... ... ... ... ...अथोत्क्रज्या मुनयोऽङ्कदस्राः★ ।**
**रसर्तवो भूधरभूमिचन्द्रा द्वयष्टेन्दवो दोरसलोचनानि***
**पञ्चेषुरामा* शशिषट्कवेदा नन्दाद्रिबाणा गगनेन्दुशैलाः ।।३७।।**
**गुणेषुनागा नगखाभ्रचन्द्राः कुशैलरुद्राः शरवेदविश्वे ।**
**भुजङ्गनेत्रेषुभुवो नवेन्दुसप्तेन्दवः शैलकुनन्दचन्द्राः* ।।३८।।**
**द्वि*सूर्यनेत्राण्यमरत्रिदस्रा वस्वब्धितत्त्वानि नगर्तुभानि ।**
**गोऽष्टाङ्कदस्रा दहनेन्दुदन्ता नागाग्निवेदाज्यभुजास्त्रिभज्या ।।३९।।**

(सि. शि. स्पष्टाधिकार ६–९ श्लोक)

[ ७, २९, ६६, ११७, १८२, २६२, ३५५, ४६१, ५७९, ७१०, ८५३, १००७, ११७१, १३४५, १५२८, १७१९, १९१७, २१२२, २३३३, २५४८, २७६७, २९८९, ३२१३, ३४३८ यी उत्क्रमज्या हुन् । त्रिज्या ३४३८ हो । ]

*४२ प्रक्रम—*

## पहिलो पदमा रहेको इष्ट चापको उत्क्रमज्या ल्याउने रीति

इष्ट चापलाई कलारूप बनाई सो कलाबाट ३२ प्रक्रममा बताइएको रीतअनुसार ९ औं सारणी उपयोग गरी उत्क्रमज्या ल्याउनुपर्छ ।

*उदाहरण*—२३ अंश ३० कलाको उत्क्रमज्या ल्याऊ ।

२३° ३०′ = २३ × ६०′ + ३०′ = १४१०

२२५)१४१०(६ गत उत्क्रमज्याको संख्या❁
१३५०
———
६० शेषकला

★ पूर्णिमाको ३ अङ्कमा प्रकाशित त्रिकोणमितिको २१ प्रक्रममा ग्रहलाघव तथा खण्डखाद्यकका श्लोक उद्धरण गरिएका छन् । ती श्लोक पूरा नभएका हुनाले श्लोकसंख्यामा तिनलाई समावेश गरिएको थिएन । यस अङ्कको ३९ प्रक्रममा ग्रहलाघवको श्लोक उद्धरण गरिएको छ । सो पूरा छैन । यस कारण त्यहाँ श्लोकसंख्या दिइएको छैन ।
यो पाठ पूर्णिमा ६ अङ्कमा प्रकाशित २९ प्रक्रमको ३१ श्लोकको बाँकी भाग हो ।

* यहाँ संशोधित पाठ दिइएको छ ।

❁ ९ सारणीमा हेर्दा इष्ट चाप २३ अं ३० क को सबभन्दा नजीकै कम भई रहेको २२ अं ३० क को उत्क्रमज्या २६२ तथा अन्तर ९३ स्पष्ट देखिन्छ । श्लोक घोकी सारणी नहेरी काम गर्ने अभ्यास बसाउन प्राचीन आचार्यहरूले इष्ट चापका कला बनाई त्यसलाई २२५ ले भाग लिने रीति लेखेका हुन् । सारणी हेरी काम गर्दा इष्ट चापका कला बनाई त्यसलाई २२५ ले भाग लिने काम नगरे हुन्छ ।

यस कारण एष्य उत्क्रमज्या = सातौं उत्क्रमज्या = ३५५
गत उत्क्रमज्या = छैटौं उत्क्रमज्या = २६२ } ९ सारणीबाट
अन्तर = ९३

२२५ : ९३ : : ६० : उत्क्रमज्याशेष

$\therefore$ उत्क्रमज्याशेष $= \frac{६०\times९३}{२२५} =$ २४·८ = २५ आसन्न

$\therefore$ इष्ट उत्क्रमज्या = गत उत्क्रमज्या + उत्क्रमज्याशेष = २६२ + २५ = २८७

## २४–प्रश्नमाला

तलका चापका उत्क्रमज्या ल्याऊ—

| | | |
|---|---|---|
| (१) २४ अं | (२) ५५ अं | (३) ६६ अं |
| (४) २७ अं ५५ क | (५) ६२ अं १० क | (६) ८ अं ५४ क |
| (७) ७४ अं ४४ क | (८) ४७ अं ४९ क | (९) ७७ अं ३० क |
| (१०) ८२ अं ५२ क | | |

## उत्तर

| | | | |
|---|---|---|---|
| [१] २९९ | [२] १४६७ | [३] २०४० | [४] ४०२ |
| [५] १८३३ | [६] ४३ | [७] २५३३ | [८] ११३० |
| [९] २६९४ | [१०] ३०११ | | |

*४३ प्रक्रम—*

## इष्ट उत्क्रमज्या थाहा पाई इष्ट चाप ल्याउने रीति

इष्ट उत्क्रमज्याबाट ३३ प्रक्रमको रीतअनुसार ९ सारणी उपयोग गरी इष्ट चाप ल्याउनुपर्छ ।

*उदाहरण*—उत्क्रमज्या २७४३ भए चाप कति होला ?

इष्ट उत्क्रमज्या = २७४३

बीसौं उत्क्रमज्या = २५४८

शेष = १९५

एष्य उत्क्रमज्या–गत उत्क्रमज्या = २७६७–२५४८ = २१९

२१९ : २२५ : : १९५ : शेषकला

$\therefore$ शेषकला $= \frac{२२५\times१९५}{२१९} =$ २००·३४२ = २०० आसन्न

गत उत्क्रमज्याको संख्या = २०

∴ इष्ट कला = २०×२२५* + २०० = ४५०० + २०० = ४७००

∴ इष्ट चाप = ४७००′ = ७८° २०′

## २५–प्रश्नमाला

तलका उत्क्रमज्याका चाप ल्याऊ—

(१) ११७ (२) ३६० (३) ५२० (४) २०४० (५) १०००
(६) १४१८ (७) १९८५ (८) ८४० (९) १८०७ (१०) ३२००

## उत्तर

[१] १५ अं [२] २६ अं २६ क [३] ३१ अं ५३ क [४] ६६ अं
[५] ४४ अं ५० क [६] ५४ अं [७] ६५ अं [८] ४० अं ५५ क
[९] ६१ अं ४० क [१०] ८६ अं २ क

*४४ प्रक्रम—*

## पहिलो पदमा रहेको इष्ट चापको कोटयुत्क्रमज्या ल्याउने रीति

"कोटिज्याको मूल बिन्दुबाट पहिलो पदको अन्त्य बिन्दुसम्म रहेको याम्योत्तर व्यासको टुक्रोलाई त्यस चापको 'कोटयुत्क्रमज्या' भन्दछन् ।" तथा "त्रिज्याबाट ज्या घटायो भने कोटयुत्क्रमज्या आउंछ" भनी १५ प्रक्रममा लेखिएको छ ।§

यी दुइ कुरालाई आधार मानी इष्ट चापको कोटयुत्क्रमज्या ल्याउने विषयमा अब हामी विचार गर्छौं ।

६०° को कोटयुत्क्रमज्या = त्रि–६०° को ज्या

= त्रि–३०° को कोटिज्या

त्रि–३०° को कोटिज्या = ३०° को उत्क्रमज्या हुन्छ ।

∴ ६०° को कोटयुत्क्रमज्या = ३०° को उत्क्रमज्या

= (९०°–६०°) को उत्क्रमज्या

---

*इष्ट उत्क्रमज्या २७४३ को सबभन्दा नजीकै कम भई रहेको उत्क्रमज्या २५४८ को चाप ७५ अं तथा अन्तर २१९ सारणीमा स्पष्ट देखिन्छ । यस कारण सारणी हेरी काम गर्दा गतज्याको संख्यालाई २२५ ले गुन्ने काम नगरे हुन्छ ।

§ २८ चित्रमा उ द तथा च *चा* को सम्पातमा छ, उ द तथा *ची चि* को सम्पातमा छा हाल । यहाँ छ उ लाई पू च चापको कोटयुत्क्रमज्या भन्दछन् ।

यस कारण जति चापको कोटचुत्क्रमज्या ल्याउलनुपरेको छ, त्यस चापलाई ९० अंशबाट घटाई कोटि बनाउनू । सो कोटिचापबाट ९ सारणी उपयोग गरी ३२ प्रक्रमको रीतअनुसार उत्क्रमज्या ल्याउनू । सो उत्क्रमज्या इष्ट चापको कोटचुत्क्रमज्या हुन्छ ।

*उदाहरण*—२४ अंशको कोटचुत्क्रमज्या ल्याऊ।

२४° को कोटि = ९०°–२४° = ६६°

४२ प्रक्रमको टिप्पणीअनुसार—

६६° को नजीकै कम भई रहेको चाप = ६३° ४५'

६६° को नजीकै कम भई रहेको चापको उत्क्रमज्या = १९१७

अन्तर = २०५

६६°–६३° ४५' = २°१५' = १३५'

२२५ : २०५ :: १३५ : उत्क्रमज्याशेष

$$\therefore \text{उत्क्रमज्याशेष} = \frac{१३५ \times २०५}{२२५} = १२३$$

∴ ६६° को उत्क्रमज्या = १९१७ + १२३ = २०४०

∴ २४° को कोटचुत्क्रमज्या = ६६° के उत्क्रमज्या = २०४०

## २६–प्रश्नमाला

तलका चापका कोटचुत्क्रमज्या ल्याऊ—

| | | |
|---|---|---|
| (१) ७० अं | (२) ६५ अं ३० क | (३) ५५ अं |
| (४) ३० अं २० के | (५) ५६ अं ४५ क | (६) ११ अं ४० क |
| (७) ७८ अं २० क | (८) ६२ अं ४ क | (९) ४२ अं ११ क |
| (१०) १३ अं ४५ क | | |

## उत्तर

| | | | |
|---|---|---|---|
| [१] २०९ | [२] ३१२ | [३] ६२३ | [४] १७०२ |
| [५] ५६३ | [६] २७४३ | [७] ७२ | [८] ४०३ |
| [९] ११३० | [१०] २६२१ | | |

*४५ प्रक्रम*—

## कोटचुत्क्रमज्या थाहा पाई इष्ट चाप ल्याउने रीति

इष्ट कोटचुत्क्रमज्याबाट ३३ प्रक्रमको रीतअनुसार ९ सारणी उपयोग गरी चाप ल्याउनू, सो कोटिचाप हुन्छ । त्यस कोटिचापलाई ९० अंशबाट घटाउनू, इष्ट चापै आउंछ ।

उदाहरण—कोटयुत्क्रमज्या ६२३ भए चाप कति होला ?

४३ प्रक्रमको टिप्पणीनुअसार—

इष्ट कोटयुत्क्रमज्या = ६२३

इष्ट कोटयुत्क्रमज्याको नजीकै कम भई रहेको उत्क्रमज्या = ५७९ यसको चाप = ३३° ४५'

शेष = ४४

अन्तर = १३१

१३१ : २२५ : : ४४ : शेषकला

$$\therefore \text{ शेष कला} = \frac{२२५ \times ४४}{१३१} = \frac{९९००}{१३१} = ७५{\cdot}५७२ = ७६ \text{ (आसन्न)}$$

कोटिचाप = ३३° ४५' + १° १६' = ३५° १'

यस कारण इष्ट चाप = ९०° − ३५° १' = ५४° ५९'

## २७–प्रश्नमाला

तलका कोटयुत्क्रमज्याका चाप ल्याऊ—

| | | | |
|---|---|---|---|
| (१) ५४ | (२) ३२४ | (३) ८०५ | (४) ११०० |
| (५) १९९९ | (६) १६२० | (७) १७८५ | (८) २८७८ |
| (९) २२२ | (१०) १४०६ | (११) २०४० | (१२) २३७६ |

## उत्तर

| | | | |
|---|---|---|---|
| [१] ७९ अं ५८ क | [२] ६५ अं | [३] ५० अं १ क | [४] ४२ अं ५२ क |
| [५] २४ अं ४५ क | [६] ३१ अं ५७ क | [७] २८ अं ४५ क | [८] ९ अं २२ क |
| [९] ६९ अं २२ क | [१०] ३६ अं १५ क | [११] २४ अं | [१२] १८ अं |

(क्रमशः)

[मेरो साथ रही मेरो बिचारअनुसार यस निबन्धलाई तयार गरिदिएकोमा नानी मङ्गलदास प्रधानाङ्ग धन्यबादका पात्र छन् ।

पुनश्च–दोहऱ्याउने काममा सहायता गरिदिएकाले नानी गौतमबज्र, महेशराज, दिनेशराजलाई यथोचित धन्यवाद छ । ]

§*§

# हाम्रो वक्तव्य

प्रो. तुलसीराम बैद्यजीले "जयार्जुनदेव कि जयार्जुनमल्ल" भन्ने निबन्ध त्रि–चन्द्र कलेजबाट निस्केको "ज:" पत्रिकाको तेस्रो अङ्कका १६४–१६६ पृ. मा नेवारीमा छपाउनुभएको छ। त्यही निबन्ध त्रि–चन्द्र कलेजबाटै निस्केको अर्को पत्रिका "ज्योत्स्ना"को १ वर्ष १ अङ्कका ६९–७१ पृ. मा अंग्रेजीमा छपाउनुभएको छ। सो निबन्धको केही अंशको नेपाली अनुवाद यस प्रकारको छ–

"राजा जयस्थिति मल्लले वि. सं. १४३७ मा निकालिएका जयार्जुनदेवलाई इतिहास–संशोधन–मण्डलका सबै पुस्तकहरूमा मल्ल भनेर लेखिएको छ। तर ती राजा मल्ल परिवारका हुन् भन्ने प्रमाण भने केही दिइएको देखिदैन। जयार्जुनदेव, जयभीमदेवका पनाति हुन्। यस कारण जयभीमदेव मल्ल नभईकन उनका पनाति जयार्जुनदेव कसरी मल्ल हुन्छन् ?

अर्को कुरा भन्नुभन्दा अगाडि गोपालराजवंशावलीको आधारमा उनीहरूको पुस्तेवारी देखाइन्छ–

जयभीमदेव (वि. सं. १३१५–१३२८)

| | |
|---|---|
| जयादित्यदेव | जयानन्ददेव (वि. सं. १३६४–१३७७) |
| जयशक्तिदेव | जयराजदेव (वि. सं. १४०४–१४१८) |
| | जयार्जुनदेव (वि. सं. १४१८–१४३७) |

यी राजाहरूको नाउँको पछाडि देव छ कि मल्ल ? मल्ल राजाहरूको नामको पछाडि मात्र मल्ल शब्द आउँछ। ती राजाहरूको पालामा लेखिएका पुस्तकहरूमा पनि तिनीहरूलाई मल्ल उपाधि दिइएको देखिदैन।

राजा जयस्थिति मल्लको पालामा वि. सं. १४४५ मा लेखिएको गोपालराजवंशावली भन्ने ग्रन्थ आजसम्म वीरपुस्तकालयमा छँदैछ। सो ग्रन्थमा पनि यी राजाहरूको बारेमा ठाउँठाउँमा यस्तो लेखिएको छ–"पुष्पाभिषेक राजा श्रीभीमदेव वर्ष १३ मास ३" "श्री २ जयानन्द राजस पुत्र श्रीजयराजदेवस संग्रहनी भार्यास पलाखचोस जात" "श्रीजयराजदेवस्य पत्नी श्रीरुद्रमदेवीस तस्य पुत्र श्रीजयार्जुनदेव जात" यस वंशावलीमा ऐतिहासिक सत्यता धेरै छन् भनी भन्न सकिन्छ, विशेष गरेर जयार्जुनदेव र जयस्थितिमल्लको बारेमा। यस कारण जयार्जुनदेव "मल्ल" हुन् भने उनलाई यो वंशावलीमा मल्ल किन भनिएन ?

यति मात्र होइन कि त्यस वेला लेखिएका अरू अरू पुस्तकमा पनि तिनीहरूलाई मल्ल भनिएको छैन । ती पुस्तकहरू हुन्–"महालक्ष्मीव्रत (वि. सं. १३१७), अर्घकाण्ड ( वि. सं. १३१८), शनैश्चरस्तोत्र (वि. सं. १३७५), चान्द्रव्याकरण (वि. सं. १४१३), चाणक्यनीति (वि. सं. १४२१), अमरकोष ( वि. सं. १४३७ ) आदि । फेरि लुशियानो पेटेकको "मिडिईभल् नेपाल्" नाउँको किताब र इतिहास–संशोधन–मण्डलको "इतिहास–संशोधनको प्रमाणप्रमेय" र "पूर्णिमा" आदि अरू पुस्तकहरूमा पनि यस्तै नै लेखिएको छ । "रत्नकरण्डिकानामस्मृतिसमुच्चय" भन्ने एउटा किताबमा मात्र जयराजमल्ल भनेर लेखिएको छ । तर अरू जम्मै ऐतिहासिक सामानहरूमा यस्तो लेखिएको देखिँदैन ।

फेरि शिलापत्रहरूमा हेर्दा पनि कहीं पनि मल्ल भनेर लेखिएको छैन । जयानन्ददेवका शिलापत्र "अभिलेख–संग्रह" दोस्रो भाग १५–१६ पृ. मा "इतिहास–संशोधनको प्रमाणप्रमेय" २३४ पृ. मा छापिएका छन् । ती शिलापत्रहरूमा पनि तिनलाई मल्ल भनिएको छैन । यसै गरी जयार्जुनदेवलाई पनि स्वयम्भूको शिलापत्रमा खालि जयार्जुनदेव मात्र लेखिएको छ ।

यस कारण संशोधन–मण्डलका सदस्यहरूले यो राजकुललाई आफ्ना सबैजसा किताबमा मल्ल उपाधि कसरी दिनुभयो, बुझ्न सकिँदैन । उहाँहरूका किताब "इतिहास–संशोधनको प्रमाणप्रमेय" ३२–३३, ९५, ११२, २३३ पृ. इत्यादिमा, "पूर्णिमा" २ पूर्णाङ्कको १ पृ. मा, ७ पूर्णाङ्कको २४, २६, २७ पृ. मा र अन्त अन्त पनि यसै गरी मल्ल भनी लेखिएको छ । संशोधन गर्नाको लागि बनेको संस्थाले नै यस्तो लेख्छ भने अरूहरूले कस्तो लेख्लान् ? अझ उहाँहरूले दिनुभएका प्रमाणमा (पुस्तक र शिलापत्रहरूमा) त मल्ल भनेर देखाइएको छैन । यो कुरा संशोधन–मण्डलका सदस्यहरूले जानी बुझी नलेखेको हो वा भूल भएको हो, केही भन्न सकिएन । अहिले त यति मात्र भन्न सकिन्छ कि उहाँहरूले त्यस राजपरिवारलाई जबरदस्ती "मल्ल" बनाउनुभयो । होइन भने "मल्ल" हुन् भन्ने प्रमाण दिनुहुनेछ भन्ने आशा छ ।"

अर्जुनदेवहरू मल्ल होइनन् । किनभने उनीहरूलाई सबै ठाउँमा "देव" मात्र लेखिएको छ, मल्ल कहीं लेखिएको छैन, एक ठाउँमा मात्र अर्जुनदेवका पितालाई राजदेवमल्ल भनी लेखिएको छ। यो एउटा प्रमाणको भरमा संशोधन–मण्डलले बुझेर हो वा नबुझेर हो, नेपालको एक राजवंशलाई "मल्ल" भनी बिगारिदिया, झूटो कुरो प्रचार गर्‍यो भन्ने प्रोफेसर साहेबको भनाइको सार छ ।

अब तुलसीराम वैद्यजीले हामीलाई लाउनुभएको आरोपका जवाफ दिन्छौं ।

हाम्रो देशमा वर्तमान कालको मोहरमा "श्रीश्रीश्रीमहेन्द्रवीरविक्रमशाहदेव" भनी लेखिएको हुन्छ । अघिअघिका मोहरमा पनि राजाको नाउँपछाडि "देव" लेखिएको देखिन्छ । यस कारण सामान्य अपढ मनुष्य पनि "देव" भनेको "राजा" भनेको हो भन्ने बुझ्न सक्छन् । मानदेव ↗, भीमार्जुनदेव §, पुण्यमल्लदेव ★, प्रतापमल्लदेव ●, रुद्रशाहदेव ▱ इत्यादि देखिनाले इतिहास

↗ "पूर्णिमा" १ पूर्णाङ्क २ पृ. । § "पूर्णिमा" ३ पूर्णाङ्क १५ पृ. । ★ "पूर्णिमा" ६ पूर्णाङ्क २६ पृ. । ● "पूर्णिमा" ४ पूर्णाङ्क ३५ पृ. । ▱ "पूर्णिमा" २ पूर्णाङ्क ५४ पृ. ।

पढ्ने मनुष्यलाई त यो कुरा राम्रैसंग थाहा हुनुपर्ने हो । यस कारण "देव" कसैको थर हुन सक्दैन भन्ने कुरा स्पष्ट छ ।

अर्जुनहरूको पछिल्तिर "देव" देखिनाले तथा उनीहरूले राज्य गरेको प्रमाण पनि पाइएको हुनाले उनीहरूको पछिल्तिर लागेको "देव" शब्दले थरलाई बुझाउन सक्दैन भन्ने स्पष्ट छ ।

उनीहरूको थर नपाइएको हुनाले उनीहरूको थर के हो भन्ने प्रश्न उठ्छ । बि. सं. १४१७ मा लेखिएको "रत्नकरण्डिकानामस्मृतिसमुच्चय" भन्ने पुस्तकमा "राजाधिराजपरमेश्वर:परमभट्टारिक-श्रीश्रीजयराजमलदेवस्य विजयराज्यम् ÷" भन्ने लेख देखिएको हुनाले संशोधन–मण्डलले राजदेवको थर मल्ल रहेछ भन्ने निश्चय गर्‍यो र उनका छोरा अर्जुनलाई पनि अर्जुनमल्ल भन्यो त के बिरायो ?

एक ठाउँमा लेखेको देख्तैमा मल्ल भन्न पाइँदैन भन्ने प्रोफेसर साहेबको तर्कमा अब हामी विचार गर्छौं ।

राजगुरु हेमराज, नेपालका भरखरै भएका प्रसिद्ध विद्वान् हुन् । उनले आफूले बनाएको ग्रन्थमा–
"श्रीगुरुराज हेमराज पण्डितज्यू"

("चन्द्रिका" व्याकरणको मुखपृष्ठ)

–भनी आफ्नो परिचय दिएका छन् ।

उनले सम्पादन गरेको "काश्यपसंहिता" मा—
"नेपालराजगुरुणा पं० हेमराजशर्मणा"

—भनी लेखिएको छ ।

हेमराजजीका धेरै कालका सहचर सोमनाथ शर्मा (हाल पण्डितराज) को मध्यचन्द्रिकामा–
"श्रीयुत मान्यवर गुरुराज हेमराज पण्डितज्यू"

–भनी लेखिएको छ ।

सरकारिया लेखापढीमा पनि उस्तै उल्लेख पाइन्छ ।

वि. सं. १९८९ मा शिक्षाविभागको उत्सवमा दिइएको श्री ३ जुद्धको भाषणमा–
" 'विद्वान् सर्वत्र पूज्यते' यस्को यौटा दृष्टान्त हाम्रा गुरुराज हेमराज पण्डितज्यू हुनुहुन्छ ।"

वि. सं. १९९२ को मुलुकी ऐनमा–
"राजी श्रीप्रदीप्त मान्यवर प्रसिद्धप्रबल गोरखादक्षिणबाहु, विद्वच्छिरोमणि, नायब बडा-गुरुज्यू गुरुराज हेमराज पण्डितज्यू, सी. आई. ई.

(पहिलो भाग ६ पृ.)

÷"इतिहास–संशोधनको प्रमाणप्रमेय" ३४ पृ.

विदेशी विद्वान्हरूले पनि यस्तै लेखेका छन्—

सिलभेन लेभीले "विंशिका त्रिंशिका" को सम्पादन गरी—

"यो हेमराजशर्मनामधेयं लेभे तस्मै राजगुरुपदालंकृताय विद्वद्वराय मित्रश्रेष्ठाय" भनी समर्पण गरेका छन् ।

राहुल सांकृत्यायनको "मेरी तिब्बतयात्रा" मा

"नैपाल के महाविद्वान् राजगुरु श्रीहेमराज शर्मा"

(१५० पृ.)

—यस्तो लेखिएको छ ।

काशीप्रसाद जायसवालले "हिस्टरि यॉन्ड् क्रनलजि अफ् नेपाल्" मा यस्तो लेखेका छन्—

"राजगुरु श्री ६ पण्डित हेमराज शर्मा सी. आई. ई.

(३३ पृ.)

यस कारण हेमराजजीको थर के हो भन्ने प्रश्न उठ्न सक्छ । किनभने शर्मा त ब्राह्मणलाई बुझाउने शब्द हो, पण्डित पनि जान्नेलाई बुझाउने शब्द हो ।

हेमराजको मात्र होइन, उनका पुर्खाहरूको परिचयमा पनि थर लेखेको देखिंदैन ।

हेमराजका ८ पुस्तामाथिका गौरीश्वरले आफूले बनाएको भुवनेश्वरीस्तवमा आफूलाई महापण्डित लेखेका छन्—

"इति श्रीगौरीश्वरमहापण्डितविरचितो भुवनेश्वरीस्तवः समाप्तः"

("प्रशस्तिरत्नावलि" को उपोद्घात २५ पृ.)

गौरीश्वरका पनाति नागेश्वरलाई लक्ष्मीपति पाँडेले—

"नागेश्वर पण्डित"

—लेखेका छन् ।

("पूर्णिमा" ४ पूर्णाङ्क ५२ पृ.)

हेमराजका प्रपितामह विजयराजले र पितामह नगेन्द्रराजले आफूलाई पण्डितज्यू लेखेको देखिन्छ—

राजी श्रीगुरुराज पण्डित श्रीधर्माधिकार विजयराज पण्डितज्यू

राजी श्रीगुरुराज पण्डित श्रीनगेन्द्रराज पण्डितज्यू

("श्री ५ सुरेन्द्रविक्रम शाहदेवका शासनकालमा बनेको मुलुकी ऐन" को ३ पृ.)

वि. सं. १९४१ को पात्रोमा हेमराजका पिता लोकराजलाई श्रीगुरुराज पण्डित लोकराजशर्मा लेखिएको छ ।

("इतिहास-संशोधनको प्रमाणप्रमेय" को उपोद्घतको ११ पृ.)

काशीनाथ आ. दी. को आत्मकथामा उनलाई "श्रीनाति गुरुज्यू लोकराज पं. ज्यू" लेखिएको छ ।

("नेपाली" २ पूर्णाङ्क ७ पृ.)

यसरी हेमराजको वा उनका पुर्खाको परिचयमा थर लेखिएको भेटिन्न ।

यसै वेला चित्तरञ्जन नेपालीजीको–

"यो स्पीच लामो हुनाले चंद्रसंसेर तर्फबाट नायव बडा गुरुज्यू हेमराज पान्डेले पढेका थिए।"

("नेपाली" २० पूर्णाङ्क २२ पृ.)

यो वाक्य देखिनाले हेमराजको थर पाँडे रहेछ भन्ने थाहा पाइन्छ ।

कुनै इतिहासकारले "राजगुरु हेमराज पाँडे प्रसिद्ध विद्वान् भए" भनी लेख्यो भने "उनले आफूले आफैंलाई पाँडे भनी नलेखेको देखिनाले, स्वदेशी तथा विदेशी ठूलाठूला विद्वान्हरूले पनि उनलाई पाँडे भनी नलेखेको हुनाले, सरकारिया कागतपत्रमा पनि उनको पाँडे भन्ने थर नलेखिएको हुनाले तथा उनका पुर्खाहरूलाई पनि पाँडे भनी लेखिएका नदेखिएकोले एउटा मात्र लेखको भर परी हेमराजलाई पाँडे भन्नु ठीक होइन" भनी कुनै मानिसले आफ्नो बुझ्कयाइँ देखाएमा सो बुझ्कयाइँ कतिसम्म वास्तव हुन सक्छ भन्ने कुरो विचारणीय छ ।

यस कारण अर्जुनहरूको थर मल्ल थिएन भन्ने प्रमाण नपाइएसम्म एक ठाउँमा मात्र देखिनाले उनीहरूको थर मल्ल हुन सक्तैन भन्ने तर्क निःसार छ▱।

मानदेवलाई पनि एउटा तात्कालिक लेखमा मात्र लिच्छवि§ भनेको पाइएको हुनाले उनी लिच्छवि हुन सक्दैनन् भन्ने तर्क तुलसीराम वैद्यजी जस्ता इतिहासज्ञले उठाउन सक्नुहुन्छ ।

वास्तव कुरो के हो भने संशोधन–मण्डलका केही कार्यकर्ताहरू आफ्ना सबै काम छोडेर इतिहास–संशोधन गर्ने र तदनुकूल शिक्षा चलाउने काममा लागेका छन् । यसरी केही मानिस तनमनधनले एउटै काममा लागेका हुनाले संशोधन–मण्डलले अलिकता काम गर्न सकेको छ । सो कामको स्वदेश तथा विदेशमा ख्याति फैलिंदै जान लागेको छ । यो देखेर विशेष परिश्रम नगरी झटपट विद्वान् कहलाई धनमान कमाउन खोज्ने मनुष्यलाई संशोधन–मण्डलका लेख लोभ लाग्दा भएका छन् ।

लोभबाट डाहा पैदा हुन्छ ।

यसै कारण संशोधन–मण्डलको परिश्रमबाट आफूले फाइदा लिन सकिन्छ भने लिऊँ, नसकेदेखि झूटो आरोप लाएर पनि संशोधन–मण्डललाई गिराइदिऊँ भनी केही मानिस लागेका छन् । यसै कारण कतैतिर संशोधन–मण्डलले आफ्नो संपत्ति चोराउनु परेको छ ता कतैतिर मिथ्या अपवाद सहनुपरिरहेको छ ।

*†*

---

▱खोज्दै जाँदा नयाँ नयाँ कुरा पत्ता लाग्दै जान्छन् । पुराना कुरा संशोधन गर्दै जानुपर्ने हुन्छ । अर्जुनको वंश मल्ल होइन, फलानो हो भन्ने प्रमाण पाइएमा जुन वंश हो, सोही वंश संशोधन–मण्डलले सकार्नेछ ।

§ पूर्णिमा १ पूर्णाङ्कको २ पृ.

का. से. अ. द. नं. १५५/२४९

कार्यालय–

## संशोधन-मण्डल

१०।४५२ महाबौद्ध, काठमाडौं, नेपाल

वि. सं. २०२३ माघ–संक्रान्ति

वार्षिक मूल्य–मो रु. ६।

( डाकखर्च अलग )

यस अङ्कको मूल्य मो. रु. २।५०

मुद्रक—

जोरगणेश प्रेस प्रा० लि०

बालाजु औद्योगिक क्षेत्र, काठमाडौं